सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

४ साउन २०८२, आइतबार (20 July 2025, Sunday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक ९८ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

राप्रपामा चुलियो अन्तरकलह



अध्यक्ष राजेन्द्र लिङ्देनले आफ्नो खेमामा नरहेका नेतामाथि 'प्रतिशोध' साध्दै पदमुक्त गर्न थालेपछि राप्रपामा बढ्दै छ विवाद, महामन्त्री डा. धवलशमशेर राणाले अगुवाइ गरेको असन्तुष्ट समूह प्रतिवादमा

(विस्तृत पृष्ठ ३)

आफ्नै समर्थकको निसानामा पर्दै



विश्व

● डेभिड स्मिथ

ट्रम्पले एपस्टिनसम्बन्धी कागजात सार्वजनिक गर्ने वाचामा विश्वासघात गरेको समर्थकको आरोप छ

(पृष्ठ ५)

संघीय सरकारको सञ्चित कोष अझै दुई खर्ब पाँच अर्बले घाटामा



सरकारी वित्तीय सन्तुलनमा आंशिक सुधार, गत आवको तुलनामा सञ्चित कोष नोक्सानी २० अर्बले घट्यो

(विस्तृत पृष्ठ ६)

कर्नर किक

● रवि मिश्र



NIMB नेपाल उन्मेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

■ पोखराको १३५ रोपनी जग्गा घुस प्रकरण

बलरामलाई 'उपर'कै बल

घुस लिएको दाबीसहित एमालेका दुई मन्त्रीको अडियो सार्वजनिक हुँदा गुप्ताले राजीनामा दिए, भूमिमन्त्री अधिकारीलाई नेतृत्वकै संरक्षण

■ कास्की एमालेको भेलाले मन्त्री अधिकारीको राजीनामा माग्यो



● एमाले कास्कीको जिल्ला भेलामा अध्यक्ष बैनबहादुर अधिकारी क्षेत्रीले भने-

भूमिमन्त्रीले तत्काल राजीनामा दिनुपर्छ

भष्टाचारमा संलग्न भएको आरोपमा केही दिनअघि एउटा मन्त्री (संघीय मामिलामन्त्री गुप्ता)ले राजीनामा दिनुभयो। फेरि अर्को मन्त्री (भूमिमन्त्री अधिकारी)को पनि नाम जोडिएको अडियो सार्वजनिक भएको छ। यहाँले पनि राजीनामा दिनुपर्छ र पार्टीले छानबिन गरी दोषी ठहरिए कारबाही गर्नुपर्छ। पार्टीका जो नेता हुनु, उनीहरूले गरेको गल्तीको भारी पार्टीले बोक्नुहुँदैन। छानबिन गरेर जसले जस्तो गल्ती गरेको छ सोहीअनुसार पार्टीले कारबाही गर्नुपर्छ। (**उनको प्रस्ताव ताली पड्काएर भेलाले अनुमोदन गऱ्यो**)

पोखरामा **रोहितराज पराजुली**

कास्की लिचीघारीको १३५ रोपनी जग्गा प्रकरणमा भूमि व्यवस्थामन्त्री बलराम अधिकारीले पनि ३२ लाख घुस लिएको अडियो सार्वजनिक भइसकेको छ। यस विषयमा उनको चौतर्फी आलोचना हुँदा पनि नेतृत्वले भने संरक्षण गरिरहेको छ। स्थानीय पार्टी कमिटीहरूबाट उनको राजीनामाको माग आउँदै छ, तर प्रधानमन्त्री तथा एमाले अध्यक्ष केपी ओली मौन छन्। कास्की एमालेको जिल्ला भेलाले मन्त्री अधिकारीको राजीनामा मागेको छ, तर केन्द्रमा दुई-दुई दिन बसेको सचिवालय र पोलिटब्युरो

» पृष्ठ २ मा क्रमशः



बलराम अधिकारी, भूमि व्यवस्थामन्त्री

■ केन्द्रमा सचिवालय/पोलिटब्युरो बस्यो, यति गम्भीर विषयमा केही बोलेन



● एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतम भन्छन्-

कास्कीमा कुरा उठेछ, पोलिटब्युरोमा प्रसंग नै उठेन



राजेन्द्र गौतम

आफ्ना दुई मन्त्री राजकुमार गुप्ता (राजीनामा दिएका) र बलराम अधिकारीका घुस डिल प्रकरण चरम चर्चामा रहेकै बेला काठमाडौंमा दुई-दुई दिन बसेको एमाले केन्द्रीय सचिवालय र पोलिटब्युरो बैठकले भने यति गम्भीर विषयमा छलफल नै गरेन। एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले त्यस विषयमा कुनै कुरा नउठेको बताए। 'उक्त विषय कास्कीमा पार्टीले उठाएको छ। पोलिटब्युरोमा यसबारे कुनै प्रसंग नै उठेन,' उनले भने, 'अब सोमबार केन्द्रीय कमिटी बैठक बस्छ, त्यहाँ यस विषयमा धारणा आउन पनि सक्छ।'

■ मन्त्री अधिकारीलाई निलम्बनको माग गर्दै आफ्नै कार्यालयमा परेको उजुरीमा प्रधानमन्त्री ओलीको बेवास्ता

कास्की लिचीघारीको जग्गा मामिलामा ७८ लाख घुस डिलको अडियो बाहिरिएपछि सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताले राजीनामा दिए। उनीमाथि अख्तियारले थप छानबिन गरिरहेको छ। तर, यही प्रकरणमा भूमि व्यवस्थामन्त्री बलराम अधिकारीले ३२ लाख घुस लिएको दाबी गरिएको अर्को अडियो सार्वजनिक हुँदा निलम्बनका लागि आफ्नै कार्यालयमा उजुरी पर्दा पनि प्रधानमन्त्री केपी ओलीले बेवास्ता गरेका छन्।

विद्याको पार्टी सदस्यता नवीकरण 'थाती', वार्ताबाट टुंग्याउने ओली रणनीति



विद्याको सक्रियता र सदस्यता नवीकरणको पक्षमा पार्टीभित्र मत बलियो देखिँदै गएपछि एक कदम पछि हटेका ओली 'वार्ता'मा बस्ने

म कडा रूपमै प्रस्तुत हुने सोचमै थिएँ। तर, यहाँ सबैखाले विचार खुलेर प्रस्तुत भएको छ। उहाँ राजनीतिमा आउनुहुन्छ कि हुन्न, त्यसले पार्टी र आन्दोलनमा के प्रभाव पार्छ, आउने नै हुँदा के कसरी जिम्मेवारी दिने ? यी तमाम विषयमा उहाँसँग छिट्टै छलफल हुन्छ। र, पार्टीले संस्थागत/औपचारिक निर्णय गर्छ। (शनिबार पोलिटब्युरोमा ओली)

शुरोजंग पाण्डे/नयाँ पत्रिका

एमाले अध्यक्ष केपी ओलीले पूर्वराष्ट्रपति विद्या भण्डारीको पार्टी सदस्यता नवीकरण 'थाती' राख्दै औपचारिक निर्णयअघि उनीसँग निर्णायक छलफल गर्ने भएका छन्। पार्टीभित्र भण्डारीको सक्रियता र सदस्यता नवीकरणको पक्षमा मत बलियो देखिँदै गएपछि ओली एक कदम पछि हटेर 'वार्ता'मा बस्ने निष्कर्षमा पुगेका हुन्। जबकि पार्टीमा पूर्वराष्ट्रपति भण्डारीको आगमन रोक्न ओली शुक्रबारसम्म शृंखलाबद्ध र आक्रामक रूपमा प्रस्तुत भएका थिए।

शनिबार पोलिटब्युरो बैठक समापन गर्दै ओलीले पूर्वराष्ट्रपति भण्डारीको

» पृष्ठ २ मा क्रमशः

काठमाडौं महानगरको छात्रवृत्ति परीक्षामा १४ हजार विद्यार्थी सहभागी

आज नतिजा प्रकाशन हुने



काठमाडौं/ काठमाडौं महानगरअन्तर्गतको कक्षा ११-१२ को छात्रवृत्ति कोटाका लागि शनिबार भएको प्रवेश परीक्षामा १४ हजार १७३ विद्यार्थी सहभागी भएका छन्। महानगरको शिक्षा विभागका अनुसार देशभरका ७७ जिल्लाबाट प्राप्त १७ हजार २२९ आवेदनमध्ये १६ हजार १३७ विद्यार्थी छनोट भएका थिए।

महानगरले १६० संस्थागत विद्यालयमा करिब चार हजारभन्दा बढी सिटमा छात्रवृत्ति उपलब्ध गराउँछ। ४०% सामुदायिक विद्यालयका, ५% संस्थागत विद्यालयमा छात्रवृत्तिमा पढेका, १४% काठमाडौं महानगरका स्थायी बासिन्दा र १% ल्यान्डफिल प्रभावित क्षेत्रका विद्यार्थीलाई कोटा छुट्याइएको छ। यसका अतिरिक्त, महिला, दलित, आदिवासी-जनजाति, मधेसी, थारू, मुस्लिम, अपांगता भएका व्यक्ति, पछौटे क्षेत्रका बासिन्दा र सहिद-बेपत्ता परिवारका लागि आरक्षण कोटा पनि छुट्याइएको छ।

■ आलमलाई उच्चबाट सफाइ प्रकरण

मनोगत र त्रुटिपूर्ण भन्दै सर्वोच्च पुग्यो महान्यायाधिवक्ताको कार्यालय

● जिउँदै मान्छेहरूलाई इँटाभट्टामा हालेर हत्या गरेको अभियोगमा जिल्ला अदालत रौतहटले आलमसहित चारै मुख्य आरोपीलाई जन्मकैदको फैसला गरेको थियो

● गत १४ जेठमा उच्च अदालतका न्यायाधीशद्वय खुसीप्रसाद थारू र अर्जुन महर्जनको इजलासले जिल्लाको फैसला उल्ट्याउँदै बम विस्फोट नै नभएको भनेर सबैलाई सफाइ दिएको थियो

● आलमलाई उच्चले दिएको सफाइ मनोगत र त्रुटिपूर्ण भएको भन्दै महान्यायाधिवक्ताको कार्यालयले शुक्रबार सर्वोच्चमा पुनरावेदन गरेको छ



खुसीप्रसाद थारू

अर्जुन महर्जन

शिल्पा कर्ण/नयाँ पत्रिका

जिउँदै मान्छेहरूलाई इँटाभट्टामा हालेर हत्या गरेको अभियोगमा उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगन्जले पूर्वमन्त्रीसमेत रहेका काग्रेस नेता अफताब आलमलाई दिएको सफाइ मनोगत र त्रुटिपूर्ण भएको भन्दै महान्यायाधिवक्ताको कार्यालयले सर्वोच्चमा पुनरावेदन गरेको छ। कार्यालयले शुक्रबार सर्वोच्चमा निवेदन पेस गरेको हो।

संविधानसभा निर्वाचनको अघिल्लो दिन २७ चैत ०६४ मा आलमको निर्देशनमा उनका काका शेख

» पृष्ठ २ मा क्रमशः



महान्यायाधिवक्ता कार्यालयले सर्वोच्चमा पेस गरेको पुनरावेदनमा भनिएको छ–

... बम विस्फोटको घटना नै नभएको भन्ने उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगन्जको फैसला सर्वोच्च अदालतको पूर्वआदेश तथा प्रमाणमा आधारित नभई मनोगत तर्कलाई अघि सारी भएको देखिँदा सो फैसला त्रुटिपूर्ण भई बदरभागी छ।

उक्त मुद्दाको गम्भीर रूपले अनुसन्धान गरी कारबाही गर्नू भनी आदेश भएको हुँदा घटित वारदातका सम्बन्धमा सर्वोच्च अदालतबाट भएको आदेशलाई समेत उपेक्षा गरेको स्पष्ट देखिएको हुँदा प्रस्तुत फैसला त्रुटिपूर्ण छ।

काठमाडौं अदालतमा ५२ हजार मुद्दा

एक वर्षमै २६ हजार ७४४ फर्स्योट हुँदा पनि चाप उस्तै

नयाँ पत्रिका

काठमाडौं जिल्ला अदालतमा मुद्दाको चाङ लागेको छ। मुद्दा संख्या ५२ हजार पुगेको छ। जबकि, पाँच वर्षअघि ०७७/७८ मा २१ हजार ८३२ मात्र मुद्दा थिए। ०८१/८२ को २७ असारसम्म २६ हजार ७४४ मुद्दा फर्स्योट हुँदा पनि ५२ हजार मुद्दा विचाराधीन छन्।

जिल्ला अदालतका न्यायाधीश कमलप्रसाद पोखरेलले ७७ वटै जिल्लाका मुद्दा पनि काठमाडौंमा पर्ने भएकाले संख्या ठुलो रहेको उनले बताए। 'काठमाडौं जिल्ला अदालतको तुलना अन्य जिल्ला अदालतसँग हुन सक्दैन। यहाँको तुलना यहींकै विगतको तथ्यांकसँग गर्नुपर्छ। किनकि यहाँ ७७ वटै जिल्लाका मुद्दा पर्छन्,' उनले भने। मुद्दा दर्ता गरी पक्ष बाहिर जाने, वतनकै कारण पटक-पटक म्याद बदर गर्नुपर्ने स्थिति आउने, सुरु अदालत

» पृष्ठ २ मा क्रमशः

■ ०७७/७८ मा २१ हजार ८३२ मात्र मुद्दा थिए



● **कमलप्रसाद पोखरेल**, न्यायाधीश, काठमाडौं जिल्ला अदालत

काठमाडौं जिल्ला अदालतको तुलना अन्य जिल्ला अदालतसँग हुन सक्दैन। ७७ वटै जिल्लाका मुद्दा पनि काठमाडौंमा पर्ने भएकाले संख्या ठुलो रहेको हो।

दरबन्दीअनुसार छैनन् न्यायाधीश

काठमाडौं जिल्ला अदालतमा ४३ न्यायाधीशको दरबन्दी भए पनि ३९ मात्र पदपूर्ति छ। यसमा पनि दुईजना अन्य अदालतमा काजमा गएका छन्। ३२७ स्थायी कर्मचारीको दरबन्दी भए पनि हाल न्यायाधीशका सुविधाबाहेकका गरी कुल ३८९ कर्मचारी कार्यरत छन्। अदालतमा भिडभाड हुने गरेको छ भने इजलाससमेत नअट्ने भएको छ। दुईतले भूमिगत पार्किङसमेत गरी आठ तलाको यो भवन ३४ करोड १३ लाख रुपैयाँभन्दा बढी लागतमा निर्माण गरिएको थियो। युनाइटेड बिल्डर्स लामा श्यामसुन्दर कैलाश जेभीले भवन निर्माण तथा प्रयोगपछि अदालतलाई हस्तान्तरण गरेको थियो। सात रोपनी तीन आनाभन्दा बढी जग्गामा यसको मूल भवन छ। तर, अहिले पानी पर्दा उक्त भवनको छतको टूस जीर्ण भएकाले चुहिने गरेको छ। अदालतका अनुसार हाल मुख्य भवनमा इजलास नम्बर १ देखि २६ सम्म छन्। विशेष अदालतसँगै रहेको पारिपट्टिको वनपरिसरको भवनमा २७ देखि ३१ नम्बर इजलास सञ्चालनमा छन् भने अदालतसँगै रहेको भूमिगत सिँचाइको परिसरमा इजलास नम्बर ३२ देखि ३८ छन्।

■ सोमबारसम्म भारीदेखि निकै भारी वर्षा हुने

तर, धाँजा फाटेको मधेशमा मध्यम मात्रै वर्षाको प्रक्षेपण

● **प्रतिभा मानन्धर**, वरिष्ठ मौसमविद्



अन्य प्रदेशमा भारीदेखि अति भारी वर्षा हुने देखिए पनि मधेशमा भने ठुलो वर्षाको सम्भावना छैन, हल्कादेखि मध्यम वर्षा हुने देखिन्छ।


नयाँ पत्रिका

झमझम पानी दर्किनुपर्ने असारमै परेको खडेरीले मधेशमा बल्लतल्ल धान रोपेका खेत पनि धाँजा फाटेका छन्। देशका अधिकांश क्षेत्रमा वर्षा नहुँदा रोपाइँ प्रभावित भएको छ। शनिबार रातिदेखि भने तीन दिनसम्म देशका अधिकांश भागमा भारीदेखि निकै भारी वर्षा हुने प्रक्षेपण गरिएको छ। तर, धाँजा फाटेको मधेशमा सामान्य मात्रै वर्षा हुने अनुमान छ।

जलवाष्पयुक्त हावा बोकेको मनसुनी वायु

» पृष्ठ २ मा क्रमशः

असार सकिँदा मधेशमा ३४% मात्र रोपाइँ



वर्षा नहुँदा रोपाइँ सबैभन्दा धेरै मधेश प्रदेशमा प्रभावित भएको छ। २९ असारसम्मको तथ्यांकअनुसार मधेशमा रोपाइँ हुने भूभागको जम्मा ३३.७८ प्रतिशतमा मात्रै रोपाइँ भएको छ। रोपेकै ठाउँमा पनि धाँजा फाटेर बिजोग छ। त्यस्तै, मधेश क्षेत्रलाई पनि समेट्ने कोशी प्रदेशमा ४१.३२ प्रतिशत मात्रै रोपाइँ भएको छ। गण्डकीमा ६६.९९ प्रतिशत, लुम्बिनीमा ७३.६८ प्रतिशत, बागमतीमा ७६.३१ प्रतिशत, कर्णालीमा ८३.२३ प्रतिशत र सुदूरपश्चिममा ९३.१ प्रतिशत धान रोपाइँ भएको कृषि विभागको तथ्यांक छ।

९ वर्षपछि नेपाल-भारत गृहसचिवस्तरीय बैठक बस्दै

काठमाडौं/ नेपाल-भारत गृहसचिवस्तरीय संयन्त्रको बैठक बस्ने भएको छ। आगामी ६ र ७ साउन (जुलाई २२ र २३)मा भारतको राजधानी नयाँदिल्लीमा बैठक बस्न लागेको हो। पछिल्लोपटक सन् २०१६ मा बसेयता गृहसचिवस्तरीय बैठक बस्न सकेको थिएन। नेपालको तर्फबाट गृहसचिव गोकर्णमणि दुवाडीको नेतृत्वमा १२ सदस्यीय टोली सोमबार भारत जाँदै छ।

टोलीमा नेपाल प्रहरीका एआइजी दानबहादुर कार्की, सशस्त्र प्रहरी बलका एआइजी गणेश ठाडामगर, राष्ट्रिय अनुसन्धान विभागका एआइजी टेकेन्द्र कार्की, गृह मन्त्रालयका सहसचिव रामचन्द्र तिवारीलगायत सहभागी हुँदै छन्। बैठकमा सीमापार अपराध, लागुऔषध नियन्त्रण, सीमा व्यवस्थापन र सूचना आदान-प्रदानलगायत विषयमा छलफल हुने गृह मन्त्रालयका प्रवक्ता तिवारीले बताए।

संसद् भवनबाट एकैपटक ८२ कर्मचारी हटाइयो, संसद् बैठकसमेत प्रभावित हुने अवस्था

काठमाडौं/ बानेश्वरस्थित संसद् भवनको व्यवस्थापन हेर्दै आएको विशिष्ट संरचना सञ्चालन तथा व्यवस्थापन विकास समितिमा ८२ कर्मचारीलाई एकैपटक हटाइएको छ। करारमा कार्यरत सबै कर्मचारीलाई आर्थिक वर्ष सकिएसँगै हटाइएको हो। समितिमा कार्यरत स्थायीबाहेक सबै कर्मचारीलाई हटाइएको हो। यसरी, एकैपटक कर्मचारी हटाउँदा संसद् बैठकसमेत प्रभावित हुने अवस्था रहेको स्रोत बताउँछ। खासगरी विद्युत्, खानेपानी, एसीलगायत काम गर्ने कर्मचारीसमेत नभएपछि संसद् बैठकसमेत प्रभावित सम्भावना रहेको एक कर्मचारीले बताए। विशिष्ट संरचना सञ्चालन तथा व्यवस्थापन विकास समिति सहरी विकास मन्त्रालयअन्तर्गत पर्दछ। कार्यकर्ता नियुक्तिका लागि पुराना कर्मचारी हटाइएको आरोप लागेको छ। गोदावरी सभा हल पनि सोही समितिका कर्मचारीले हेर्दै आएका छन्।

६ अर्ब १० करोडमा ई-पासपोर्ट छपाइको ठेक्का

६ महिनापछि छपाइ हुने

पर्शुराम काफ्ले/नयाँ पत्रिका

राहदानी विभागले विद्युतीय राहदानी (ई-पासपोर्ट) छपाइका लागि दुईवटा जर्मन कम्पनी छनोट गरेर आशय पत्र दिएको छ।

बोलपत्र प्रक्रियाअनुसार राहदानी विवरण संकलनसम्बन्धी ठेक्का म्युहल बाउर तथा राहदानी छपाइसम्बन्धी ठेक्का भेरिडोसले पाएको राहदानी विभागका महानिर्देशक तीर्थराज अर्यालले बताए। 'अब कुनै प्रकारको कानुनी व्यवधान आएन भने सम्झौतापत्रको जानकारी दिन्छौं र त्यसपछि सम्झौताको चरणमा जान्छौं। त्यसको ६ महिनामा नयाँ राहदानी छपाइ हुने अपेक्षा छ,' अर्यालले भने। आगामी माघदेखि राहदानी छपाइ हुने विभागको अनुमान छ। त्यसपछि पाँच वर्षसम्मका लागि विद्युतीय राहदानीको व्यवस्था सुनिश्चित भएको छ। यसअघि डेढ दशकदेखि फ्रेन्च कम्पनी आइडिमियाले राहदानी छाप्दै आएको थियो। विभागले विद्युतीय राहदानी छपाइका लागि १३ मंसिरमा अन्तर्राष्ट्रिय बोलपत्र आह्वान गरेको थियो। राहदानी दुईवटा प्याकेजमा तयार हुनेछ, जसअनुसार पहिलोमा बुकलेट, क्वालिटी कन्ट्रोल र प्याकिङ सिस्टम तथा दोस्रोमा प्रिइन्रोल्मेन्ट, इन्रोल्मेन्ट, डाटा मेनेजमेन्ट र वितरण हुनेछ। दक्षिण एसियामा ई-पासपोर्ट लागू गर्ने नेपाल पहिलो देश हो।

राहदानी विभागका महानिर्देशक तीर्थराज अर्यालका अनुसार विद्युतीय राहदानीका लागि जर्मन कम्पनीद्वयको संयुक्त कबोल अंक आइडिमियाको

> पारदर्शी र निष्पक्ष रूपमा ठेक्का प्रक्रिया टुंग्याएका छौं। अब कुनै अवरोध नभए ६ महिनामा नयाँ राहदानी छपाइ सुरु हुन्छ। बिचमा राहदानी अपुग भए व्यवस्थापन गर्छौं।
>
> ● **तीर्थराज अर्याल**
> महानिर्देशक, राहदानी विभाग

प्रस्तावभन्दा करिब २४ करोड सस्तो परेको हो। फ्रेन्च कम्पनी आइडिमियाले दुवै प्याकेजका लागि छुटसहित सात अर्ब ८९ करोड रुपैयाँ रकम प्रस्ताव गरेको थियो। तर, जर्मन कम्पनी म्युहल बाउरले पहिलो प्याकेजका लागि एक अर्ब ५५ करोड रकम प्रस्ताव गरेको र अर्को जर्मन कम्पनी भेरिडोसले प्याकेज- २ ठेक्काका लागि ६ अर्ब १० करोड रकम प्रस्ताव गरेपछि छनोट भएका हुन्। विभागका अनुसार जर्मन कम्पनीद्वयले दुवै प्याकेजका लागि गरेको संयुक्त कबोल अंक सात अर्ब ६५ करोड रकम प्रस्ताव गरेका हुन्।

बोलपत्रमाथि प्रश्न उठाउँदै आइडिमियाले सार्वजनिक खरिद पुनरावलोकन समितिमा दिएको निवेदन समितिले टुंग्याउन बाँकी छ। यद्यपि, सर्वोच्चले भने २९ असारमा अन्तरिम आदेश दिन अस्वीकार गरेपछि मूल रूपमा कानुनी अवरोध टुंगिएको विभागका अधिकारीहरू बताउँछन्।

सार्वजनिक खरिद पुनरावलोकन समितिले राहदानी विभागलाई ठेक्काबारे ९ असारमा सोधेको थियो। विभागले समितिलाई तीन दिनभित्र पठाएको जवाफी पत्रमा फ्रेन्च कम्पनीले विगतमा ३४ पृष्ठको प्रतिराहदानी पुस्तिका १० डलर १३ सेन्टमा छपाइ गरेकामा जर्मन कम्पनीले ६४ पृष्ठको राहदानी पुस्तिका आठ डलर ६२ सेन्टमा छपाइ गर्ने प्रस्ताव पेस गरेको उल्लेख छ। यही आधारमा जर्मन कम्पनीहरू छनोटमा परेको विभागका महानिर्देशक तीर्थराज अर्यालले पत्र लेखेका छन्। विभागले प्रतिराहदानी अमेरिकी डलर ३.२७ सस्तोमा भेरिडोससँग खरिद गर्न लागेको दाबी गरेको छ। महानिर्देशक अर्यालले अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनको कागजातसम्बन्धी मार्गदर्शन र मापदण्ड, नेपालको विद्यमान कानुनी प्रबन्धअनुसार राहदानीको बोलपत्रको काम पूरा गरेको बताए।

राहदानी विभागसँग साढे चार लाख राहदानी (पासपोर्ट) स्टक छ। दसैं र तिहारमा राहदानीको माग कम हुने गरेका आधारमा विभागले उपलब्ध राहदानीले ६ महिना धान्न सक्ने आकलन गरेको छ। 'यदि अपुग भयो भने राहदानीको व्यवस्थापन अहिले चलिरहेकै प्रक्रियाबाट गर्छौं, माग र आपूर्तिको विश्लेषण गरेर सानो संख्याको व्यवस्थापन गर्नुपर्ने हुन सक्छ,' विभागका महानिर्देशक अर्यालले भने। विभागले हाल औसत मासिक एक लाख राहदानी वितरण गर्दै आएको छ।

सिराहा कारागारमा सुरक्षा निकायको सर्च अप्रेसन

क्षमताभन्दा तीन गुणाभन्दा बढी कैदीबन्दी



सिराहा/ जिल्ला कारागार सिराहामा सुरक्षा निकायले सर्च अप्रेसन सुरु गरेको छ। कारागारमा अवैध क्रियाकलाप हुने गरेको सूचना पटक-पटक सार्वजनिक भएपछि प्रहरीको संयुक्त टोलीले शनिबार बिहानदेखि सर्च अप्रेसन सुरु गरेको हो। जिल्ला प्रशासन कार्यालय सिराहाको नेतृत्वमा सुरक्षा नेपाल प्रहरी, सशस्त्र प्रहरी सुरक्षा अधिकारीको टोलीले कारागारभित्र प्रवेश गरी कैदीबन्दीको कोठाकोठामा पुगेर सर्च गरिरहेको कारागार प्रमुख सुबोध महतोले बताए। सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बराल, नेपाल प्रहरीका एसपी अनन्तराज शर्मा, सशस्त्र प्रहरीका एसपी नरेश भण्डारी, डिएसपी सियाराम चौधरी, राष्ट्रिय अनुसन्धान कार्यालयका प्रमुख सुरेन्द्र कोइराला र सुरक्षाकर्मीको टोली कारागारभित्र प्रवेश गरि सर्च गरेको कारागार प्रमुख महतोले बताए।

अहिले सिराहा कारागारमा थुनुवा र कैदी गरी ४५८ जना रहेको छ। चर्को गर्मी बढेसँगै कैदीबन्दीले पंखालगायतको सुविधाको माग गरेका छन्। १५ जना महिला र १३५ जना पुरुष गरी १५० जनाको क्षमता भए पनि तीन गुणाभन्दा बढी कैदीबन्दी कारागारमा रहेका छन्। कैदीबन्दीको चाप अत्यधिक रहेकाले चर्को गर्मीमा सुत्न अप्ठ्यारो भएको भन्दै कैदीबन्दीले पंखा, कुललगायत थप जडान गर्न सर्च गर्न पुगेका टोलीसँग माग गरेका छन्।

१५० जना कैदीबन्दीको क्षमता रहने गरी जिल्ला कारागार सिराहा ५४ वर्ष पुरानो रहेको छ। कारागार ०२८ मा निर्माण गरिएको हो। कारागार भवन र सुरक्षा पर्खाल पनि जीर्ण रहेको छ। कैदीबन्दीले पटक-पटक कारागारको क्षमता बढाउन माग गर्दै आएका छन्। क्षमताभन्दा तीन गुणा बढी कैदीबन्दी राख्दा कोच्चिएर र आलोपालो गरी सुत्नुपर्ने बाध्यता छ। केही समय कारागारमा अवैध क्रियाकलाप भएको समाचार बाहिरिएको थियो। घटनाको छानबिन गर्न अनुगमन टोली पनि गठन गरिएको थियो। अनुगमन टोलीले डेढ महिना लगाएर प्रतिवेदन बुझाए पनि अझै सार्वजनिक भएको छैन।

बलरामलाई...

पृष्ठ १ बाट क्रमशः

बैठकले यति गम्भीर विषयमा सामान्य छलफल पनि गरेन।

एमाले कास्कीले ५, ६ र ७ साउनमा मनाउन लागेको पुष्पलाल स्मृति दिवसको तयारीका लागि शनिबार जिल्ला भेला राखेको थियो। उक्त भेलामा जिल्ला अध्यक्ष बैनबहादुर अधिकारी क्षेत्री र केन्द्रीय सदस्यसमेत रहेका जिल्ला इन्चार्ज कृष्ण थापाले लिचीघारी जग्गा मामिलामा जोडिएका भूमि व्यवस्थामन्त्री बलराम अधिकारीले राजीनामा दिनुपर्ने र पार्टीले छानबिन गरी कारबाही गर्नुपर्ने एजेन्डा उठाए। उनीहरूले उक्त एजेन्डा भेलामा राख्नेबित्तिकै हलमा उपस्थित सबै नेता-कार्यकर्ताले ताली बजाएर पारित गरेका थिए। निर्णयलाई माथिल्लो कमिटी (प्रदेश कमिटी)मा पठाउने निष्कर्ष भेलाले निकालेको इन्चार्ज थापाले बताए।

'भ्रष्टाचारमा संलग्न भएको आरोपमा केही दिनअघि एउटा मन्त्री (सामान्य प्रशानमन्त्री राजकुमार गुप्ता)ले राजीनामा दिनुभयो। फेरि अर्को मन्त्री (भूमि व्यवस्थामन्त्री बलराम अधिकारी)को पनि भ्रष्टाचारमा नाम जोडिएको सार्वजनिक भएको छ,' अध्यक्ष क्षेत्रीले भनेका थिए, 'उहाँले पनि राजीनामा दिनुपर्छ र पार्टीले छानबिन गरी दोषी ठहरिए कारबाही गर्नुपर्छ। पार्टीका जो नेता हुन्, उनीहरूले गरेको गल्तीको भारी पार्टीले बोक्नुहुँदैन। छानबिन गरेर जसले जस्तो गल्ती गरेको छ सोहीअनुसार पार्टीले कारबाही गर्नुपर्छ।'

अध्यक्ष क्षेत्रीले सम्बोधन गरेपछि आफूले पनि भ्रष्टाचार र अपराधमा नाम जोडिएका मन्त्री वा जोसुकै ठुला नेता भए पनि कारबाही हुनुपर्ने धारणा राखेको जिल्ला इन्चार्ज थापाले बताए। 'अध्यक्षले एजेन्डा र मैले भनाइ राखेपछि भेलाले भ्रष्टाचार र अपराधमा नाम जोडिएका मन्त्री वा ठुला नेता जो भए पनि कारबाही हुनुपर्ने निष्कर्ष निकाल्यो। अध्यक्ष र मेरो प्रस्तावलाई हलले सर्वसम्मत पारित गरेपछि माथिल्लो कमिटीमा पठाउने निर्णय भएको छ,' थापाले भने, 'साना नेताले गल्ती गर्दा कारबाही भोग्नुपर्ने र ठुला नेताले जे गरे पनि केही नहुने भन्ने हुन्न। जसले जे अपराध र कर्म गरेको छ, त्यसको निष्पक्ष छानबिन गरी कारबाही गर्नुपर्छ भन्ने मेरो मान्यता हो। ए, बी, सी, डी जोसुकै नेता भए पनि निर्मम तरिकाले छानबिन गरी गल्ती गर्नेलाई कारबाही गर्नुपर्छ।'

भेलामा केन्द्रीय सदस्य चूडामणि जंगली, प्रभा कोइराला, सल्लाहकार परिषद् सदस्य सूर्य खड्का बिखची, डिबी नेपालीलगायत उपस्थित थिए। बैठकमा अध्यक्ष थापाले लिचीघारी जग्गा प्रकरणमा बिचौलियाका रूपमा जोडिएका पार्टी गण्डकी प्रदेश सल्लाहकार परिषद् सदस्य सुजन लामाको उक्त सदस्यता नवीकरण रोकेको पनि भेलालाई जानकारी गराएका थिए।

काठमाडौंमा चलेको पोलिटब्युरो बैठकमा भने लिचीघारी जग्गा प्रकरणमा जोडिएका पार्टीका मन्त्रीहरूका सम्बन्धमा कुनै प्रसंग नै नउठेको एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले बताए। 'उक्त विषय कास्कीमा पार्टीले उठाएको छ। पोलिटब्युरोमा यसबारे कुनै प्रसंग नै उठेन,' उनले भने, 'अब सोमबार केन्द्रीय कमिटी बैठक बस्छ, त्यहाँ यस विषयमा धारणा आउन पनि सक्छ।'

■ अधिकारीलाई निलम्बनको माग गर्दै आफ्नै कार्यालयमा परेको उजुरीमा प्रधानमन्त्रीको बेवास्ता

कास्की लिचीघारीको जग्गा मामिलामा ७८ लाख घुस डिलको अडियो बाहिरिएपछि सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताले राजीनामा दिए। उनीमाथि अख्तियारले थप छानविन गरिरहेको छ। तर, यही प्रकरणमा भूमि व्यवस्थामन्त्री बलाराम अधिकारीले ३२ लाख घुस लिएको दाबी गरिएको नयाँ अडियो आउँदा र निलम्बनका लागि आफ्नै कार्यालयमा उजुरी पर्दा पनि प्रधानमन्त्री केपी ओलीले बेवास्ता गरेका छन्। मन्त्री पदमा रहेर घुस खानु भ्रष्टाचारजन्य अपराध भएको भन्दै अधिकारीलाई तत्काल निलम्बन र कारबाहीको माग गर्दै युवराज सफलले १ साउनमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा उजुरी दिएका थिए। मन्त्री अधिकारी, उनका छोरा र सचिवालय टिममाथि पनि अनुसन्धान गर्नुपर्ने मागसहित उजुरी परे पनि प्रधानमन्त्री ओलीले उजुरी थाती राखेको प्रधानमन्त्री कार्यालयका एक अधिकारीले बताए।

अधिकारीलाई गुप्ताले पनि अडियोमा पोलेका थिए। सञ्चारमाध्यमबाट अडियो सार्वजनिक भएपछि त्यसैलाई पनि उजुरी मानेर अख्तियारले छानबिनलाई विस्तारित रूप दिएको छ। यहाँ गुप्ता र अधिकारी दुवै जोडिएको बिचौलिया समूह एउटै हो। निवर्तमान सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताविरुद्ध छानबिन गर्न १० असारमै अख्तियारमा उजुरी दर्ता भएको थियो। तर, उजुरी लिएर सुरुमा अख्तियार पनि चुपचाप थियो। जब घुस डिलको अडियो नै सार्वजनिक भएसँगै चौतर्फी दबाबबिच गुप्ताले ३१ असारमा पदबाट राजीनामा दिए, तब मात्र अख्तियारले अनुसन्धान अधिकृत तोकेर छानबिन थालेको हो।

घुस डिलसम्बन्धी अडियो परीक्षण पनि थालिएको छ। अख्तियारले बुधबार राष्ट्रिय विधिविज्ञान प्रयोगशालामा पठाएको अडियोसँग गुप्ताको वास्तविक स्वर भिडाएर फरेन्सिक परीक्षण भइरहेको अख्तियार स्रोतले बतायो। अब अडियो परीक्षणको रिपोर्ट प्रतिवेदन आएपछि मात्रै छानबिनले आकार पाउँछ। 'अहिले अडियोको फरेन्सिक परीक्षण रिपोर्ट पर्खिरहेको अवस्था छ,' अख्तियार स्रोत भन्छ, 'यो रिपोर्टको नतिजाले आगामी छानबिनलाई निर्देशन गर्नेछ।' अख्तियार प्रवक्ता राजेन्द्रकुमार पौडेल भने छानबिनमा रहेको विषय अनुसन्धान अधिकृतबाहेक अरूलाई जानकारी नहुने बताउँछन्।

मनोगत...

पृष्ठ १ बाट क्रमशः

इद्रिसको गोठमा बम बनाउने क्रममा विस्फोट हुँदा केहीको मृत्यु भएको थियो भने कैयौं घाइते भएका थिए। घाइतेसमेतलाई बोरामा प्याक गरेर नजिकै इँटाभट्टामा जलाएको आरोप मृतक पिन्टु भनिने त्रिलोकप्रताप सिंहका बुबा श्रीनारायण सिंहलगायतको थियो। घटनाको निकै पछि मात्रै सरकार वादी भएर मुद्दा दायर गरेकोमा जिल्ला अदालत रौतहटले आलमसहित चारै मुख्य आरोपीलाई जन्मकैदको फैसला गरेको थियो। तर, गत १४ जेठमा उच्च अदालतका न्यायाधीशद्वय खुसीप्रसाद थारू र अर्जुन महर्जनको इजलासले जिल्लाको फैसला उल्ट्याउँदै बम विस्फोट नै नभएको भनेर सबैलाई सफाइ दिएको थियो।

उच्चको फैसलापछि विक्षिप्त बनेका पिन्टुका बुबा श्रीनारायणले न्यायको याचना गर्दै न्यायपरिषद्को ढोका ढकढक्याएका थिए। न्यायपरिषद्ले दुवै न्यायाधीशलाई कारबाही स्वरूप परिषद्मा तानेर छानबिन गरिरहेको छ। यहीबिचमा विस्फोटका घाइते भारतको बिहार सीतामढीका ४३ वर्षीय गौरीशंकर राम चमार काठमाडौं आएर पत्रकार सम्मेलन नै गरेपछि थप दबाबमा परेको महान्यायाधिवक्ता कार्यालय फैसलाको डेढ महिनापछि सर्वोच्च गएको हो। निवेदन तत्काल दर्ता भने नभएको सर्वोच्च स्रोतले जनाएको छ।

'... बम विस्फोटको घटना नै नभएको भन्ने उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगन्जको फैसला सर्वोच्च अदालतको पूर्वआदेश तथा प्रमाणमा आधारित नभई मनोगत तर्कलाई अघि सारी भएको देखिँदा सो फैसला त्रुटिपूर्ण भई बदरभागी छ,' सर्वोच्चमा नायब महान्यायाधिवक्ताले पेस गरेको पुनरावेदनमा भनिएको छ। श्रीनारायणको जाहेरी र नेपाल सरकार वादी भएको मुद्दामा आलम, उनका भाइ महताब आलम, शेख सराज र मुक्ति साह प्रतिवादी छन्।

विगतमा पनि जिल्ला र उच्च सरकारी वकिलको कार्यालय हुँदै पछि महान्यायाधिवक्ताको कार्यालयले मुद्दा नचलाउने निर्णय गरेकोमा सर्वोच्चले बदर गरिदिएको थयो। उच्चको फैसलाले सर्वोच्चको उक्त आदेशको पनि उपेक्षा गरेको अहिले महान्यायाधिवक्ता कार्यालयको ठहर छ। 'उक्त मुद्दाको गम्भीर रूपले अनुसन्धान गरी कारबाही गर्नू भनी आदेश भएको हुँदा घटित वारदातका सम्बन्धमा सर्वोच्च अदालतबाट भएको आदेशलाई समेत उपेक्षा गरेको स्पष्ट देखिएको हुँदा प्रस्तुत फैसला त्रुटिपूर्ण छ,' निवेदनमा भनिएको छ। सर्वोच्चले १६ जेठ ०६९ मा आदेश गर्दै किटानी जाहेरी, घटनास्थलमा मृतक ओसी अख्तरको स्वेटर, हाइनेक, जुत्ता-मोजाजस्ता कपडा भेटिएको, प्रत्यक्षदर्शीका कागज, नेपाल बार एसोसिएसन, मानव अधिकारसम्बद्ध संस्थाका अनुगमन प्रतिवेदनजस्ता विषय प्रमाणका रूपमा रहेकाले मुद्दा नचलाउने निर्णय बदर गरेको थियो।

घटनाका घाइते गौरीशंकर राम चमारको जाहेरी दरखास्त, व्यहोरा समर्थित हुने गरी बकपत्रजस्ता विषयलाई पनि ध्यान नदिई फैसला भएको दाबी महान्यायाधिवक्ताको छ। उनको विषयमा उपचारका क्रममा भारतको मोतीहारी अस्पताल र फरेन्सिक मेडिसिन डिपार्टमेन्टको घाउ जाँच रिपोर्टजस्ता विषयलाई पनि उच्चले अनदेखा गरी सफाइ दिएको दाबी निवेदनमा छ। 'प्रतिवादी मुक्ति साहले कसुर अपराध घटेको थाहा पाई जाहेर नगरी कसुर दबाउन खोजेको भन्ने मिसिल कागजातहरूबाट देखिन्छ,' निवेदनमा साफी अहमदको घाउजाँच रिपोर्टसमेत प्रमाण रहेको भन्दै भनिएको छ, 'निज प्रतिवादीहरूले दुईजना घाइतेलाई ज्यान मार्ने उद्योगतर्फ सफाइ दिने गरी भएको फैसला बदरभागी रहेको छ।'

महान्यायाधिवक्ता कार्यालयले घटनास्थलको प्रमाणलाई पनि उच्चले अनदेखा गरेको उल्लेख गरेको छ। 'घटनास्थलबाट शेख इद्रिसको गोठघरमा नयाँ बाँस र छाना (खपडाले छाएका) फेला परेको, खरानीका बोरा बरामद भएको तथा नयाँ बाँस प्रयोग भएको भन्ने घटनास्थल मुचुल्कामा उल्लेख भएको देखिएबाट घटनास्थलमा बम विस्फोट भएको भन्ने थप पुष्टि भइरहेकोमा सो तथ्यलाई अनदेखा गरी भएको फैसला त्रुटिपूर्ण छ,' दायर पुनरावेदनमा भनिएको छ।

१७ दिनपछि तयार घटनास्थल मुचुल्काले विस्फोट भएको घर नै परिवर्तन गरी नयाँ स्वरूपमा बनाइएको, विस्फोटकै मितिदेखि मृतकहरू सम्पर्कमा नरहेको, विस्फोट भएको घरको छानोको जीर्णोद्धार आफूले गरेको भनी कागज गरेका व्यक्तिको भनाइलाई आधार नलिएकोलगायत कारणले उच्चको फैसला बदर हुनुपर्ने माग सर्वोच्चसमक्ष महान्यायाधिवक्ताको कार्यालयले गरेको छ।

'... संकलित तथ्य प्रमाणहरू, घटनाको अवस्था र परिस्थितिजन्य प्रमाणसमेतबाट यी प्रतिवादीहरूले बम विस्फोट गराई पिन्टु भन्ने त्रिलोकप्रताप सिंह र ओसी अख्तर मियाँलाई कर्तव्य गरी मारेको पुष्टि भएको अवस्थामा सुरु रौतहट जिल्ला अदालतबाट जन्मकैद गर्ने गरी भएको फैसलालाई युक्तियुक्त आधार उल्लेख नगरी उल्टी गरी निज प्रतिवादीहरूलाई आरोपित कसुरबाट सफाइ दिने गरी भएको फैसला गम्भीर त्रुटिपूर्ण भई बदरभागी छ,' निवेदनमा छ।

त्यस्तै, किशोर सहनीको जाहेरीले नेपाल सरकारविरुद्ध बिजुली सहनी, चार्ल्स गुरुमुख शोभराजविरुद्ध नेपाल सरकार, कुमान गुरुङसमेत विरुद्ध नेपाल सरकारजस्ता विभिन्न नजिरहरूको खिलाफ यो फैसला आएकाले पनि खारेज हुनुपर्ने माग महान्यायाधिवक्ता कार्यालयको निवेदनमा छ।

विद्याको...

पृष्ठ १ बाट क्रमशः

पुनरागमनबाट पार्टीमा पर्ने प्रभाव र आउन चाहेको अवस्थामा दिइने जिम्मेवारीलगायत विषयमा छिट्टै छलफल गरी पार्टीमा प्रस्ताव गर्ने बताएका छन्। ओलीले कुन रणनीतिअन्तर्गत भण्डारीसँग संवाद गर्ने योजना बनाएका हुन् भन्ने यकिन छैन। एमालेको अध्यक्ष बन्ने चाहनासहित सक्रिय राजनीतिमा फर्केको घोषणा गरेकी भण्डारीलाई ओलीले पाइलैपिच्छे अवरोध पुऱ्याउँदै आएका छन्।

बैठकको अघिल्लो दिन पत्रकार विजयकुमार पाण्डेलाई अन्तर्वार्ता दिएर भण्डारीको आगमनविरुद्ध अभिव्यक्ति दिएका ओलीले शुक्रबार पनि सदस्यता नवीकरण गर्न नसकिने बताएका थिए। तर, शुक्रबार र शनिबारको बैठकमा बोल्ने ६६ मध्ये करिब डेढ दर्जन पोलिटब्युरो सदस्य भण्डारीको पक्षमा उभिएपछि ओली नरम रूपमा प्रस्तुत भएको एक पोलिटब्युरो सदस्यले बताए।

ओली आफैँले पनि अन्तिम समयमा आफ्नो मन बदलिएको बताएका थिए। 'म कडा रूपमै प्रस्तुत हुने सोचमै थिएँ। तर, यहाँ सबैखाले विचार खुलेर प्रस्तुत भएको छ। म अध्यक्षको हैसियतमा उपस्थित छु। पार्टीलाई मिलाएर एकताबद्ध रूपमा लैजाने अभिभारा काँधमा छ। विगतमा उहाँको भूमिका मूल्यांकन गरेरै पार्टीले राष्ट्रपतिको जिम्मेवारीमा पठाएको हो,' ओलीको भनाइ उद्धृत गर्दै एक पोलिटब्युरो सदस्यले नयाँ पत्रिकासँग भने, 'उहाँ राजनीतिमा आउनुहुन्छ कि हुन्न, त्यसले पार्टी र आन्दोलनमा के प्रभाव पार्छ, आउने नै हुँदा के कसरी जिम्मेवारी दिने ? यी तमाम विषयमा उहाँसँग छिट्टै छलफल हुन्छ। त्यसपछि पार्टीले संस्थागत र औपचारिक निर्णय गर्छ।'

शुक्रबारको तुलनामा शनिबार भण्डारीको पक्षमा उल्लेख्य मत देखिएपछि तत्कालका लागि पार्टी नेतृत्वले संवाद गरेर राजनीतिक निर्णय लिने मध्यमार्गी विकल्प खोजिएको छ। 'बैठकमा नेताहरूले पार्टी एकतालाई केन्द्रमा राखेर खुलेरै धारणा राख्नुभयो। राजनीतिमा फर्किन संविधान र कानुनले बन्देज नगरेकाले बन्देज लगाउन नमिल्ने एकथरी मत रह्यो। अर्कोथरी मत राष्ट्रपति भइसकेको व्यक्तित्व राजनीतिमा फर्किनुहुन्न भन्ने थियो। र, तेस्रो मत यो विषय प्रधानमन्त्री र पूर्वराष्ट्रपतिले आपसमा छलफल गरेर समझदारीमै निष्कर्ष निकाल्नुपर्छ भन्ने थियो। बैठकको स्पिरिटअनुसार एकपटक अध्यक्षले निर्णायक छलफल गरेर निर्णय लिने समझदारीसहित बैठक सकिएको छ,' पोलिटब्युरो सदस्य अरुण नेपालले भने।

बैठकमा गोकुल बाँस्कोटा, आनन्दप्रसाद पोखरेल, अरुण नेपाल, कृष्णबहादुर राई, जगत विश्वकर्मा, थममाया थापा, सीता पौडेल, परशु मेघी गुरुङ, पुरुषोत्तम पौडेल, मुकुन्द न्यौपाने, लीलानाथ श्रेष्ठलगायत एक दर्जनभन्दा बढी पोलिटब्युरो सदस्य मुखर रूपमै पूर्वराष्ट्रपति भण्डारीको पक्षमा देखिएका थिए। उनीहरूले भण्डारीको राजनीतिक पुनरागमनलाई स्वागत गर्दै कुनै छेकबार लगाउन नहुने पक्षमा बोलेका छन्। यसअघि सचिवालय बैठकमा पनि ६ जना पदाधिकारी भण्डारीलाई रोक्न नहुने पक्षमा उभिएका थिए भने केही मौन बसेका थिए।

शुक्रबारको बैठकमा भण्डारीको पक्षमा उभिएका कर्ण थापाले अध्यक्ष ओलीले राजनीतिक बहसका आधारमा कसैमाथि फरक व्यवहार नगरिने स्पष्ट गरेको बताएका छन्। बैठकपछि उनले सामाजिक सञ्जालमा लेखेका छन्, 'पार्टीको पोटिलब्युरोको बैठक गहन बहसका साथ सम्पन्न भएको छ। पार्टी जीवनको लोकतान्त्रीकरणका विषयलाई पार्टी जीवनमा लागू गर्न सबै तयार हुनुपर्ने कुरामा अध्यक्ष कमरेडले विशेष जोड दिनुभएको छ। र, पार्टीभित्र गरिने राजनीतिक बहसका आधारमा कसैमाथि फरक व्यवहार नगरिने स्पष्ट पार्नुभएको छ।'

त्यस्तै, ओलीसँग निकट र भण्डारीसँग निकट मानिएकामध्ये शेरधन राई, लीला गिरी, कृष्णगोपाल श्रेष्ठ, विनोद श्रेष्ठ, गोकुल घर्ती, सुशीला नेपाल, ठाकुर गैरे, दलबहादुर रानालगायत एक दर्जनभन्दा बढी नेता खुलेर नबोली मौन बसे। तर, नेताहरू महेश बस्नेत, भानुभक्त ढकाल, पार्वत गुरुङ, राजेन्द्र गौतम, हिक्मत कार्की, शेरबहादुर तामाङ, विशाल भट्टराई, सूर्य थापा, ईश्वरी रिजाल विश्वकर्मा, कमल चौलागाईं, जितबहादुर दर्जी, खिमलाल भट्टराई, शान्ता चौधरी, देवेन्द्र दाहाल, जुली महतोलगायतले राष्ट्रपतिजस्तो सर्वोच्च पदमा आसीन व्यक्ति राजनीतिमा फर्किंदा पार्टी र आन्दोलनको हित नगर्ने पक्षमा धारणा राखेका थिए।

प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले राष्ट्रपतिको सदस्यता नवीकरणबारे विधान आकर्षित भएकाले विभिन्न कोणबाट बैठकमा छलफल भएको बताए। उनले अहिलेलाई सदस्यता नवीकरण 'पेन्डिङ'मै राखेर आवश्यक छलफलपछि अर्को ठुलो फोरम (केन्द्रीय समिति बैठक)बाट निष्कर्षमा पुगिने बताए। 'पूर्वराष्ट्रपतिको सदस्यता नवीकरणका सम्बन्धमा विधानको धारा ८ गम्भीरतापूर्वक आकर्षित भयो। स्वेच्छाले राजीनामा गरिसकेको व्यक्तिको पुनः नवीकरण सम्भव छैन। ठोस निर्णय नभए नयाँ प्रक्रियाबाट आउनुपर्ने व्यवस्था विधानमै रहेकाले विभिन्न कोणबाट छलफल भएको छ। तर, अहिले हामी निष्कर्षमा पुगेका छैनौं, अर्को फोरमबाट निर्णयमा पुग्छौं,' गौतमले भने, 'अहिलेलाई सदस्यता नवीकरण स्थगन अवस्थामा छ। विधानको धारा आकर्षित भएकाले व्याख्या गरेर ठुलो फोरमबाट पार्टीले निर्णय गर्छ। त्यो केन्द्रीय कमिटीबाट पनि हुन सक्छ, छलफल गर्ने अरू ठाउँ पनि छन्।'

पूर्वराष्ट्रपतिप्रति आग्रह-दुराग्रह राख्नुपर्ने अवस्था नरहेको गौतमको दाबी छ। उनले राष्ट्रपति भइसकेको व्यक्ति राजनीतिमा फर्किने विषय गम्भीर भएकाले पार्टीले आवश्यक गम्भीर परामर्श र छलफल गरेर उचित समयमा निष्कर्ष दिने बताए। यद्यपि, उनले पूर्वराष्ट्रपति भण्डारीलाई अध्यक्ष बनाएर जान गाह्रो हुन्छ भन्ने धेरैको मत प्रकट भएको दाबी गरे।

पोलिटब्युरो बैठकले ७० वर्षे उमेरहद र दुई कार्यकालभन्दा बढी कार्यकारी पदमा उम्मेदवार बन्न नपाउने सचिवालयको प्रस्तावलाई सुझावसहित अनुमोदन गरेको छ। विभिन्न सदस्यले जिल्ला र प्रदेशमध्ये कुन कमिटीलाई कार्यकारी बनाउने विषयमा पनि सुझाव दिएका छन्।

पूर्वमन्त्री गोकुल बाँस्कोटाले पूर्वराष्ट्रपतिको एमालेमा पुनरागमन र सदस्यता नवीकरणको विषय छलफलबाटै टुंग्याउनुपर्ने धारणा राखेका थिए। उनले अध्यक्ष ओली र पूर्वराष्ट्रपति भण्डारीबिच विश्वास र सहकार्यको सम्बन्ध भएकाले आपसमा बसेर राजनीतिक ढंगले समाधान निकाल्न ध्यानाकर्षण गराए। 'अध्यक्ष र पूर्वराष्ट्रपतिबिचको विश्वास र सहकार्यको सम्बन्ध एमालेका नेता-कार्यकर्तालाई मात्र होइन, दुनियाँलाई थाहा छ,' बाँस्कोटाले भने, 'तपाईंहरू आपसमा छलफल गरेर राजनीतिक ढंगले सुल्झाउनुस्, प्राविधिक कुराले होइन।' तर, पूर्वराष्ट्रपतिलाई राजनीतिमा आउन संविधान र कानुनले नछेकेकाले बन्देज लगाउन नहुने उनको मत थियो।

त्यस्तै, अर्का पूर्वमन्त्री आनन्दप्रसाद पोखरेलले विधिसम्मत ढंगले पार्टी काममा फर्किन खोजेकी पूर्वराष्ट्रपतिको पुनरागमनलाई अध्यक्ष केपी ओलीले स्वागत गर्नुपर्ने बताए। 'म अध्यक्ष कमरेड केपी ओली र सम्पूर्ण नेतृत्व पंक्तिलाई अनुरोध गर्न चाहन्छु- पार्टीमा विधिसम्मत काम गर्न चाहने र पुनः क्रियाशील हुन चाहने पूर्वराष्ट्रपतिलगायत सबैलाई निषेध गरेर होइन खुला स्वागत गरेर काममा लगाउनुपर्छ। हामीले वडाध्यक्षलाई त पार्टी काममा आउँदा स्वागत गर्छौं, पूर्वराष्ट्रपतिलाई छेकबार लगाउनु उचित हुँदैन,' उनले भने।

पोखरेलले पार्टीको कार्यकारी कमिटीमा बस्न ७० वर्षे उमेर हटाइएकाले नयाँ पुस्ता नेतृत्वमा आउने आफ्नो विश्वास खण्डित भएको पनि बताए। 'दसौं महाधिवेशनमा ७० वर्षे प्रावधान पास भएपछि अब नेतृत्वमा नयाँ पुस्ताको आगमन हुनेछ भन्ने मेरो विश्वास थियो। शंकर पोखरेलजस्ता ऊर्जाशील कमरेडहरू अध्यक्ष बन्नेछन् भनेर आशा पलाएको थियो। तर, आज आशा गरेकै कमरेडहरूबाटै वर्तमान विधान संशोधनको नयाँ प्रस्ताव बैठकमा प्रस्तुत भएपछि मेरो विगतको विश्वास खण्डित भएको छ,' उनले भने।

त्यस्तै, नेता महेश बस्नेतले पूर्वराष्ट्रपतिको सदस्यता नवीकरणको विषय केन्द्रीय कमिटीले टुंग्याउनुपर्ने धारणा राखे। 'उहाँको सदस्यता नवीकरण गर्दा पूर्वराष्ट्रपतिको हैसियत के हुन्छ ? नयाँ सदस्यता लिने प्रक्रिया उहाँलाई आवश्यक छ कि छैन ? यति गम्भीर विषय लहडमा होइन, केन्द्रीय कमिटीको निर्णयले मात्र गर्नुपर्दछ,' उनले भने। पूर्वराष्ट्रपतिले पार्टी काममा फर्किएर गल्ती गर्न नहुने उनको मत थियो।

काठमाडौं...

पृष्ठ १ बाट क्रमशः

भएकाले साक्षी बकपत्र, बयानजस्ता सबै काम गरिनुपर्नेलगायतका कारणले फर्स्योटमा ढिलाइ हुने गरेको उनले बताए। काठमाडौं जिल्ला अदालतले तीनवटा भवनबाट सेवा दिइरहेको छ। बर्सेनि मुद्दा बढ्दै जाँदा न्यायाधीश र कर्मचारी दुवै कम भएको अदालतले जनाएको छ। '१९ इजलासको परिकल्पना गरेर बनाइएको थियो त्यो वेला। अहिले मुद्दा संख्या निकै बढ्यो,' न्यायाधीश पोखरेलले भने, 'स्थान अभावका कारण अहिले एउटै जिल्ला अदालतवरपरका तीन भवनबाट सेवा दिँदै छ।'

जिल्ला अदालतमा ०७६ सालदेखिका मुद्दा विचाराधीन रहेको स्रेस्तेदार तीर्थराज भट्टराईले बताए। एउटै मुद्दामा अन्य निवेदन थपिँदा र लगाउमा राखिने केही मुद्दामा अन्य मुद्दाबाट प्रभावित हुने भएकाले यस्ता केही मुद्दा फैसला हुन नसकेको उनको भनाइ छ।

तर, धाँजा फाटेको...

पृष्ठ १ बाट क्रमशः

पूर्वी नेपालबाट प्रवेश गरिसकेको र क्रमशः पश्चिमतिर सरिरहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ। 'वर्षा गराउने प्रणाली क्रमशः पश्चिम सरिरहेको छ। आइतबार दिउँसोसम्म कोशीका धेरै ठाउँ र बागमतीमा वर्षा हुने देखिन्छ। त्यसपछि सोमबार दिउँसोसम्म गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिममा वर्षा हुने देखिएको छ,' महाशाखाकी वरिष्ठ मौसमविद् प्रतिभा मानन्धरले भनिन्, 'उनका अनुसार सोमबारसम्म क्षेत्रगत रूपमा धेरै ठाउँमा वर्षा हुनेछ भने केही ठाउँमा भारीदेखि निकै भारी वर्षको सम्भावना छ।'

मधेश प्रदेशमा भने सामान्य मात्रै वर्षा हुने प्रक्षेपण छ। 'अन्य प्रदेशमा भारीदेखि अति भारी वर्षा हुने देखिए पनि मधेशमा भने ठुलो वर्षाको सम्भावना छैन, हल्कादेखि मध्यम वर्षा हुने देखिन्छ,' मानन्धरले भनिन्। शनिबार रातिबाट भित्रिएको मनसुनी प्रणाली सोमबार रातिबाट भने कमजोर हुने आकलन छ। मनसुनको न्यूनचापीय रेखा पश्चिम र मध्य नेपालमा सरदर स्थानभन्दा उत्तरतिर छ भने पूर्वमा सरदर स्थानको आसपासमा छ।

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)ले तीन दिन उच्च सतर्कता अपनाउन सम्पूर्ण जलविद्युत् आयोजनालाई आग्रह गरेको छ। मौसम विभागले शनिबारदेखि सोमबारसम्म नदीहरूमा पानीको सतहले सतकर्ता विन्दु पार गर्न सक्ने पूर्वानुमान गरेर जलविद्युत् आयोजनामा पूर्वतयारीका लागि पूर्वसूचना दिएपछि इप्पानले प्रेस विज्ञप्तिमार्फत सूचना जारी गरेको हो।

विभागका अनुसार पूर्वका कोशी, तमोर, अरुण, तामाकोशी, दुधकोशी, कन्काईलगायत नदीहरूमा बाढी आउन सक्ने सम्भावना अत्यधिक छ। कोशी नदी सतर्कता तहनजिक वा पार गर्न सक्ने स्थितिमा पुग्न सक्नेछ। आइतबार बेलुका बागमती नदीमा बाढी आई काठमाडौं उपत्यका र तल्लातटीय क्षेत्र प्रभावित हुने तथा मंगलबार दिउँसोसम्म महाकाली नदी र त्यसको तटीय क्षेत्रमा बाढी आउन सक्ने सम्भावना उच्च रहेको पूर्वानुमान छ। त्यस्तै, बागलुङ, म्याग्दी, पर्वत, स्याङ्जा, पाल्पा, नवलपरासी, रुपन्देहीलगायत जिल्लामा वर्षाको असर पर्ने, जसले नारायणी जलाधारको मध्यपहाडदेखि तल्लो तटसम्मलाई प्रभावित गर्ने भनिएको छ। पश्चिममा राप्ती र बबई क्षेत्रमा पनि मध्यमस्तरको प्रभाव पर्ने सम्भावना छ भने महाकाली क्षेत्रमा सोमबार र मंगलबार बढी सतर्कता अपनाउनु आवश्यक रहेको जल तथा मौसम विज्ञान विभागलाई उद्धृत गर्दै इप्पानले जानकारी दिएको छ।

राप्रपामा चुलियो अन्तरकलह

अध्यक्ष राजेन्द्र लिङ्देनले 'प्रतिशोध' साध्दै आफ्नो खेमामा नरहेका नेतालाई पदमुक्त गर्न थालेपछि राप्रपामा बढ्दै छ विवाद, महामन्त्री डा. धवलशमशेर राणाले अगुवाइ गरेको असन्तुष्ट समूह प्रतिवादमा







पर्शुराम काफ्ले/नयाँ पत्रिका

राजसंस्था पुनर्स्थापना र हिन्दुराष्ट्र घोषणाको नाममा चलेको आन्दोलन सेलाएसँगै राप्रपाभित्र आन्तरिक कलह चर्किएको छ। राप्रपा त्यागी राजावादी आन्दोलनको नेतृत्व गरेका पूर्वपञ्चनेता नवराज सुवेदीले विगतमा सम्हालेको पार्टी अनुशासन समिति संयोजकको जिम्मेवारी अध्यक्ष राजेन्द्र लिङ्देनले उपाध्यक्ष रोशन कार्कीलाई जिम्मा दिएपछि विवाद चर्केको हो। त्यसो त राप्रपामा आन्दोलनको नेतृत्व पार्टीले लिनुपर्ने लिङ्देनपक्षको अडान र सर्वमान्य व्यक्तिको नेतृत्वमा आन्दोलन हुनुपर्ने भन्ने धारबिच लामो समयदेखि मतभेद रहँदै आएको थियो।

राप्रपाले २५ असारमा अनुशासन समिति संयोजकमा उपाध्यक्ष कार्कीलाई मनोनीत गरेपछि पार्टीमा अन्तरकलह चुलिएको थियो। अध्यक्ष लिङ्देनले प्रवक्ताबाट नेता सगुनसुन्दर लावतीलाई पनि हटाएका थिए। लावतीले पछिल्लोपकट महामन्त्री डा. धवलशमशेर राणाको साथ दिँदै आएका थिए। सुवेदीले पार्टी निर्णयविरुद्ध २६ असारमा निर्वाचन आयोगमा निवेदन दिँदै आफूलाई विधानविपरीत हटाइएको उल्लेख गरेका थिए। सुवेदीले पार्टी नछाडेको भन्दै डा. लोहनी, उपाध्यक्ष विक्रम पाण्डे, मुकुन्दश्याम गिरी, महामन्त्री डा. राणा र कुन्ती शाहीले अध्यक्ष लिङ्देनले विधानविपरीतको कार्य गरेको सार्वजनिक विज्ञप्ति जारी गरेका थिए। अध्यक्ष लिङ्देनले पार्टी उपाध्यक्ष गिरीलाई पनि शुक्रबार पदमुक्त गरेका छन्। गिरीलाई लिङ्देनले नै केन्द्रीय सदस्य र उपाध्यक्ष मनोनीत गरेका थिए। 'पार्टीभित्रको गतिविधिको वैधानिक समाधानका लागि गरिएको अपिललाई लिएर मेरो राजनीतिक जीवनमाथि नै खेलबाड गर्ने र मैले पार्टीका लागि लगानी गरेको सम्पूर्ण योगदान, त्याग र तपस्याप्रति पार्टी नेतृत्वले लिएको विधानविपरीतको निर्णयबाट दुःखी त बनाएको छ, तर हतोत्साही भएको छैन,' गिरीले भनेका छन्।

पार्टी प्रवक्ता मोहनकुमार श्रेष्ठका अनुसार मनोनीत गरेका पदाधिकारीलाई हटाउन पार्टी विधानले अध्यक्षलाई अधिकार दिएको छ। 'निर्वाचित पदाधिकारीहरूको हकमा अनुशासन आयोगले स्पष्टीकरण सोध्नेलगायत प्रावधान छन्। बाँकीको हकमा विधानबमोजिम अध्यक्षले पदाधिकारी मनोनीत गर्ने र आवश्यकताअनुसार पदमुक्त गर्ने हो,' उनले भने, 'राप्रपामा विगतका अध्यक्षहरूले गर्दै आउनुभएको अभ्यासलाई अहिलेको अध्यक्षले निरन्तरता दिनुभएको हो र विधान कायम रहेसम्म भविष्यमा पनि हुने यही हो।पार्टीको विधानअनुसार अध्यक्षको सिफारिसमा गरिने यस्ता निर्णय कार्यान्वयन हुने व्यवस्था छ। अध्यक्षले त्यहीअनुसार निर्णय गर्नुभएको हो।'

राप्रपा संस्थापन पक्ष असन्तुष्ट पक्ष तथा संस्थापनविरुद्ध अभिव्यक्ति दिँदै आएका नेताहरूविरुद्ध कठोर हुने संकेत देखिएको छ। पार्टी अनुशासन विभागको शुक्रबार बसेको बैठकले पार्टीको बृहत्तर हित र एकताविपरीतका गतिविधि नगर्न/नगराउन सचेत गरेको छ। संयोजक कार्कीले बैठक राखेकी थिइन्।

अनुशासन समितिले पार्टीको नीति, सिद्धान्त र अनुशासनलाई उच्च प्राथमिकतामा राख्न तथा सामाजिक सञ्जाल र सञ्चारमाध्यममा लिखित वा मौखिकरूपमा व्यक्तिगत वा गुटगत अभिव्यक्ति नदिन अनुरोध गरेको छ। पार्टी त्याग गरेका सुवेदीको बचाउमा बिहीबार पार्टी उपाध्यक्ष विक्रम पाण्डे, बर्खास्तीमा परेका मुकुन्दश्याम गिरी, महामन्त्री धवलशमशेर राणा र महामन्त्री कुन्ती शाहीले विज्ञप्ति जारी गरी पार्टीमा स्वेच्छाचारिता बढेको आरोप लगाएका थिए। भोलिपल्टै गिरी पदमुक्त भएका छन् भने अन्य नेताहरूलाई अनुशासन समितिले पार्टी हितविपरीतका अभिव्यक्ति सार्वजनिक नगर्न चेतावनी दिएको एक पदाधिकारीले जानकारी दिए।

'पार्टी हितविरुद्ध सुवेदीको बचाउ गर्दै निर्वाचन आयोग गएका पार्टी पूर्वअध्यक्ष तथा निर्देशन समितिका संयोजक डा.प्रकाशचन्द्र लोहनी, उपाध्यक्ष विक्रम पाण्डे, महामन्त्री डा. धवलशमशेर राणा र कुन्ती शाहीलाई पनि आवश्यकताअनुसार सचेत गराइन्छ,' राप्रपा संस्थापन पक्षका एक नेताले भने, 'पार्टी अनुशासन समितिमार्फत सुरुवातमा निर्देशन समितिका संयोजक लोहनी र उपाध्यक्ष विक्रम पाण्डेसँग स्पष्टीकरण माग्ने कार्य हुनसक्छ।'

महामन्त्री राणाले अगुवाइ गरेको असन्तुष्ट समूहले लिङ्देनविरुद्ध पार्टीमा अन्तर्संघर्ष चलाउँदै जाने जनाएको छ। 'हामीले हाम्रो धारणा सार्वजनिक गरिसकेका छौं। पार्टीमा अध्यक्षको एकाधिकार र मनोमानी चल्न दिँदैनौं। हामी अन्तर्संघर्ष जारी राख्छौं,' असन्तुष्ट पक्षका एक पदाधिकारीले नयाँ पत्रिकासँग भने।

राजावादी आन्दोलनका लागि गठित समितिका संयोजक सुवेदीले ४ चैतमा सार्वजनिकरूपमा पार्टी परित्याग गरेका थिए। त्यसवेला पूर्वराजा ज्ञानेन्द्र शाहको रुचिअनुसार सुवेदीलाई आन्दोलनको कमान्ड दिइएको र राप्रपालाई छायामा पार्न खोजिएको विश्लेषण राप्रपामा थियो। पार्टी छाडेका सुवेदी नेतृत्वको जनआन्दोलन समितिमा राप्रपाका नेताहरू डा. प्रकाशचन्द्र लोहनी, पशुपतिशमशेर राणालगायत थिए। जनआन्दोलन परिचालन समितिसंयोजक राप्रपा महामन्त्री डा. धवलशमशेर राणा थिए।

सुरुमा समितिमा बस्न अस्वीकार गरेका लिङ्देन पछि पूर्वराजा ज्ञानेन्द्रसँगका केही भेटपछि सुवेदी नेतृत्वको समितिमा बसेका थिए। तर, सुवेदी नेतृत्वको समितिमा रहेका राजावादी समूहले पार्टीलाई कमजोर पार्न कोसिस गरिरहेको लिङ्देन पक्षको विश्लेषण थियो। पार्टीमा लामो समयदेखि असन्तुष्ट रहँदै आएका निर्देशन समितिका संयोजक डा. लोहनी, महामन्त्री डा. राणा, कुन्ती शाही, सगुन लावतीलगायतले आफूविरुद्ध पार्टीभित्र र राजावादी आन्दोलन समितिबाट घेराबन्दी गर्न थालेको लिङ्देन पक्षको निष्कर्ष थियो।

■ पुष्पलाल स्मृति दिवस

मोहनविक्रम, उपेन्द्र र अशोकलाई समाजवादी मोर्चाको निम्तो, एमालेलाई नबोलाउने

नयाँ पत्रिका

समाजवादी मोर्चाले नेपाल कम्युनिस्ट पार्टीका संस्थापक पुष्पलाल स्मृति दिवस मनाउने भएको छ। पुष्पलालको स्मृति दिवस पारेर आगामी ७ साउनमा राष्ट्रिय सभागृहमा कार्यक्रम आयोजना गरिएको मोर्चाका सचिवालय सदस्यसचिव एवं नेकपाका प्रवक्ता खड्गबहादुर विश्वकर्माले जानकारी दिए।

मोर्चामा माओवादी, एकीकृत समाजवादी, नेसपा र नेकपा छन्। कार्यक्रममा मोर्चाका शीर्ष नेताहरूले सम्बोधन गर्नेछन्। नेकपा मसालका महामन्त्री मोहनविक्रम सिंह, जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव र जसपा अध्यक्ष अशोक राईलाई पनि आमन्त्रण गरिएको विश्वकर्माले बताए। एमालेलाई भने बोलाइएको छैन।

'पुष्पलालले कम्युनिस्ट विचार र पार्टीलाई स्थापित गर्नुभयो। उहाँको देहावसान भएको दिनलाई सबै कम्युनिस्टले सम्झनुपर्छ। त्यहीकारण ऐतिहासिक दिन पारेर हामीले कार्यक्रम आयोजना गरेका हौं,' उनले भने, 'उहाँले के सोच्नुभएको थियो ? कसरी समर्पित हुनुभएको थियो। उहाँको विचार र उद्देश्यलाई अहिलेको समयमा कसरी अगाडि बढाउने भन्ने विषयमा छलफल हुन्छ।' उनका अनुसार पुष्पलाल स्मृति प्रतिष्ठानलाई पनि आयोजक रूपमा राखिएको छ।

मोर्चाले आवश्यकताअनुसार जिल्ला तहमा पनि पुष्पलाल स्मृतिमा कार्यक्रम गर्न सक्ने मोर्चाका माओवादी महासचिव देव गुरुङले बताए। 'पुष्पलालको स्मृतिमा केन्द्रमा राष्ट्रिय सभागृहमा कार्यक्रम आयोजना गरिएको छ। तल्ला तहमा पनि कार्यक्रम गर्न सक्नुहुन्छ,' उनले भने।

मोर्चाका चारै घटकसहित नेकपा मसाल, जसपा नेपाल र जसपासहित १२ दलले गत २७ असारमा प्यालेस्टाइन र इरानमाथि भएको हमलाको विरोधमा संयुक्त प्रदर्शन गरेका थिए। यसअघि मोर्चाले गत १५ चैतमा काठमाडौंमा जनप्रदर्शन गरेको थियो। राजावादीहरू सक्रिय भएपछि व्यवस्थाको रक्षाका लागि भन्दै गरिएको जनप्रदर्शनपछि मोर्चा आन्तरिक बैठकमा मात्रै केन्द्रित भएको थियो।



● **खड्गबहादुर विश्वकर्मा**, प्रवक्ता, नेकपा

पुष्पलालले कम्युनिस्ट विचार र पार्टीलाई स्थापित गर्नुभयो। उहाँको देहावसन भएको दिनलाई सबै कम्युनिस्टले सम्झनुपर्छ। त्यही कारण ऐतिहासिक दिन पारेर हामीले कार्यक्रम आयोजना गरेका हौं।

■ मोर्चा बैठक र अन्तर्क्रियामै केन्द्रित

४ असार ०८० मा माओवादी, एकीकृत समाजवादी, जसपा नेपाल र नेकपा सम्मिलित चारदलीय मोर्चा घोषणा गरिएको थियो। सुरुमा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल मोर्चाको संयोजक थिए। आलोपालो नेतृत्वको मोडालिटीअनुसार नेपालपछि नेत्रविक्रम चन्द विप्लव हाल संयोजक छन्। मोर्चा गठनताकाका सदस्य रहेका जसपा अध्यक्ष उपेन्द्र यादव पार्टी विभाजनपछि औचित्य समाप्त भएको भन्दै मोर्चाबाट अलग भएका छन् भने नेसपा अध्यक्ष महिन्द्र राय यादव मोर्चामा भित्रिएका छन्। तर, मोर्चाले बैठक र अन्तर्क्रियाबाहेक ठोस कार्यक्रम ल्याउन सकेको छैन। विगतको निर्णय कार्यान्वयनमा समेत समस्या देखिएको छ। नारा देशव्यापी प्रचार-प्रसार गर्ने, भित्तेलेखन, ब्यानर, पर्चालगायतबाट मोर्चाको नीति जनतामाझ पुऱ्याउने नीति कार्यान्वयमा आउन सकेको छैन्।

नेपाली विशेषताको समाजवाद निर्माण गर्ने मोर्चाको लक्ष्य छ। विद्यमान राष्ट्रिय राजनीतिक, आर्थिक, सामाजिक एवं सांस्कृतिक समस्या र चुनौतीको सामना गर्दै देशलाई अग्रगामी निकास दिन समाजवादी शक्तिहरूलाई एकताबद्ध बनाउने उद्देश्य मोर्चाको छ।

संक्षेप

वन्यजन्तुको गतिविधि बढेसँगै बर्दिया निकुञ्जले बढायो गस्ती

बर्दिया/ मधुवन नगरपालिका-१ स्थित डल्ला मध्यवर्ती सामुदायिक वन र शिव सामुदायिक वनमा बर्दिया राष्ट्रिय निकुञ्जले गस्ती बढाएको छ। दुवै सामुदायिक वनको जैविक मार्ग भएर आवतजावत गर्ने वन्यजन्तको संख्या र गतिविधि बढेसँगै निकुञ्जले गस्ती बढाएको हो। वनमा हुन सक्ने अवैध गतिविधि रोक्न निकुञ्जले तीनवटा हात्ती प्रयोग गरी गस्ती गरिरहेको छ। निकुञ्जका कर्मचारी र नेपाली सेनाले सादा पोसाकमा गस्ती बढाएका छन्। चोरी सिकार नियन्त्रण युवा परिचालन अभियानका अभियन्ताले समेत निगरानी बढाएका छन्। डल्लामा वन्यजन्तु सजिलै देखिने भएकाले त्यहाँ आउने पर्यटकको संख्यासमेत बढिरहेको छ।

बर्दिया राष्ट्रिय निकुञ्जका वरिष्ठ संरक्षण अधिकृत डा. अशोक रामले डल्लामा वन्यजन्तुका लागि आवश्यक पर्ने घाँसेमैदान र पानीको राम्रो व्यवस्थापन भएकाले चित्तल, रतुवा, गैंडा, हात्ती र पाटेबाघ देखिन थालेको बताए। 'पाटेबाघको कोर एरिया हुने भएकाले जहाँ पायो त्यहाँ बाघ जाँदैन। तर हात्ती, गैंडा आवतजावत गरिरहने भएकाले वन्यजन्तुलाई डिस्टर्ब नहोस् र अवैध गतिविधि पनि हुन नपाओस् भनेर गस्ती बढाएको छ। हात्तीको बथान यही बाटो भएर हिँड्ने गर्छ। वन्यजन्तुको संरक्षण तथा सुरक्षाका लागि २४सै घण्टा गस्ती गर्न थालिएको छ,' उनले भने। डल्ला मध्यवर्ती सामुदायिक वन र शिव सामुदायिक वनमा एक सातादेखि लगातार पाटेबाघ र गैंडा देखिएको छ। हात्तीका बथानसमेत वेलावेलामा देखिने गरेको प्रकृति पथप्रदर्शक दिनेश आचार्यले बताए।

झुम्का खानेपानी आयोजनाको उद्घाटन, चार हजार घरधुरी लाभान्वित हुने

सुनसरी/ देशकै ठूलो खानेपानी आयोजनामध्येको एक 'झुम्का खानेपानी तथा सरसफाइ आयोजना' को शनिबार खानेपानीमन्त्री प्रदीप यादवले उद्घाटन गरेका छन्। झुम्का खानेपानी आयोजनाबाट रामधुनी नगरपालिका वडा नम्बर १, २, ३, र ५ का चार हजार ३१ घरधुरीका २२ हजार सात सय ८७ नागरिक प्रत्यक्ष रूपमा लाभान्वित हुने छन्।

झुम्का सहरी खानेपानी तथा सरसफाइ आयोजनाले विकासको सम्भावना र नागरिकको चाहनालाई मूर्तरूप दिने विश्वास मन्त्री यादवले व्यक्त गरे। उनले नेपालमा रहेका कुनै पनि समुदाय विकासको मूलधारबाट पछाडि नपरोस् भन्ने सरकारको उद्देश्य रहेको बताए। उनले सरकारको प्रयास, खानेपानी क्षेत्रलाई सामाजिक न्याय र समावेशी विकाससँग जोड्दै सबै समुदायलाई समान रूपमा सेवा पुऱ्याउने दिशामा केन्द्रित रहेको बताए। कार्यक्रममा पूर्वसघीय सांसद नवदिता चौधरी, नगर रप्रमुख शंकरलाल चौधरी, झुम्का खानेपानी मूल उपभोक्ता समितिका अध्यक्ष केसीलाल चौधरी, उपप्रमुख तारा थापा, प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्रलगायत स्थानीय उपभोक्ताहरू सहभागी थिए।

६ महिनामा पाँच करोड मूल्यबराबरको अवैध सामान बरामद

बाँके/ शस्त्र प्रहरी बलले ६ महिनामा करिब पाँच करोड मूल्यबराबरको अवैध सामान बरामद गरेको छ। चाडपर्व नजिकिएसँगै अवैध चोरी निकासी बढ्न थालेपछि नाकामा कडाइ गरेको सशस्त्र प्रहरीले ६ महिनामा चार करोड ९० लाख नौ हजार दुई सय ८३ रुपैयाँबराबरको अवैध सामान बरामद गरेको सशस्त्र प्रहरी बल, नं. ३० गण हेडक्वार्टर बागेश्वरीका गणपति एसपी शोभाकान्त खनालले बताए। सरकारले निर्धारण गरेको सामानभन्दा बढी ल्याउनेमाथि समेत निगरानी गरिरहेको उनको भनाइ छ। 'सशस्त्र प्रहरीले नाकामा कडाइ गरेको होइन, सरकारको नीति पालना गरेको मात्र हो,' उनले भने, 'एक सय रुपैयाँभन्दा माथिको सामानमा भन्सार शुल्क लाग्ने नियमलाई सशस्त्र प्रहरीले कार्यान्वयन मात्र गरेको हो। त्योभन्दा धेरै केही गरेका छैनौं।' उनले ६ महिनामा एक करोड आठ लाख १६ हजार पाँच सय ५५ रुपैयाँबराबरको अवैध सामान नेपालगन्ज भन्सार कार्यालयमा दाखिला गरेको जानकारी दिए। सशस्त्र प्रहरीले कडाइ गरेपछि तस्कर त्रसित भएका छन्। जिल्ला प्रहरी कार्यालय बाँकेले चालू आर्थिक वर्षको असार मसान्तसम्म सवा चार करोड मूल्यबराबरको अवैध सामान बरामद गरेको छ। एक वर्षको अवधिमा चार करोड १० लाख २४ हजार आठ सय ८३ रुपैयाँ मूल्यको अवैध सामान बरामद गरिएको बाँकेका प्रहरी प्रमुख प्रहरी उपरीक्षक रामप्रसाद घर्ती मगरले जानकारी दिए।

महाराजगन्जमा सरकारी निकायको नक्कली प्रमाणपत्र उत्पादन गर्ने कारखाना फेला

काठमाडौं/ महाराजगन्जमा सरकारी सबै निकायको नक्कली प्रमाणपत्र उत्पादन गर्ने कारखाना फेला परेको छ। काठमाडौं महानगरपालिका- १० का ५२ वर्षीय सफराज खड्काले दुई वर्षदेखि त्रिभुवन विश्वविद्यलाय (त्रिवि), सिटिइभिटी (काउन्सिल फर टेक्निकल इजुकेसन एन्ड भोकेसनल ट्रेनिङ), हाइयर सेकेन्डरी इजुकेसन बोर्ड (एचएसइबी), राष्ट्रिय परीक्षा बोर्ड (एनइबी)जस्ता संस्थाको नक्कली होलोग्राम उत्पादन गर्दै आएको खुलेको छ।

घटनाको सूचनापछि नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले उनलाई गत ३१ असारमा महाराजगन्जबाट पक्राउ गरेको थियो। अनुसन्धानका क्रममा उनले त्रिवि, सिटिइभिटी, एचएसइबी, एनइबीलगायतका शैक्षिक संस्थाको होलोग्राम मात्र नभई प्रमाणपत्रसमेत नक्कली बनाउँदै आएका थिए।



यसका लागि उनले महाराजगन्जमा कारखाना नै खोलेका थिए।

सिआइबी प्रवक्ता एसपी युवराज खड्काले सफराजको कारखानामा जुनसुकै शैक्षिक संस्थाको नक्कली प्रमाणपत्र बन्ने गरेको बताए।

'खड्काको महाराजगन्जमा नक्कली प्रमाणपत्र उत्पादन गर्ने कारखाना नै रहेछ। सिआइबीले छापा मारेर गरेको अनुसन्धानपछि उसले वर्षौंदेखि यस्तो धन्दा चलाउँदै आएको खुल्यो। उसको कारखानाबाट भएजति सबै संघसंस्थाको नक्कली प्रमाणपत्र उत्पादन हुने गरेको देखिएको छ,' उनले भने।

सिआइबीका अनुसार खड्काले सरकारी कार्यालय मालपोत, नापी, नगरपालिका, वडा कार्यालय, प्रहरी कार्यालय, कर कार्यालय, काठमाडौं जिल्ला अदालतको समेत नक्कली छाप बनाउँदै आएका थिए। प्रहरीले उनको कारखानाबाट विभिन्न राजनीतिक दलका समेत नक्कली छाप बरामद गरेको छ। त्यसबाहेक विभिन्न बैंक, तथा वित्तीय संस्थाको लेटरप्याड, बैंक स्टेटमेन्ट, नक्कली छाप पनि उत्पादन गर्दै आएका थिए। उनीविरुद्ध अनुसन्धानका लागि पाँच दिनको म्याद थप भएको छ।

छात्रामाथि यौन दुर्व्यवहार आरोपमा शिक्षक पक्राउ

लहान/ पहिलो त्रैमासिक परीक्षा दिनेक्रममा नबुझेको प्रश्न सोध्दा छात्रामाथि यौन दुर्व्यवहार गरेको आरोपमा एक शिक्षक पक्राउ परेका छन्। सप्तरीको सुरुंगा नगरपालिका- ५ कुशहास्थित मसिलाल जनता माबि (प्राविधिक धार)मा अनिवार्य विज्ञान विषयको त्रैमासिक परीक्षा दिनेक्रममा गार्ड बसेका विषयगत शिक्षक सन्तोषकुमार पन्जियारलाई प्रहरीले पक्राउ गरेको हो। प्रहरीका अनुसार विद्यालयमा करिब दुई वर्षदेखि कार्यरत माध्यमिक शिक्षा तृतीय तहका विज्ञान विषयका शिक्षक पन्जियारलाई शुक्रबार बिहान विद्यालयपरिसरबाटै पक्राउ गरिएको हो।

उनलाई बाल यौन दुरुपयोगसम्बन्धी कसुरमा शुक्रबार सप्तरी जिल्ला अदालतबाट पहिलोपटक पाँच दिनको म्याद लिएर अनुसन्धान थालिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक जितेन्द्रकुमार बस्नेतले बताए। उनका अनुसार पक्राउ गरिएका शिक्षक पन्जियारलाई कडरबोना प्रहरीमा राखेर थप अनुसन्धान भइरहेको छ। गत २९ असारदेखि विद्यालयमा सञ्चालित पहिलो त्रैमासिक परीक्षा दिन थालेकी कक्षा १० मा अध्ययनरत १५ वर्षीया छात्रामाथि तेस्रो दिन विज्ञान विषयको परीक्षा दिने क्रममा पन्जियारले दुर्व्यवहार गरेका हुन्। विषयगत शिक्षक नै गार्ड बसेकाले परीक्षामा नबुझेको प्रश्न सोध्दा छेउमा आएर पिठ्यूँमा हात राख्दै क्रमशः संवेदनशील अंगमा हात पुऱ्याएको पीडित छात्राकी आमाले प्रहरीमा दिएको जाहेरीमा उल्लेख छ।

सामाजिक सञ्जालको डरले विराटनगरको सडकमा फोहोर फाल्ने हराए

महानगरले सिसिटिभी फुटेज वा प्रत्यक्ष खिचिएका तस्बिरमार्फत फोहोर फाल्नेको नामसहित फोटो सामाजिक सञ्जालमा पोस्ट गर्न थालेपछि सडकमा देखिन छाड्यो फोहोर

विराटनगरमा **गणेश लम्साल**

सामाजिक सञ्जालबाट फोहोर फाल्नेको निगरानी सुरु गरेपछि विराटनगरमा सडक र सार्वजनिकस्थलमा जथाभावी फोहोर फाल्नेको संख्यामा कमी आउन थालेको छ। विराटनगर महानगरपालिकाले १० वर्षअघि नै फोहोरमैला व्यवस्थापन निर्देशिका जारी गरे पनि प्रभावकारी कार्यान्वयन हुन सकेको थिएन। तर, फेसबुकमा नामसहित फोहोर फालिरहेका व्यक्तिका तस्बिर सार्वजनिक गर्न थालेपछि रातबिरात सडकमा फोहोर फाल्नेको संख्या हराउँदै गएको हो।

महानगरको फोहोरमैला व्यवस्थापन शाखाले सिसिटिभी फुटेज वा प्रत्यक्ष खिचिएका तस्बिरमार्फत फोहोर फाल्नेको नामसहित फोटो सामाजिक सञ्जालमा पोस्ट गर्न थालेपछि सडकमा फोहोर फालेर हिँड्ने पुरानो चलन हराउँदै गएको छ। शाखा प्रमुख पुनम दाहालले निर्देशिकाअनुसार जरिवाना गर्दा मात्र कुनै सुधार नआएको बताइन्। 'राति फोहोर फाल्नेहरू को हुन् भनेर पत्ता लगाउन गाह्रो भइरहन्थ्यो। तर, फेसबुक पेजमा नाम, अनुहार र ठेगानासहित फोटो र भिडियो सार्वजनिक गर्न थालेपछि मानिसहरू हच्चिकन थालेका छन्। हामीलाई कारबाही गर्न सहज भएको छ,' उनले भनिन्।

विराटनगरमा दैनिक करिब १०० टन फोहोर उत्पादन हुन्छ, जसमा ६० प्रतिशत अर्गानिक, २२ प्रतिशत प्लास्टिक, ७ प्रतिशत कागज, २ प्रतिशत कपडा, १.५ प्रतिशत सिसा, १.५ प्रतिशत छाला र ८ प्रतिशत अन्य फोहोर हुन्छ। तर, यसअघि 'फोहोर उठाउने काम महानगरको हो' भन्ने मानसिकताले सडक र नालामा फोहोर फाल्ने समस्या रहँदै आएको थियो। फोहोरमैला व्यवस्थापन शाखाका सुपरभाइजर किरण न्यौपानेका अनुसार सामाजिक सञ्जाललाई निगरानीको हतियार बनाएपछि सडकमा फोहोर फाल्न मान्छे हच्चिकएका छन्। महानगरले ०७८ मंसिरदेखि पाँच वर्षका लागि निजी साझेदारसँग मिलेर घरदैलोमै फोहोर संकलन गर्दै आएको छ। हाल २० हजार सात सय ७८ जना सदस्य छन्, जसका घर, पसल, व्यवसाय र मठमन्दिरबाट हप्तामा दुईपटक फोहोर उठाउने व्यवस्था छ। महानगरले फोहोर संकलनका सवारीसाधनमा जिपिएस जडान, अनलाइन भ्याट बिल तथा एसएमएस सेवा सञ्चालन गरेको छ। व्यवसाय दर्ताका लागि सफाइ कार्ड अनिवार्य गरिएको, भित्तेलेखन र माइकमार्फत सचेतना कार्यक्रम सञ्चालन गरिएको छ। रथयात्रा, चाडपर्वमा निस्किएको फोहोर तुरुन्त व्यवस्थापन गर्ने, बन्द नाला, कल्भर्ट र भूमिगत साइफन खोल्ने विशेष कार्यक्रम पनि सफलतापूर्वक सम्पन्न भइसकेका छन्।





● **पुनम दाहाल**, प्रमुख, विराटनगर महानगरपालिका फोहोरमैला व्यवस्थापन शाखा

राति फोहोर फाल्नेहरू को हुन् भनेर पत्ता लगाउन गाह्रो भइरहन्थ्यो। तर, फेसबुक पेजमा नाम, अनुहार र ठेगानासहित फोटो र भिडियो सार्वजनिक गर्न थालेपछि मानिसहरू हच्चिकन थालेका छन्। हामीलाई कारबाही गर्न सहज भएको छ।

■ फोहोरमैला व्यवस्थापनको चुनौती कायमै

फोहोर व्यवस्थापनका लागि ०८०/८१ मा एक करोड २५ लाख र ०८२/८३ मा एक करोड ६० लाख रुपैयाँ विनियोजन गरे पनि उपकरण र व्यवस्थित डम्पिङसाइट अभावले अझै समस्या समाधान हुन सकेको छैन। हाल ७६.९९ वर्ग किमि क्षेत्रफल र दुई लाख ५० हजार जनसंख्या भएको महानगरमा ४७ हजार सात सय ९८ घरधुरी छन्। पर्याप्त नगरप्रहरी नहुँदा राति फोहोर फाल्नेको निगरानीमा समस्या भइरहेको छ। नगर प्रहरीको आवश्यक संख्या करिब १०० जना भए पनि हाल १७ जना मात्रै कार्यरत छन्।

शाखा प्रमुख दाहालका अनुसार कुहिने फोहोर घरमै व्यवस्थापन गर्ने र नकुहिने फोहोर घटाउने चेतना अझै फैलिन बाँकी छ। पर्याप्त डम्पिङसाइट नभएको र फोहोर व्यवस्थापनको जिम्मेवारी केवल नगरपालिकामाथि थोपर्ने प्रवृत्तिले समस्या समाधानमा ढिलाइ भइरहेको छ। 'समस्या र चुनौती त छन्, तर निरन्तर अनुगमन र सामाजिक सञ्जालको डरका कारण अहिले सडकमा खुला फोहोर देखिने अवस्था हराउँदै गएको छ,' दाहालले भनिन्, 'मानिसमा फोहोर सडकमा होइन, घरबाटै दिनुपर्ने चेतना जाग्दै गएको छ।" फोहोरमैला निष्कासन, संकलन तथा अन्तिम विसर्जनसम्बन्धी ०६८ मा जारी निर्देशिकाअनुसार सडक वा सार्वजनिक स्थानमा फोहोर फाल्नेले पहिलोपटक पाँच सयदेखि पाँच हजार रुपैयाँसम्म जरिवाना तिर्नुपर्छ। कुहिने र नकुहिने फोहोर छुट्याएर मात्र फाल्न पाइन्छ।

राजनीतिमा 'अनुभवी' नयाँ अनुहारको आवश्यकता

अब परम्परागत दलको विकल्प खोज्ने र स्वच्छ, सक्षम तथा इमानदार नेतृत्वका लागि बाटो खोल्ने समय आएको छ



● सुरेशकुमार कार्की
अग्रलेख

वर्तमान राजनीतिक परिदृश्यमा देखिएको जटिलता र अनिश्चितताले राष्ट्रिय बहसलाई एउटा नयाँ मोडमा पुऱ्याएको छ। दशकौँदेखि अस्थिर सरकार, व्यापक भ्रष्टाचार र कमजोर नीति कार्यान्वयनले देशले अपेक्षित प्रगति गर्न नसक्दा आमनागरिकमा राजनीतिक नेतृत्वप्रति गहिरो निराशा र वितृष्णा छाएको छ, जसले परिवर्तनको तीव्र चाहना बढाएको छ।

परिवर्तनको आवश्यकता : नेपालको राजनीतिक यात्रा दशकौँदेखि अस्थिरता र चुनौतीले घेरिएको छ। सरकार फेरबदल भइरहने, दलीय स्वार्थ हाबी हुने र राष्ट्रिय एजेन्डा ओझेलमा पर्ने प्रवृत्तिले देशलाई निरन्तर अनिश्चिततातर्फ धकेलिरहेको छ। राजनीतिक नेतृत्वले सुशासन, आर्थिक विकास र जनजीविकाका आधारभूत समस्या समाधान गर्न सकेको छैन। भ्रष्टाचारले जरो गाडेको छ, दण्डहीनताले विधिको शासनलाई कमजोर बनाएको छ र जनतामा राज्यप्रतिको विश्वास क्षय हुँदै गएको छ। युवा जनशक्ति निराश भई ठुलो संख्यामा विदेश पलायन भइरहेका छन्, जसले देशको भविष्यमाथि नै प्रश्न खडा गरेको छ।

परम्परागत राजनीतिक दलबाट परिवर्तनको आशा मन्द हुँदै गएको यो परिस्थितिमा, राष्ट्रिय हितलाई सर्वोपरी राख्ने र इमानदारीपूर्वक काम गर्ने नेतृत्वको खोजी भइरहेको छ। यो गम्भीर राष्ट्रिय संकटले अब केवल 'नयाँ अनुहार' मात्र नभई नयाँ सोच र कार्यशैली बोकेका व्यक्तिहरूको राजनीतिक हस्तक्षेपको माग गरेको छ। राजनीतिक दलभित्रको आन्तरिक द्वन्द्व, राष्ट्रिय चिन्तनको कमी, सिद्धान्तहीन गठबन्धन, असीम भ्रष्टाचार र शक्ति बाँडफाँटको फोहोरी खेलले आमनागरिकलाई वाक्कदिक्क बनाएको छ।

पूर्वसुरक्षाकर्मी तथा राष्ट्रसेवकको अनुभव र क्षमता : पूर्वसुरक्षाकर्मी तथा राष्ट्रसेवकहरू, विशेषगरी उच्च पदमा पुग्ने व्यक्तित्वको अनुभव अत्यन्तै विविधतायुक्त र गहन हुन्छ। विशेषतः सैनिक सेवाका उच्च अधिकारीले रणनीतिक योजना, ठुला संगठनको व्यवस्थापन, जटिल परिस्थितिको विश्लेषण र द्रुत निर्णय क्षमताजस्ता सीप विकास गरेका हुन्छन्। सैन्य अधिकारीले राष्ट्रका सुरक्षा चुनौती, भूराजनीतिक समीकरण र अन्तर्राष्ट्रिय सम्बन्धको सूक्ष्म ज्ञान प्राप्त गरेका हुन्छन्, जुन राष्ट्रिय हितरक्षा र परराष्ट्र नीति निर्माणमा अमूल्य साबित हुन सक्छ। उनीहरूले विभिन्न मिसन र अभ्यासमा संलग्न हुँदा नेतृत्व, समन्वय र परिणाममुखी कार्यशैलीको प्रत्यक्ष अनुभव लिएका हुन्छन्। कठोर अनुशासन र इमानदारी उनीहरूको व्यक्तित्वको अभिन्न अंग बनेको हुन्छ। यसबाहेक, स्रोतको कुशल व्यवस्थापन, जोखिम न्यूनीकरण र संकटकालीन अवस्थामा संयमता कायम गर्ने उनीहरूको क्षमताले राष्ट्रिय राजनीतिमा प्रवेश गर्दा सुशासन र प्रभावकारी कार्यसम्पादनमा महत्त्वपूर्ण टेवा पुऱ्याउन सक्छ। अझ सैन्य प्रणालीभित्रै विभिन्न प्राविधिक, व्यवस्थापकीय र मानवीय पक्षको तालिम र अनुभवले उनीहरूलाई नागरिक क्षेत्रका जटिलता बुझ्न र समाधान खोज्न सक्षम बनाएको हुन्छ। उनीहरूको यो अनुभव नागरिक प्रशासनको सुदृढीकरणका लागि समेत प्रभावकारी हुन सक्छ, जहाँ दक्षता र प्रभावकारिताको अभाव अक्सर देखिन्छ।

अमेरिकामा, जर्ज वासिंटनदेखि ड्वाइट डी आइजनहावरसम्मका कैयौँ राष्ट्रपति पूर्वजनरल थिए, जसले आफ्नो सैन्य अनुभवलाई राष्ट्र निर्माणमा सफल रूपमा प्रयोग गरे। इजरायलका एहुद बाराकजस्ता पूर्वप्रधानमन्त्रीले पनि यसलाई प्रमाणित गरेका छन्।

राज्यले अवसर र स्थान प्रदान गरेको खण्डमा पूर्वसुरक्षाकर्मी तथा राष्ट्रसेवक अधिकारीको अनुभव र क्षमतालाई सिर्जनात्मक रूपमा राज्यले प्रयोग गर्न सकेमा राष्ट्र र जनतालाई फाइदा पुग्छ। अझ हाम्रोजस्तो राजनीतिक अस्थिरता भएको मुलुकमा पूर्वसुरक्षाकर्मी र राजनीतिकर्मीबिचको समन्वय, सहकार्य तथा तालमेल मिलाउन सकिएको खण्डमा यो प्रयास समग्र राष्ट्र र जनताकै हितमा हुनेछ। हरेक राजनीतिक पार्टी, संघसंस्था, संगठन, व्यक्तिगत तहबाट पनि व्यक्तिगत स्वार्थभन्दा माथि उठी समग्र राष्ट्रको बृहत्तर हितका निम्ति लाग्ने हो भने सबै वर्ग, क्षेत्र तथा समुदायलाई एकताबद्ध गर्दै लैजान सकेको खण्डमा वर्तमान अस्थिरतालाई सजिलै स्थिरतामा बदल्न सकिन्छ।

राष्ट्रिय सुरक्षा र कूटनीतिमा रणनीतिक नेतृत्व : राष्ट्रिय राजनीतिमा पूर्वसुरक्षाकर्मीको प्रत्यक्ष सहभागिताले राष्ट्रिय सुरक्षा र परराष्ट्र नीतिका क्षेत्रमा रणनीतिक लाभ पुग्न सक्छ। उनीहरूसँग सुरक्षा रणनीति निर्माण, प्रतिरक्षा नीतिको पुनरावलोकन र आन्तरिक सुरक्षासम्बन्धी योजनालाई अझ बलियो बनाउन सक्ने व्यावहारिक ज्ञान हुन्छ। अन्तर्राष्ट्रिय सम्बन्धको जटिलता बुझेका, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको विभिन्न तालिम प्राप्त गरेका र विभिन्न देशका सैन्य तथा कूटनीतिक प्रतिनिधिसँग काम गरेकाले उनीहरूले परराष्ट्र नीति निर्माण र कूटनीतिक पहलमा महत्त्वपूर्ण र यथार्थपरक भूमिका खेल्न सक्छन्।

सुरक्षासम्बन्धी सन्धि-सम्झौताको समीक्षा र नयाँ सम्झौतामा उनीहरूको विशेषज्ञता अपरिहार्य हुन्छ। राष्ट्रिय वा अन्तर्राष्ट्रिय संकटका वेला, उनीहरूको संकट व्यवस्थापन र द्रुत निर्णय लिने क्षमताले कूटनीतिक समाधान खोज्न र राष्ट्रिय हितलाई सुरक्षित राख्न मद्दत पुऱ्याउँछ। उदाहरणका लागि, सीमा विवाद, भूराजनीतिक दबाब वा क्षेत्रीय द्वन्द्वका वेला उनीहरूको बृहत् ज्ञानले राष्ट्रलाई सही दिशामा डोऱ्याउन सक्छ। यो क्षमता केवल सैद्धान्तिक ज्ञानमा आधारित नभई वर्षौंको व्यावहारिक अनुभवमा आधारित हुने भएकाले राष्ट्रका लागि यसको मूल्य उच्च हुन्छ।



अमेरिकी पूर्वजनरल कोलिन पावेलले परराष्ट्रमन्त्रीका रूपमा विश्व कूटनीतिमा महत्त्वपूर्ण योगदान दिए। हालै, भारतका पूर्वचिफ अफ डिफेन्स स्टाफ दिवंगत विपिन रावतले सुरक्षा नीति-निर्माणमा ठुलो भूमिका खेलेका थिए।

सुशासन र जवाफदेही सरकारको निर्माण : सुरक्षा निकायका अधिकारीमा पाइने शैक्षिक योग्यता, विदेशमा गरिएका बृहत् तालिम, कडा अनुशासन, स्पष्ट नेतृत्व क्षमता र व्यवस्थापकीय सीपले राष्ट्रिय राजनीतिमा सुशासन कायम गर्न र प्रभावकारी नेतृत्व प्रदान गर्न महत्त्वपूर्ण सहयोग पुऱ्याउँछ। उनीहरूसँग दीर्घकालीन रणनीतिक सोच हुन्छ, जसले राष्ट्रिय विकास योजना र नीति निर्माणमा महत्त्वपूर्ण योगदान दिन सक्छ। जटिल राजनीतिक मुद्दामा छिटो र प्रभावकारी निर्णय लिने तथा त्यसलाई अनुशासित ढंगले कार्यान्वयन गर्ने क्षमता उनीहरूमा हुन्छ, जसले सरकारी संयन्त्रमा पारदर्शिता र जवाफदेहिता बढाउन सक्छ।

आफ्नो सेवामा ठुला बजेट र स्रोत व्यवस्थापन गरेको अनुभवले उनीहरूले राष्ट्रिय बजेटको सदुपयोग र सार्वजनिक सम्पत्तिको कुशल व्यवस्थापनमा ध्यान दिन सक्छन्। भ्रष्टाचार र अनियमिततामा शून्य सहिष्णुता कायम गर्न उनीहरूको कठोर नैतिक आचरण सहायक हुन सक्छ। यसले गर्दा सरकारको कार्यसम्पादनमा सुधार आउने, जनताले सेवा प्रवाहमा सहजता पाउने र सुशासनको प्रत्याभूति हुने सम्भावना रहन्छ। उनीहरूको नेतृत्वले 'हाइरार्की'भित्र पारदर्शिता र उत्तरदायित्वको संस्कृति विकास गर्न सक्छ, जुन अहिलेको राजनीतिमा अभाव छ।

सार्वजनिक विश्वास र नागरिक-सैन्य सन्तुलन : केही देशमा, सैन्य संस्थालाई नागरिकले राजनीतिक दलको तुलनामा बढी विश्वास गर्छन्। नेपालमा पनि विभिन्न समयमा राजनीतिक अस्थिरता बढ्दा, सेनाको तथा सुरक्षा निकायको भूमिकाप्रति जनताको विश्वास सकारात्मक देखिएको छ। यसले पूर्वसुरक्षाकर्मीलाई देशका विद्वत् तथा युवा जमातसाथ राजनीतिक क्षेत्रमा प्रवेश गराउँदा जनविश्वास जित्न सजिलो हुन्छ। राष्ट्रसेवामा जीवन समर्पित गरेका कारण उनीहरूलाई निष्ठावान् र समर्पित व्यक्तिका रूपमा हेरिन्छ। यसले गर्दा उनीहरूमाथि जनताको भरोसा बढ्न सक्छ, जसका साथै राष्ट्रिय उद्योगपति तथा व्यावसायिक समूह, कृषक, युवा, विद्वत् वर्गलगायत सबैलाई समेटेर नेतृत्वदायी भूमिका दिनु अपरिहार्य छ, जसले नयाँ राजनीतिक शक्ति स्थापना गर्न सहज हुन्छ।

> पूर्वसुरक्षा अधिकारीले केवल सल्लाहकार वा विश्लेषकको भूमिकामा मात्र सीमित नरही प्रत्यक्ष रूपमा राष्ट्रिय राजनीतिको 'फोहोर' सफा गर्ने अभियानमा लाग्नुपर्छ

प्रजातान्त्रिक मुलुकमा नागरिक र सैन्यबिचको सम्बन्ध सन्तुलित राख्नुपर्छ भन्ने सिद्धान्तलाई पूर्वसुरक्षाकर्मी राजनीतिमा आएर अझ बलियो बनाउन सक्छन्। उनीहरू स्वयं नागरिक नेतृत्वको अधीनमा रहेको सेनाका सदस्य भइसकेकाले, राजनीतिक भूमिकामा आएपछि नागरिक सर्वोच्चताको सम्मान गर्दै काम गर्न सक्छन्। यसले सुरक्षाकर्मीलाई राजनीतिबाट टाढा राख्दै, तर सुरक्षाकर्मीको अनुभवलाई राष्ट्रहितमा प्रयोग गर्ने सन्तुलित मार्ग प्रदान गर्छ।

'टाइम पास'बाट सक्रिय सहभागिता : सैद्धान्तिक रूपमा, नेपालका पूर्वसुरक्षाकर्मीसँग देशको सुरक्षा, सुशासन, नीति निर्माण र सामाजिक विकासमा अतुलनीय योगदान दिन सक्ने ज्ञान र अनुभव छ। सेना तथा प्रहरीका अधिकृतहरूमा उनीहरूले आफ्नो सेवामा सिकेका अनुशासन, रणनीतिक सोच र नेतृत्व क्षमतालाई राष्ट्र निर्माणको बृहत् प्रक्रियामा प्रयोग गर्न सके देशले ठुलो लाभ लिन सक्छ। यद्यपि, वर्तमान यथार्थमा कतिपय अवस्थामा केही अवकाशप्राप्त सुरक्षाकर्मी टेनिस वा गल्फ खेलेर, सामाजिक जमघटमा मात्र रमाई वा व्यक्तिगत मनोरञ्जनमा मात्र सीमित रहेका भेटिन्छन्। यसले उनीहरूको ज्ञान र अनुभवलाई राष्ट्रले पूर्ण सदुपयोग गर्न नपाएको बुझिन्छ। आफ्ना गाउँ, नगर र समाजका कतिपय सामाजिक कार्यमा पूर्वसुरक्षाकर्मीको सहभागिता अझ बढी गराउनु अपरिहार्य छ।

सुरक्षा नीति होस् या विपत् व्यवस्थापन, ठुला पूर्वाधार निर्माण होस् वा सुशासन, पूर्वसुरक्षा अधिकारीको सक्रिय संलग्नता र योगदानको अपेक्षा गरिन्छ। अब उनीहरूले केवल सल्लाहकार वा विश्लेषकको भूमिकामा मात्र सीमित नरही प्रत्यक्ष रूपमा राष्ट्रिय राजनीतिको 'फोहोर' सफा गर्ने अभियानमा लाग्नुपर्ने वेला आएको छ। राष्ट्रले उनीहरूको लामो सेवाबाट प्राप्त ज्ञानलाई अधिकतम प्रयोग गर्न पाउनुपर्छ र उनीहरूले पनि आफ्नो ज्ञानलाई राष्ट्रका लागि समर्पित गर्नुपर्छ, चाहे त्यो स्थानीय तहमै किन नहोस्।

निष्कर्ष : नेपालको वर्तमान राजनीतिक दुर्दशालाई मध्यनजर गर्दै, अब परम्परागत दलहरूको विकल्प खोज्ने र स्वच्छ, सक्षम तथा इमानदार नेतृत्वका लागि बाटो खोल्ने समय आएको छ। यस सन्दर्भमा, अवकाशप्राप्त सैन्य अधिकारी र अन्य अनुभवी राष्ट्रसेवक कर्मचारीले सक्रिय राजनीतिमा आउनु राष्ट्रिय आवश्यक छ।

एक सैनिक जनरल आफ्नो कार्यकालको अवधिमा गुल्मपति (जिल्ला तह), गणपति (दुई-तीन जिल्ला हेर्ने), बाहिनीपति (अञ्चल हेर्ने) र पृतनापति (विकास क्षेत्र/प्रदेश हेर्ने), सेनाको उच्च तहको शिक्षालय हेर्ने शिक्षाधिकृत तथा सेनाको संगठन चलाउने उच्च तहका अधिकृत भई देशका विविध विषयमा देश चलाउने ज्ञान हासिल गरेको एक कुशल अधिकारी हुन्छन्। उनीहरूको नेतृत्व क्षमता, अनुशासन, रणनीतिक सोच र राष्ट्रसेवाप्रतिको निष्ठाले नेपालको राजनीतिमा नयाँ आयाम थप्न सक्छ। यद्यपि, उनीहरूले नागरिक सर्वोच्चताको सिद्धान्तलाई सम्मान गर्दै व्यक्तिगत स्वार्थभन्दा माथि उठेर काम गर्नुपर्छ।

अबका दिनमा उनीहरूको ज्ञान र अनुभवलाई केवल गोष्ठी र 'टाइम पास'मा मात्र सीमित नगरी प्रत्यक्ष रूपमा राष्ट्रनिर्माणको अभियानमा जोड्न सके नेपाल नयाँ युगमा प्रवेश गर्न सक्छ। के यो गर्नु उपयुक्त हुँदैन त ? के देश र जनताप्रति देशका सच्चा सपूतको उत्तरदायित्व हुन्न त ? विगतमा एक उत्कृष्ट विद्यार्थी भई सरकारी सेवामा छनोट भएको व्यक्तिले ऊभन्दा सयौँ गुणा पछाडि रहेका व्यक्ति राजनीतिज्ञ भई देश सञ्चालन गरेको अनि देशलाई बर्बाद पारेको टुलुटुलु हेरी मात्र राख्ने त ? के आजका आफ्ना सन्ततिलाई विग्रह र विसंगतिविरुद्ध जागरुक नगराउने त ?

(नेपाली सेनाका अवकाशप्राप्त उपरथी कार्की राष्ट्रिय सेवा दलका पूर्वकार्यकारी महानिर्देशक हुन्)

---

३ प्रश्न

पूर्वमहालेखा नियन्त्रक **गोपीनाथ मैनाली**लाई



असारे विकास गत आर्थिक वर्षको अन्त्यमा पनि चर्कै देखियो। यसले के संकेत गर्छ ?

यसले बजेट कार्यान्वयनका सन्दर्भमा लेखा उत्तरदायी अधिकृत र राजनीतिक नेतृत्वको गम्भीर कमजोरी उजागर गरेको छ। विकास बजेट खर्चमा ढिलासुस्ती भयो, यसले गर्दा समयमै सार्वजनिक खरिद प्रक्रिया सुरु गर्न अप्ठ्यारो भयो भनेर हामीले १५ जेठमै अर्ली बजेट ल्याउने र चालू आर्थिक वर्षको अन्त्यसम्ममा आगामी आर्थिक वर्षको बजेट पारित गरिसक्ने संवैधानिक व्यवस्था ल्याएका हौँ। तर, अधिकार र जिम्मेवारी पाएका अधिकारीले उत्तरदायित्व पूरा नगर्दा जहिल्यै असारे खर्चको नियति वर्षौंदेखि दोहोरिइरहेको छ।

२५ असारपछि पनि अर्बौं खर्च भएको देखियो नि ?

सामान्य आर्थिक कारोबारका लागि २४ असारपछि सरकारका खाता बन्द हुन्छन्। खाता बन्द भइसकेपछि गरिने भुक्तानी वित्तीय अनुशासनहीनताको पराकाष्ठा हो। राष्ट्रिय विपत्ति, अत्यावश्यक परिस्थिति आदिमा खर्च गर्न कानुनले वर्जित गर्दैन। तर, त्यसका आडमा अन्य सामान्य खर्चमा पनि भुक्तानी गर्नु भनेको प्राप्त अधिकारको दुरुपयोग हो।

के यो हाम्रो अर्थतन्त्रको निको हुनै नसक्ने असाध्य रोग हो ?

असारे खर्चको अपसंस्कृति हाम्रो बजेटमा व्यवस्थापन गर्नै नसक्ने समस्या होइन। राजनीतिक नेतृत्व सतही हुँदा र जिम्मेवार सरकारी अधिकारी अति ब्युरोक्रेटिक हुँदा समयमै बजेट खर्च हुन नसकेको हो। बरु खर्च भएन भने समस्यामा परिन्न, खर्च भएमा समस्यामा परिएला कि भन्ने डरले पनि सुरुमा खर्च नगर्ने र पछि कतैको दबाब या प्रभावका कारण हतारमा खर्च गर्दा यस्तो देखिन गएको हो। विकास बजेट खर्चलाई कर्मचारीको वृत्ति विकाससँग जोडेर मूल्यांकन गर्ने परिपाटी भएमा यसमा सुधार हुन सक्छ। बारम्बार उही असारे खर्चको नियति दोहोरिइरहनु भनेको हाम्रा जिम्मेवार संस्थाहरूको असफलता या कमजोरीको प्रमाण पनि हो।

प्रेरक प्रसंग

भ्यागुतो र नौनी

गाउँको गोठनजिकै एउटा भ्यागुतो खुसीले उफ्रँदै यताउता गरिरहेको थियो। त्यहाँ नजिकै केही घर र गोठ थिए। भ्यागुतोलाई गोठको वरिपरि घुमेर हेर्न मन लाग्यो। ऊ गोठको वरिपरि के रहेछ भनेर जान्न चाहन्थ्यो। भ्यागुतो खुसीले बुरुकबुरुक उफ्रँदै यताउता दौडिन थाल्यो। खुसीले उफ्रँदा उसले कहाँ के छ र कता जाँदा कस्तो खतरा हुन सक्छ भन्नेतिर ध्यान दिएन। परिणामतः ऊ दुध राखिएको एउटा अलि गहिरो भाँडामा खस्यो।



भाँडामा खसेपछि उसको सातो गयो। उसले भाँडाबाट बाहिर निस्कने भरमग्दुर प्रयत्न गऱ्यो। तर, भाँडो उसको आकारका आधारमा हेर्दा निकै गहिरो भएकाले ऊ बाहिर निस्कन सक्ने सम्भावना थिएन। जतिसुकै प्रयत्न गरे पनि ऊ दुधको भाँडाबाट बाहिर निस्कन सकेन। बाहिर निस्कन नसके पनि उसले हिम्मत भने हारेन। उसले बाहिर निस्कने प्रयत्न जारी नै राख्यो। ऊ जसरी पनि बाहिर निस्कन चाहन्थ्यो। त्यसैले, उसले आफ्नो प्रयासलाई निरन्तरता दियो। ऊ यता घुम्यो, उता घुम्यो। कहिले यता गयो, कहिले उता। तर, उसको प्रयास सब बेकार भयो। ऊ बाहिर निस्कन सकेन।

तर, भ्यागुताले जतिजति यताउता गर्दै गयो, त्यति नै त्यो दुधबाट नौनी निस्कँदै गयो। अनि बिस्तारै सबै नौनी एकै ठाउँमा जम्मा हुँदा भाँडाभित्र नौनीको ठुलै डल्लो तयार भयो। उसले यताउता गर्दागर्दै नौनीको डल्लो कडा पनि हुँदै गयो। जब नौनीको ठुलै डल्लो तयार भयो, त्यसपछि त्यो भ्यागुतो सोही नौनीमाथि टेकी बलैले उफ्रेर बाहिर निस्कियो।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

नेता-कार्यकर्ताको परीक्षण होस्

देशमा गणतन्त्र आएको पनि दुई दशक हुन लागिसक्यो। यसबिच देशको गणतान्त्रिक सत्तामा अनेक नामधारी दल र तिनका नेता-कार्यकर्ता पुगे। तर, ती नेता-कार्यकर्ता इमानदार बन्न नसक्दा जनताले सुशासनको अनुभूति गर्न पाएनन्। त्यसैले, अबका दिनमा सत्तामा जानुअघि इमानदारी र नैतिकताको कसीमा बेस्सरी घोटेर दलका नेता-कार्यकर्ता सबैको परीक्षण गरियोस्। विशेषगरी पटक-पटक सत्तामा पुगेका र भविष्यमा पनि पुग्ने कांग्रेस, एमाले, माओवादी, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी र मधेशी पार्टी आदि धेरै पार्टीका नेता-कार्यकर्ताको परीक्षण हुनु अत्यावश्यक छ।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं
nikhilcomwizard@gmail.com

नेता पोखरेलले ठिक भने

एमाले वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले पार्टीको केन्द्रीय सचिवाल बैठकमा अध्यक्ष केपी शर्मा ओलीले अब केही गर्न नसक्ने भन्ने तपाईं अब केका लागि तेस्रोपटक अध्यक्ष बन्न दौडिरहनुभएको छ भनेर सही प्रश्न गरेका छन्। उमेर हुँदा त गतिलो काम गर्न नसकेका ओलीले अब बुढ्यौली र रोगले थलिँदै जाने समयमा के नै गर्लान् र ?

● **सुजना खरेल**
कोटेश्वर, काठमाडौं

७० वर्षे उमेरहद राख्नैपर्छ

यतिखेर एमालेभित्र विधान संशोधन गरेर अध्यक्ष ओलीलाई तेस्रो कार्यकालका लागि बाटो खुला गर्ने तिकडम चलिरहेको छ। पार्टी विधानले ७० वर्षपछि पार्टीको सक्रिय राजनीति गर्ने बाटो बन्द गरेको छ भने कार्यकारी पदमा रहेर दुई कार्यकाल काम गरेपछि पार्टीमा तेस्रो कार्यकालका लागि कार्यकारी पदमा जान नपाइने व्यवस्था गरेको छ। यो व्यवस्था कायमै राख।

● **बलराम मरासिनी**
सतुंगल, काठमाडौं

७० वर्षेमा गोप्य मतदान गर

यतिखेर एमाले आफ्नो विधान कस्तो बनाउने भन्ने विषयमा घनीभूत छलफलमा जुटेको छ। सचिवालय, पोलिटब्युरो, केन्द्रीय कमिटी हुँदै २० देखि २२ भदौसम्म सञ्चालन हुने विधान अधिवेशनबाट ७० वर्षे उमेर हद रहने या नरहने, दुई कार्यकालभन्दा बढी अध्यक्ष बन्न पाउने या नपाउने, केन्द्रीय सचिवालय कति सदस्यीय बन्ने ? जस्ता विषयमा छिनोफानो हुनेछ। तर, त्यसअघि यिनै विषयलाई लिएर एमालेका आन्तरिक फोरममा तीव्र बहस र वादविवाद चलिरहेको छ।

सचिवालय बैठकमा अध्यक्ष ओली र वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलबिच जुहारी नै चल्यो भने पोलिटब्युरो बैठकमा पनि अध्यक्ष ओली र पोलिटब्युरो सदस्य कर्ण थापाबिच त्योभन्दा ठुलो विवाद भयो। थापाले त बैठकमै ओलीद्वारा लिखित पार्टीको लोकतान्त्रीकरण किताबको केही अंश नै बैठकमा सुनाएका थिए। जसमा स्वयं ओलीले आफू ६० वर्षको हुँदा ७० वर्षपछि सबै नेताले वैधानिक रूपमै बहिर्गमन हुनुपर्ने र दुई कार्यकालभन्दा बढी अध्यक्ष हुन नपाउने लेखिएको थियो। यो लेख्दै गर्दा माधव नेपालका कारण ओलीले अवसर पाइरहेका थिएनन्। त्यतिवेला माधवलाई रोक्न ओलीले ल्याएको नीति अहिले विद्या भण्डारीलाई रोक्न स्वयं ओलीद्वारा तोड्न खोजिँदै छ। जुन व्यावहारिक र न्यायोचित छैन। किनकि, ७० वर्ष हुँदा पनि पदकै लोभ गरिन्छ भने उनीहरूलाई काँध थाप्न तयार युवाले चाहिँ कहिले अवसर पाउने ? एउटा कर्मचारी ६० वर्षमा रिटायर्ड हुन्छ भने नेता ७० वर्षमा पनि रिटायर्ड हुन किन नमान्ने ? यसर्थ, यदि ओली र उनको गुटमा अलिकति पनि साहस र हिम्मत छ भने यी दुई विषयको छिनोफानो विधान महाधिवेशनमा गोप्य मतदानबाट गरियोस्।

● **गोपाल देवकोटा**, चाबहिल, काठमाडौं
gopaldevkota@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

सगरमाथा क्षेत्रमा पदयात्राबारे सोच्दै हुनुहुन्छ ?

स्थानीय रूपमा ख्यातिप्राप्त ट्रेकिङ एजेन्सी प्रयोग गर्नु महँगो पर्न सक्छ, तर यसले सुरक्षाको सुनिश्चितता गर्छ




देश/विदेश
● हेइक स्केन्जेल ● मिकल एपोलो

काठमाडौंमा सगरमाथा आधार शिविरसम्मको पदयात्राका विज्ञापनले पर्यटकलाई आकर्षित गरिरहेका हुन्छन्। पूर्वअनुभव आवश्यक नपर्ने र उपकरण उपलब्ध गराइने ट्राभल एजेन्सीका दाबी तथा सामाजिक सञ्जालका चम्किला पोस्टले यो यात्रा सजिलो र रमाइलोजस्तै लाग्न सक्छ। तर, पाँच हजार तीन सय ६४ मिटर उचाइमा रहेको आधार शिविरसम्मको यात्रा विशेषतः नवप्रवेशीका लागि चुनौतीपूर्ण हुन सक्छ। सगरमाथा राष्ट्रिय निकुञ्ज, चोमोलुङमा (सगरमाथा) र शेर्पा समुदायको सांस्कृतिक उपस्थिति अत्यन्त लोकप्रिय गन्तव्य हो। वसन्त र शरद ऋतुमा करिब ६० हजार पर्यटक यहाँ पुग्छन्। तर, उच्च हिमाली वातावरणमा सामान्य समस्या पनि गम्भीर बन्न सक्छ। दुई हजार आठ सय ६० मिटर उचाइको लुक्लाबाट यात्रा सुरु गर्नेबित्तिकै उचाइजन्य रोग वा अपरिचित ब्याक्टेरियाबाट स्वास्थ्यमा असर पर्न सक्छ। हामीसँग सन् २०२३ र २०२४ को मे महिनामा गरेको अन्तर्वार्तामा २४ पदयात्री र ६० स्थानीयले आधार शिविर यात्राका सुरक्षासम्बन्धी चुनौतीबारे अनुभव बाँडेका थिए। उचाइमा यात्रा गर्नुअघि आफ्नो शारीरिक क्षमता र प्राविधिक सीपअनुसार लक्ष्य निर्धारण गर्नु अत्यावश्यक हुन्छ। मानव शरीर करिब पाँच हजार ३०० मिटर उचाइसम्म अनुकूल हुन सक्छ तर उचाइजन्य रोगको खतरा दुई हजार ५०० मिटरमै सुरु हुन सक्छ, जुन लुक्लाभन्दा पनि होचो ठाउँबाट सुरु हुन्छ। तीन हजार मिटरमाथि पुग्दा हावापानीअनुसार आफूलाई अनुकूल बनाउने 'एक्लिमेटाइजेसन' प्रक्रिया अनिवार्य हुन्छ। यसमा दिनमा पाँच सय मिटरभन्दा बढी नचढ्ने र दुई-तीन दिनमा एकचोटि त्यही उचाइमा विश्राम गर्ने नियम पालना गर्नुपर्छ। सबैभन्दा उपयुक्त विधि 'स टुथ प्रणाली' हो, जसअनुसार दिनको समयमा माथि चढिन्छ, तर रातमा तल्लो स्थानमा सुतिन्छ।

खुम्बु क्षेत्रका स्थानीयहरू पर्यटकले अनुकूल हुने प्रक्रिया बेवास्ता गर्ने समस्याबारे जानकार छन्। एक होटेल सञ्चालकले 'ऊ उकालो लाग्दै छ र अहिले नै ढिलो भइसक्यो। केही समयमै अँध्यारो र चिसो हुँदै जानेछ। ऊ अर्को बस्तीमा पुग्न सक्दैन। अब हामीले यो कुरा सम्बन्धित निकायमा जानकारी गराउनुपर्छ या उसैको पछि लाग्नुपर्छ,' हामीसँग भनेका थिए। अनुभव नभएका पदयात्रीले स्थानीय गाइड राख्नुपर्छ। पदयात्रीलाई हेलिकोप्टरबाट उद्धार गर्नुपर्ने अवस्था थुप्रैपटक देखिएको छ। तीमध्ये एक २० वर्षकी महिला आधार शिविरमा एक रात बसेपछि फर्किनुपऱ्यो। उनले अनलाइनमार्फत गैरस्थानीय गाइड भाडामा लिएकी थिइन्, जसले यात्राभरि उनको स्वास्थ्य परीक्षण गरेनन्। उनले भनिन्, 'डाक्टरहरूले मलाई उच्च-उचाइ फोक्सोमा तरल जम्ने समस्या भएको बताए। त्यसैले मलाई तुरुन्तै कम उचाइ भएको क्षेत्रमा झर्नु अत्यावश्यक थियो। मैले अझ माथि जान खोजेकी थिएँ भने अवस्था निकै खराब हुन सक्थ्यो।' पदयात्राभरि नियमित स्वास्थ्य परीक्षण आवश्यक छ। विशेषतः उचाइजन्य रोगका चार प्रमुख लक्षणबारे टाउको दुखाइ, बान्ता, झमझमाहट र थकानको निगरानी गर्नुपर्छ। यस्ता लक्षण देखिएमा माथि जानु हुँदैन र आवश्यक भएमा तल झर्नुपर्छ।

स्थानीय रूपमा ख्यातिप्राप्त ट्रेकिङ एजेन्सी प्रयोग गर्नु महँगो पर्न सक्छ, तर यसले सुरक्षाको सुनिश्चितता गर्छ र पर्यटकलाई स्थानीय संस्कृतिसँग परिचित गराउँछ। यस किसिमको परिचयले स्थानीय समुदायमा नकारात्मक प्रभाव पर्नबाट जोगाउँछ। धेरै पदयात्रीको लक्ष्य आधार शिविरको प्रसिद्ध ढुंगामा फोटो खिच्नु मात्र हुन्छ।


तस्बिर : पूर्णिमा श्रेष्ठ/एएफपी

त्यसपछि धेरैजसो हेलिकोप्टर चढेर काठमाडौं फर्कन्छन्। एक हेलिकोप्टर टुर एजेन्सीका मालिक 'उनीहरू फेरि हिँड्न चाहँदैनन् किनभने उनीहरूको लक्ष्य पूरा भइसकेको हुन्छ। पहिलेका पर्यटक धेरै राम्रो तयारी गरेर आउँथे। अहिले त चाहिएको खण्डमा हेलिकोप्टरबाट फर्किन पाइन्छ भन्ने सबैलाई थाहा छ' भन्छन्।

तर, हेलिकोप्टर यात्रा आफैँमा जोखिमपूर्ण हुन सक्छ। यात्रालाई एकतर्फी बनाउने प्रवृत्तिले स्थानीयसँगको सम्बन्धमा असर पार्न सक्छ। खानपानमा ध्यान दिनु आवश्यक छ। उच्च स्थानमा हुने पखालाले शरीरलाई छिटो निर्जलीकरण गर्छ, जुन कम वायुप्रवाह र अक्सिजनका कारण झन् गम्भीर बन्न सक्छ। र, निर्जलीकरणका लक्षण उचाइजन्य रोगसँग मिल्दोजुल्दो हुन्छन्। विभिन्न जलवायु र विभिन्न स्तरको सरसफाइ भएका देशमा यात्रा गर्दा मानिस अपरिचित ब्याक्टेरियासँग सम्पर्कमा आउँछ। त्यसैले, हिमाल चढ्नुअघि तल्लो भेगमा केही दिन बिताई शरीरलाई त्यहाँको ब्याक्टेरियासँग अभ्यस्त गराउनु राम्रो हुन्छ। यसबाहेक स्थानीय खाना खानु उपयुक्त हुन्छ।

पाङबोचेका एक होटेल व्यवसायी 'पर्यटकले हामीसँग अनौठा खानेकुरा माग्छन्, अर्थात् पिज्जा, स्पागेटी, सिजर सलाद र त्यसको स्वाद उनीहरूको अपेक्षाजस्तो नभएपछि रिसाउँछन्। यी त हाम्रा परिकार नै होइनन्। उहाँहरूले स्थानीय खाना नै खानुपर्थ्यो' भन्छन्। यो वसन्त ऋतुमा अन्तर्वार्ता लिएका अधिकांश पदयात्रीले पेटसम्बन्धी समस्या भोगेको बताए। पखालासम्बन्धी संक्रमण आधार शिविर जाने पदयात्रीमा प्रमुख रोग हो। अध्ययनअनुसार १४ प्रतिशत पदयात्री ग्यास्ट्रोइन्टेराइटिस (एकैसाथ पखाला र बान्ता आउने अवस्था) बाट प्रभावित हुने र १० प्रतिशत हेलिकोप्टर उद्धारको कारण यही हुने गर्छ।

अन्ततः हिमालमा असफलता वा दुर्घटनाको सबैभन्दा सामान्य कारण भनेको आफ्नै क्षमताको अत्यधिक मूल्यांकन गर्नु हो, जसलाई 'खराब निर्णय लिने प्रवृत्ति' भनिन्छ। अर्थात्, जब बाटो गाह्रो हुन्छ, गति छिटो हुन्छ, वा अनुकूल हुने समय पर्याप्त हुँदैन। र, यसको सजिलो उपाय भनेको बिस्तारै हिँड्नु र दृश्यहरूको मजा लिनु नै हो।

(स्केन्जेल अकल्यान्ड युनिभर्सिटी अफ टेक्नोलोजीमा पर्यटनमा सामाजिक दिगोपनाकी प्राध्यापक हुन्, एपोलो सिलिसिया विश्वविद्यालयका पृथ्वी विज्ञानका सहायक प्राध्यापक हुन्)
द कन्भर्सेसनबाट

आफ्नै समर्थकको निसानामा राष्ट्रपति ट्रम्प



● डेभिड स्मिथ

स्मिथ वासिंटन डिसीका लागि द गार्जियनका ब्युरो प्रमुख हुन्



विगत एक दशकको अवधिमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका समर्थकको निसानामा कहिले बराक ओबामा पर्थे भने कहिले डिप स्टेट पर्थे। त्यस्तै, अवैध आप्रवासीदेखि ट्रान्सजेन्डर अभियन्तासम्म पनि उनीहरूको तारो बने। तर, अहिले आएर तिनले नयाँ निसाना भेटेका छन्, डोनाल्ड ट्रम्प।

ट्रम्पको अभियान 'मेक अमेरिका ग्रेट अगेन' (मागा) का समर्थक नै अहिले उनीसँग रुष्ट भएका छन्। ट्रम्पले जेफ्री एपस्टिनसम्बन्धी कागजात सार्वजनिक गर्ने वाचामा विश्वासघात गरेको तिनको विश्वास छ। एपस्टिन सन् २०१९ मा बालबालिकालाई यौनधन्दामा संलग्न गरेको आरोपमा कारागारमा थिए, त्यहीँ उनी मृत फेला परेका थिए। विगतमा राष्ट्रपति ट्रम्प र उनका सहयोगीले एपस्टिनले यौन क्रियाकालापका लागि बालबालिका पठाएका ग्राहकको गोप्य सूची रहेको र त्यसलाई ढाकछोप गर्न उनलाई जेलमा मारिएको दाबी गर्थे। तर, गत हप्ता ट्रम्प नेतृत्वको न्याय मन्त्रालय र संघीय अनुसन्धान ब्युरो (एफबिआई)ले कुनै गोप्य ग्राहकको सूची फेला नपरेको घोषणा गऱ्यो। ट्रम्प प्रशासनले यस घोषणापछि यो प्रकरण सेलाएर जाने सोचेको थियो होला। तर, उल्टै अमेरिकी राजनीति तरंगित बन्यो।

ट्रम्प र उनकै समर्थकले प्रचार गरेअनुसार नै एपस्टिनबारे सही सूचना आउनेमा विश्वस्त भएका उनका समर्थक अहिले आफूलाई ढाँटेको महसुस गरिरहेका छन्। ट्रम्पले सधैँझैँ यसपटक पनि विरोधाभाषी स्पष्टीकरण, बहाना र झुटा दाबीमार्फत बहसलाई अन्यत्र मोड्ने रणनीति अंगीकार गरिरहेका छन्। तर, ट्रम्पका तर्कले 'मागा' समर्थकको क्रोध घटाउनुको साटो उल्टो आगोमा पेट्रोलको काम गरिरहेको छ। वर्षौंसम्म 'डिप स्टेट (राज्यको भित्रभित्रसम्म प्रभाव पारेका स्वार्थ समूह)'लाई ध्वस्त पार्न सक्ने एक मात्र मुक्तिदाताको रूपमा प्रस्तुत गरिएका ट्रम्प यस प्रकरणपछि समर्थकका नजरमा आफैँ सोही भ्रष्ट व्यवस्थाको अंश बनेका छन्।

'एपस्टिन प्रकरणका लुकाइएका सबै गोप्य कुरा बाहिर ल्याउने ट्रम्पको वाचा थियो। साँच्चै यसले डिप स्टेटलाई पर्दाफास गर्ने थियो। तर, अहिले आएर ट्रम्प नै त्यस प्रकरणमा खासै केही नभएको बताउँदै छन्। कसैले पत्याउने कुरा होइन यो,' सन् २०२० को राष्ट्रपतीय चुनावका लागि रिपब्लिकन पार्टीभित्रै ट्रम्पसँग प्रतिस्पर्धा गरेका रिपब्लकन कंग्रेस सदस्य जो वाल्सले भने।

एपस्टिनविरुद्ध पहिलो यौन दुर्व्यवहारको आरोप सन् २००६ मा लागेको थियो। एकजना १४ वर्षीया किशोरीका आमाबाबुले आफ्नी छोरीलाई एपस्टिनले दुर्व्यवहार गरेको प्रहरीमा रिपोर्ट लेखाएका थिए। तर, सो मुद्दामा विवादास्पद रूपमा आरोप स्वीकारेबापत उनको सजाय कटौती हुने सम्झौता (प्ली डिल) अन्तर्गत एपस्टिनलाई १३ महिनाभन्दा छोटो समयमै जेलमुक्त गरियो। सन् २०१९ मा उनी फेरि न्युयोर्कमा पक्राउ परे। यसपटक उनीमाथि दर्जनौँ किशोरीलाई यौन गतिविधिमा संलग्न हुन मोलमोलाइ गर्दै बेचबिखन गरेको आरोप लागेको थियो।

सन् २०२२ मा ती किशोरीमाथिको बेचबिखन तथा दुर्व्यवहार मुद्दामा एपस्टिनलाई सघाएको आरोपमा एपस्टाइनकी प्रेमिका घिसलेन म्याक्सवेल पनि जेल परिन्। म्याक्सवेलले सुनुवाइका क्रममा ब्रिटिस राजकुमार एन्ड्रयु (वर्तमान राजा चार्ल्सका भाइ) र पूर्वअमेरिकी राष्ट्रपति बिल क्लिन्टनजस्ता उच्चपदस्थ व्यक्तित्वसँग एपस्टिनको उठबस रहेको विवरण बाहिरियो। तथापि, एन्ड्रयु र क्लिन्टन दुवैले आफूहरूको एपस्टिनसँगको सम्बन्ध कुनै गलत कामका लागि नभएको दाबी गरे।

सन् २०१९ मा ट्रम्पको पहिलो कार्यकालको समयमा एपस्टिन आफ्नो कारागारभित्र झुन्डिएर मरेको अवस्थामा फेला परेको अधिकारीले बताए। उनको आत्महत्यालाई लिएर धेरैले आशंका व्यक्त गरे। आत्महत्या भएको भनिएको दिन एपस्टिन थुनिएको कोठावरपरका सुरक्षा क्यामेरा बिग्रिएको पाइनुलगायतका घटनाले आशंकालाई थप बढाउन सघायो। शंका गर्नेले एपस्टिनसँग जोडिएका धनाढ्य र प्रभावशाली ग्राहकलाई जोगाउन सरकारले नै यस मुद्दाका कैयौँ विवरण लुकाएको दाबी गर्न थाले।

ट्रम्प आफैँ एपस्टिनका मित्र हुन्। सन् २००२ मा न्युयोर्क म्यागजिनसँगको कुराकानीमा ट्रम्पले यसबारे विस्तारमा बताएका थिए। जसमा उनले भनेका थिए, 'म जेफ (जेफ्री)लाई १५ वर्षदेखि चिन्छु। उनी एक उत्कृष्ट मानिस हुन्। उनको संगत धेरै रमाइलो हुन्छ। भनिन्छ कि उनलाई पनि मलाई जत्तिकै सुन्दर महिला मन पर्छ, जसमध्ये धेरै युवै हुन्छन्।' गत बिहीबार (जुलाई १७) चर्चित अमेरिकी पत्रिका 'द वाल स्ट्रिट जर्नल'ले सन् २००३ मा ट्रम्पले एपस्टिनलाई पठाएको एक पत्रको विवरण छाप्यो। नग्न महिलाको स्केचसहितको पत्रबारेको समाचारलाई ट्रम्पले खण्डन गरेका छन्। यस समाचार छाप्ने पत्रिका र यसका मालिक रुपर्ट मर्डोकविरुद्ध मानहानिको मुद्दासमेत दायर गरेका छन्।

चुनावी अभियानका यो मुद्दासँग जोडिएका फाइल सार्वजनिक गर्ने बताएका ट्रम्पले सत्ता सम्हालेपछि फेब्रुअरीमा यस प्रकरणसम्बन्धी कागजात सार्वजनिक गरेका थिए। तर, त्यसमा केही नयाँ जानकारी थिएन। त्यसपछि जुन महिनामा राष्ट्रपति ट्रम्पसँग विवाद चर्किएका वेला ट्रम्पका पूर्वसल्लाहकार तथा अर्बपति इलन मस्कले 'एपस्टिन फाइलमा ट्रम्पको पनि नाम' रहेको सामाजिक सञ्जाल एक्समा दाबी गरे (यो पोस्ट मस्कले पछि डिलिट गरे)। त्यसको एक महिनापछि न्याय मन्त्रालय र एफबिआईले जारी गरेको ज्ञापनपत्रले 'एपस्टिन फाइल'मा थप अनुसन्धान गर्नुपर्ने कुनै प्रमाण नरहेको जानकारी दियो। एपस्टिनको हत्या भएको हो भन्ने दाबी खारेज गर्न उनको मृत्यु भएको रातको उनी थुनिएको न्युयोर्क जेलको झन्डै ११ घन्टा लामो भिडियो सार्वजनिक गरिएको छ। तर, फुटेजमा एक मिनेटजतिको अंश भने एक्कासि कटेको देखिएपछि हत्यासम्बन्धी दाबी पूरै खारेज भएको छैन।

> ट्रम्पले एपस्टिनसम्बन्धी कागजात सार्वजनिक गर्ने वाचामा विश्वासघात गरेको समर्थकको आरोप छ। यौनधन्दामा संलग्न रहेको अभियोगमा कारागारमा रहेका एपस्टिन सन् २०१९ मा मृत फेला परेका थिए।

'मागा' समर्थक अहिले आक्रोशित छन्। मागा समर्थक मिडिया व्यक्तित्व टकर कार्लसन, राजनीतिक अभियन्ता लौरा लुमर र ट्रम्पका पूर्वसल्लाहकार स्टिव ब्याननसमेतले यस मुद्दालाई सरकारले जसरी अगाडि बढाइरहेको छ, त्यसमा पारदर्शिता नदेखिएको दाबी गरेका छन्। उग्र दक्षिणपन्थी टिप्पणीकार ज्याक पोसोबिकले त 'जेफ्री एपस्टिन फाइल'को अनुसन्धानका लागि विगतमा जनवरी ६ को राजनीतिक विद्रोहका लागि बनाइएकोजस्तो समिति बनाउनुपर्ने माग गरेका छन्।

आफ्नो मताधारलाई विश्वस्त पार्न ट्रुथ सोसलमा यस विषयमा शृंखलाबद्ध पोस्ट गरिरहेका छन्। जसमध्ये एउटा पोस्टमा उनले भनेका छन्, 'मेरा 'केटाहरू' र केही अवस्थामा 'केटीहरू'लाई के भइरहेको छ ? किन महान्यायाधिवक्ता पाम बोन्डीको पछि लागिरहेका छौ ? उनले सानदार काम गरिरहेकी छिन्! हामी सबै मागा भन्ने एउटै टिमका सदस्य हौँ। जे भइरहेको छ, मलाई मन परिरहेको छैन।' उनले मरिसकेको व्यक्तिलाई लिएर आफ्नो प्रशासनलाई कमजोर बनाउने खेल भइरहेकोसमेत दाबी गरे।

ट्रम्पले आफ्नो राजनीतिक करियरमा धेरै राजनीतिक शत्रुलाई पराजित गरेको देखिएको छ। तर, यसपटकको संघर्ष आफ्नै आधारविरुद्ध छ, जसविरुद्ध उनी कहिल्यै उभिनुपरेको थिएन। समर्थकलाई थामथुम पार्ने हिसाबले उनले विरोधाभाषी नीति अंगीकार गरेका छन्। एकातर्फ यस्तो 'झिनामसिना विषयमा अल्झिन नहुने' बताइरहेका छन् भने अर्कोतर्फ आफू पनि एपस्टिनसँग सम्बन्धित कुनै पनि 'विश्वसनीय' प्रमाण भए बाहिर ल्याइनुपर्ने पक्षमा रहेको बताइरहेका छन्। एकपटक उनले सम्पूर्ण प्रकरण एफबिआईका पूर्वनिर्देशक जेम्स कोमी र पूर्वडेमोक्रेटिक राष्ट्रपतिद्वय बराक ओबामा र जो बाइडेनद्वारा 'निर्मित' परिघटना भएको आरोप लगाए, तथापि यस दाबी पुष्टि गर्ने कुनै प्रमाण भने थिएन।

ट्रम्पले केही अगाडि बढेर 'कट्टर वामपन्थी'को बहकाउमा आएका आफ्ना 'कमजोर' समर्थकको आलोचना गरे। 'मलाई अब यस्ता समर्थकको समर्थन चाहिँदैन!' उनले यस प्रकरणमा लेखेका कैयौँ पोस्टमध्ये एउटामा लेखेका छन्। तर, उनका यी भनाइले मागा समर्थक विश्वस्त देखिएका छैनन्। केहीले विरोधमा यस प्रकरणमा असन्तुष्टि व्यक्त गर्न 'म्यागा' लेखिएको रातो टोपी जलाएको भिडियो सामाजिक सञ्जालमा पोस्ट गरिरहेका छन्।

विभिन्न प्रयासका बाबजुद ट्रम्पमाथि दबाब बढ्दै गएको छ। पहिलो कार्यकालमा ट्रम्पका उप-राष्ट्रपति रहेका माइक पेन्सले 'सिबिएस-न्युज'लाई भर्खरै दिएको अन्तर्वार्तामा 'वर्तमान सरकारले जेफ्री एपस्टिन प्रकरणमा भएका सबै अनुसन्धानका फाइल सार्बजनिक गर्ने समय आएको' बताए। ट्रम्पप्रति बफादार मानिने कंग्रेसको तल्लो सदनका सभामुख माइक जोनसनले समेत यस मुद्दामा ट्रम्पबाट टाढिँदै न्याय मन्त्रालयलाई एपस्टिन विषयका सबै कागजात सार्वजनिक गर्न आह्वान गरेका छन्। यस मागलाई तल्लो सदनका रिपब्लिकन सांसदको सानो तर बढ्दो समूहले समर्थन जनाएको छ। यो प्रकरण तातिएपछि मस्कले ट्रम्पले 'ढाकछोप' गरेको आरोप लगाउँदै सामाजिक सञ्जाल एक्समा दर्जनौँ पोस्ट गरिसकेका छन्। दबाब बढ्दै गएपछि बिहीबार ट्रम्पले 'ग्रान्ड जुरी टेस्टिमोनी' जारी गर्न अनुमति दिन अदालतसँग अनुरोध गर्ने घोषणा गरे। यो ट्रम्पको आफैँले सिर्जनाको संकटलाई थामथुम पार्ने पछिल्लो प्रयास थियो।


'हाउ द राइट लस्ट इट्स माइन्ड'का लेखक चार्ली साइक्सका अनुसार 'ट्रम्प आफैँले सिर्जना गरेका षड्यन्त्र सिद्धान्तका आहार बन्ने अवस्थामा पुगेको' बताए। ' डोनाल्ड ट्रम्प कैयौँ षड्यन्त्र सिद्धान्तको उत्पादन र प्रवर्तक दुवै हुन्। ती षड्यन्त्र सिद्धान्तले उनलाई राष्ट्रपति पदसम्म पुऱ्याउन सघाए। तर, विडम्बना, अहिले उनी आफैँले सिर्जना गरेका षड्यन्त्र सिद्धान्तले उनैलाई असर गर्न थालेको छ। जेफ्री एपस्टिनको भूतले ट्रम्पको राष्ट्रपति पदमा सबैभन्दा ठुलो डर सिर्जना गरेको छ। ट्रम्पले अहिले चाल पाएको हुनुपर्छ कि वर्षौंसम्म आफैँले प्रचार गरेको षड्यन्त्र सिद्धान्त अचानक गलत भन्दैमा मानिसले पत्याउन नछाड्ने रहेछन्,' साइक्सले भने।

एपस्टिन प्रकरणमार्फत ट्रम्पले उदारवादी राजनीतिज्ञ (एलिटहरू) बाल यौन दुराचारी हुन्छन् र रिपब्लिकनलाई बालबालिकाको रक्षकको रूपमा प्रस्तुत गर्न सफल भएका थिए। तर, अब ट्रम्पको यु-टर्नले धेरैलाई धोका दिइएको महसुस गराएको छ। ट्रम्पको आफ्नै मताधारमाझ उत्पन्न असन्तुष्टि भने डेमोक्र्याटका लागि एक दुर्लभ राजनीतिक उपहारका रूपमा आएको छ। अहिले कंग्रेसका अधिकांश डेमोक्र्याटले एपस्टिनसँग जोडिएका सबै फाइल सार्वजनिक गर्न आह्वान गर्न थालेका छन्। ट्रम्प आलोचक र क्यापिटल हिलकी पूर्व रिपब्लिकन सञ्चार निर्देशक तारा सेटमेयर पनि यस विश्वासघातको भावनाले अर्को वर्ष हुने प्रतिनिधिसभा र सिनेटको मध्यावधि चुनावमा रिपब्लिकन पार्टीलाई असर गर्न सक्ने मान्छिन्।

-द गार्जियनबाट

इतिहासमा आज

जुलाई २०



सन् २०१२ : अमेरिकाको कोलोराडोमा डार्क नाइट राइज इन औरोराको प्रिमियरका क्रममा एउटा नाट्यशालामा गोली चल्दा कम्तीमा १२ जनाको मृत्यु हुनुका साथै ५८ जना घाइते।

सन् १९१९ : सर एड्मन्ड हिलारीको जन्मदिन। न्युजिल्यान्डको अकल्यान्डमा जन्मिएका हिलारीको मृत्यु सन् २००८ जनवरी ११ मा ८८ वर्षको उमेरमा भएको थियो। उनले सन् १९५३ मा तेन्जिङ नोर्गे शेर्पासँगै विश्वको सर्वोच्च शिखर सगरमाथाको आरोहण गरेका थिए।

सन् १९४४ : दोस्रो विश्वयुद्धको समयमा जर्मनीका सैन्य नेताहरूले एडोफ हिटलरको हत्या गर्ने प्रयास गरे।

सन् १९६९ : एपोलो ११ को चन्द्रमामा अवतरण। निल आर्मस्ट्रङ र बज एल्ड्रिनलाई बोकेर यो यान सुरक्षित रूपमा चन्द्रमाको शान्ति सागरमा अवतरण भयो।

सन् १९७४ : साइप्रसमाथि टर्कीको आक्रमण। उक्त आक्रमण साइप्रसमा भएको विद्रोहको जवाफ थियो।

सन् १९७६ : मंगल ग्रहमा भाइकिङ प्रथमको अवतरण। भाइकिङ कार्यक्रम अंशअन्तर्गत अमेरिकी अन्तरिक्षयान भाइकिङ मंगल ग्रहमा सफलतापूर्वक अवतरण गर्ने यान हो।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा,विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा व्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आब्हान गरिन्छ। साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	
१)	**ऋणी फर्म: प्रभात स्टोर्स,** प्रोप्राईटर तथा जमानीकर्ता: अमुल राणा दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, रौतहट, गौरमा प्रा.फ.नं २४३६४/०६२/०६३, दर्ता मिति: २०६२/०९/२६, ठेगाना: जिल्ला रौतहट, चन्द्रनिगाहपुर गा.वि.स. वडा नं १ (हाल चन्द्रपुर न.पा. वडा नं. ४)	
	जमानीकर्ताहरु: १) अमुल राणा, २) विजय खडका	
	धितोको विवरण	
	१) अविमन्दु प्रताप राणाकी छोरी, सम्शेर वहादुर खडकाकी बुहारी, विजय खडकाकी पत्नी, सर्लाही जिल्ला, हरिवन गा.वि.स. वडा नं. ५ बस्ने अमुल राणाको नाममा मालपोत कार्यालय, चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, चपुर गा.वि.स. वडा नं १ (हाल चन्द्रपुर न.पा. वडा नं. ४) स्थित कित्ता नं. ६८४० र ६८४३ को क्षेत्रफल क्रमश: ०-२-० र ०-२-० (विगाहा) तथा रौतहट जिल्ला, चपुर गा.वि.स. वडा नं. ८ ख (हाल चन्द्रपुर न.पा. वडा नं. ६) स्थित कित्ता नं. १५५३ को क्षेत्रफल ०-५-१३ 1/8 (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत। २) जबर बहादुर खडकाको नाती, सम्शेर वहादुर खडकाको छोरा, सर्लाही जिल्ला, हरिऔन न.पा. वडा नं. ९ बस्ने विजय खडकाको नाममा मालपोत कार्यालय, चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, सन्तपुर म गा.वि.स. वडा नं. ९ (हाल चन्द्रपुर न.पा. वडा नं. ८) स्थित कित्ता नं. ११६७ को क्षेत्रफल ०-२-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत। ३) प्रभात स्टोर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।	बिक्रीमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि GoogleMap
२)	**१) ऋणी फर्म: पुजा सेलर मिल,** प्रोप्राईटर तथा जमानीकर्ता: शत्रुध्न प्रसाद गुप्ता दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय लहान, सिराहामा सा.फ.प्रा.फ.र.नं.घ.उ.सि. १०७१४/०७६/७७, दर्ता मिति: २०७६/१०/२१, ठेगाना: जिल्ला सिरहा, लवटोली गा.वि.स. वडा नं. ५ख (हाल: सिरहा जिल्ला, कर्जन्हा न.पा. वडा नं. २)	
	२) ऋणी फर्म: पुजा किराना पसल तथा वस्त्रालय, प्रोप्राईटर तथा जमानीकर्ता: शत्रुध्न प्रसाद गुप्ता दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय लहान, सिराहामा प्रा.फ.र.नं. १०२७/२०६६/०६७, दर्ता मिति: २०६६/०४/०९, ठेगाना: जिल्ला सिरहा, बडहरामाल गा.वि.स. वडा नं. २	
	धितोको विवरण	
	१) नागेन्द्र गुप्ताकी छोरी, निरन्जन साह गुप्ताकी बुहारी, शत्रुधन प्रसाद गुप्ताकी पत्नी सिरहा जिल्ला, कर्जन्हा गा.वि.स. वडा नं. ४ बस्ने चन्दु देवी गुप्ताको नाममा भूमिसुधार तथा मालपोत कार्यालय सिराहाको लागतमा दर्ता कायम रहेको सिराहा जिल्ला, लवटोली गा.वि.स. वडा नं. ५ क (हाल कर्जन्हा न.पा. वडा नं. २) स्थित कित्ता नं. ३३४७ को क्षेत्रफल ०-१-७ (विगाहा) र सिराहा जिल्ला, लवाटोली गा.वि.स. वडा नं. ५ ख (हाल कर्जन्हा न.पा. वडा नं. २) स्थित कित्ता नं. ३०२३, ४१७५, ४१३४, ४२९८, ४२९९ र ४३३८ को क्षेत्रफल क्रमश: ०-१-१०, ०-०-९-०, ०-०-७-०, ०-०-८, ०-०-६ 1/2 र ०-०-५ 1/2 (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत। २) वैद्यनाथको नाती, निरन्जन साहको छोरा, सिरहा जिल्ला, कर्जन्हा गा.वि.स. वडा नं. ४ बस्ने शत्रुध्न प्रसाद गुप्ताको नाममा भूमिसुधार तथा मालपोत कार्यालय सिरहाको लागतमा दर्ता कायम रहेको सिरहा जिल्ला, गौतारी गा.वि.स. वडा नं. ६ (हाल कर्जन्हा न.पा. वडा नं. ८) स्थित कित्ता नं. ३०२१ को क्षेत्रफल ०-१-१३-५ (विगाह) र सिरहा जिल्ला लवटोली गा.वि.स. वडा नं. ५ घ (हाल कर्जन्हा न.पा. वडा नं. २) स्थित कित्ता नं. २१३ को क्षेत्रफल ०-१-० (विगाह) को घरजग्गा सो घर जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत। ३) वैद्यनाथ साहको नाती, निरन्जन साहको छोरा, सिरहा जिल्ला, कर्जन्हा गा.वि.स. वडा नं. ४ बस्ने शत्रुध्न प्रसाद गुप्ताको नाममा भूमिसुधार तथा मालपोत कार्यालय सिरहाको लागतमा दर्ता कायम रहेका सिरहा जिल्ला लवटोली गा.वि.स. वडा नं. ५ ख (हाल कर्जन्हा न.पा. वडा नं. २) स्थित कित्ता नं. ३२०९, १५११, १६०९, १४८९, ४३०३, र ४३०४ को क्षेत्रफल क्रमश: ०-०-१८-६, ०-०-५, ०-०-१, ०-०-०-१३, ०-०-६ र ०-०-१ (विगाह) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत। ४) वैजनाथ साहको नाती, निरन्जन साह गुप्ताको छोरा, सिरहा जिल्ला, कर्जन्हा गा.वि.स. वडा नं. ४ बस्ने शत्रुध्न प्रसाद गुप्ताको नाममा भूमिसुधार तथा मालपोत कार्यालय सिरहाको लागतमा दर्ता कायम रहेका सिरहा जिल्ला लवटोली गा.वि.स. वडा नं. ५ ख (हाल कर्जन्हा न.पा. वडा नं. २) स्थित कित्ता नं. ३२०७, ३३३३, ४५१७, ५०५१ र ५०५४ को क्षेत्रफल क्रमश: ०-०-९ 1/2, ०-०-४-२, ०-०-९ 3/8, ०-०-४ र ०-०-१२-२ (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत। ५) पूजा किराना पसल र वस्त्रालय तथा पुजा सेलर मिलको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।	बिक्रीमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि GoogleMap
	जमानीकर्ताहरु: १) चन्दु देबी गुप्ता, २) पुजा कुमारी गुप्ता, ३) मनिष प्रसाद गुप्ता, ४) राहुल प्रसाद गुप्ता, ५) शत्रुध्न प्रसाद गुप्ता	
	कर्जाको किसिम: व्यक्तिगत कर्जा **३) ऋणी: राहुल प्रसाद गुप्ता** स्थायी ठेगाना: सिरहा जिल्ला, बडहरामाल गा.वि. स. वडा नं. २, हालको ठेगाना: सिरहा जिल्ला, कर्जन्हा न.पा. वडा नं. २, बाबु: शत्रुध्न प्रसाद गुप्ता, बाजे: निरन्जन साह गुप्ता	
	जमानीकर्ताहरु: १) चन्दु देबी गुप्ता, २) पुजा कुमारी गुप्ता, ३) मनिष प्रसाद गुप्ता, ४) शत्रुध्न प्रसाद गुप्ता	
	कर्जाको किसिम: व्यक्तिगत कर्जा **४) ऋणी: शत्रुध्न प्रसाद गुप्ता** स्थायी ठेगाना: सिरहा जिल्ला, कर्जन्हा गा.वि.स. वडा नं. ४, हालको ठेगाना: सिरहा जिल्ला, कर्जन्हा न.पा. वडा नं. २, बाबु: निरन्जन साह गुप्ता, बाजे: वैजनाथ साह	
	जमानीकर्ताहरु: १) चन्दु देबी गुप्ता, २) पुजा कुमारी गुप्ता, ३) मनिष प्रसाद गुप्ता, ४) राहुल प्रसाद गुप्ता	
३)	१) ऋणी फर्म: श्री बजरंग हार्डवेयर स्टोर्स: प्रोप्राइटर तथा जमानीकर्ता: ओम प्रकाश साह कानु दर्ता नं.: उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभागमा प्रा.फ.र.नं. १२६८/५१/२०६४-०६५, दर्ता मिति: २०६४/०४/२७, ठेगाना: जिल्ला मकवानपुर, हेटौंडा न.पा. वडा नं. १०	
	धितोको विवरण	
	१) विन्देश्वरी प्रसाद साहकी छोरी, फुलेना साह कानुकी बुहारी, ओम प्रकाश साह कानुकी पत्नि, बारा जिल्ला, कलैया गा.वि.स. वडा नं. १३ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १० बस्ने शशि देवी कानुको नाममा मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौडा न.पा/उ.म.न.पा. वडा नं. १० स्थित कित्ता नं. १७६७, १७६८ र २७७८ को क्षेत्रफल क्रमश: ०-०-२-०, ०-०-१०-० र ०-०-४-० (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत। २) श्री बजरंग हार्डवेयर स्टोर्सको स्वामित्वमा रहके ो मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।	बिक्रीमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि GoogleMap
	२) ऋणी फर्म: ओम ससि इन्टरप्राइजेज: प्रोप्राइटर तथा जमानीकर्ता: शशि देवी कानु दर्ता नं.: वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, बबरमहल काठमाडौंमा प्रा.फ.र.नं. २९८०/२३/२०६८/२०६९, दर्ता मिति: २०६८/०४/१०, ठेगाना: जिल्ला मकवानपुर, हेटौंडा न.पा. वडा नं. १०	
	धितोको विवरण	
	१) विन्देश्वरी प्रसाद साहकी छोरी, फुलेना साह कानुकी बुहारी, ओम प्रकाश साह कानुकी पत्नि, बारा जिल्ला, कलैया गा.वि.स. वडा नं. १३ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १० बस्ने शशि देवी कानुको नाममा मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. वडा नं. ५ (हेटौडा उ.म.न.पा. वडा नं. १२) स्थित कित्ता नं. ६४६८, ६४७६, ६४७०, ६४६९, ६४८४, ६४७८, ६७१६, ६४४५, ६४७५, ६४८२, २१२५, ६५१०, ६४८३, ६४४८, ६७१८, ६७२० र ६४६७ को क्षेत्रफल क्रमश: ०-०-७.५-०, ०-०-८.५-०, ०-०-७.७५-०, ०-०-७.२५-०, ०-०-९-०, ०-०-९.२५-०, ०-०-६-०, ०-०-८.७५-०, ०-०-७.७५-०, ०-०-७.२५-०, ०-०-७.५-०, ०-०-९-०, ०-०-८.२५-०, ०-०-९-०, ०-१-१.५-०, ०-०-५-० र ०-०-७-० (विघा) र मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. वडा नं. ४ (हाल हेटौंडा उ.म.न.पा. वडा नं. १२) स्थित कित्ता नं. २०३७ को क्षेत्रफल ०-५-०-० (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत। २) ओम ससि इन्टरप्राइजेजको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकशे न सुरक्षण।	बिक्रीमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि GoogleMap
	जमानीकर्ताहरु: १) शशि देवी कानु, २) ओम प्रकाश साह कानु	

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य ब्यक्तिका नाम ऋणी तथा जमानीकर्ताको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ)।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ। शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पत्तिको स्वामित्व बैंकले लिन सक्नेछ।
३) लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन्

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सुचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ। अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रकियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ। उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन। उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ।

अर्थ पत्रिका
नयाँ पत्रिका
आइतबार ४ साउन ०८२

निर्जीवन बिमामा जोखिममा आधारित शुल्क तोक्ने तयारी



जोखिम बढी हुनेले धेरै र जोखिम कम हुनेलाई सस्तो शुल्क, एउटै प्रकृतिका सम्पत्तिको बिमा गर्दा भूगोल, जिल्ला र प्रदेशअनुसार फरक-फरक शुल्क लाग्ने

मिलन विश्वकर्मा/नयाँ पत्रिका

नेपाल बिमा प्राधिकरणले निर्जीवन बिमामा जोखिमका आधारमा बिमाशुल्क निर्धारण गर्ने नीति ल्याउन लागेको छ। प्राधिकरणले जोखिम बढी हुनेले धेरै र जोखिम कम हुनेलाई कम शुल्क तथा एउटै प्रकृतिका सम्पत्तिको बिमा गर्दा भूगोल, जिल्ला र प्रदेशअनुसार फरक-फरक शुल्क निर्धारण गर्ने नीति ल्याउने भएको हो।

अहिले निर्जीवन बिमाको शुल्क निर्धारण गर्दा दाबी अनुपातलाई मुख्य आधार बनाइन्छ र फरक-फरक जोखिम हुँदा पनि सबै भूगोलमा एउटै दरमा बिमाशुल्क तोकिन्छ। तर, अब भने बिमा गरिने सम्बन्धित वस्तु तथा सम्पत्तिमा हुने जोखिमका आधारमा ग्राहकबाट शुल्क लिने नीति ल्याउन लागेको हो। त्यो अवस्थामा एउटै प्रकृतिको वस्तु तथा सम्पत्तिको बिमा गर्दा सम्भावित जोखिम र भूगोललगायतका आधारमा फरक-फरक शुल्क लाग्न सक्नेछ। अर्थात्, जोखिम धेरै हुने ठाउँमा उच्च र जोखिम कम हुने ठाउँमा सस्तो दरमा बिमा गरिनेछ।

प्राधिकरणले आगामी आवको वार्षिक बिमा नीति तथा कार्यक्रममा यसबारे सम्भाव्यता अध्ययन गर्ने उल्लेख पनि गरेको छ। 'जोखिममा आधारित बिमाशुल्क गणना गर्ने प्रणालीको सम्भाव्यता अध्ययन गर्ने,' प्राधिकरणको वार्षिक बिमा नीति तथा कार्यक्रममा उल्लेख छ। करिब आठ दशकको नेपाली बिमा क्षेत्रको इतिहासमा पहिलोपटक जोखिमका आधारमा बिमाशुल्क गणना प्रणालीको विकास गर्न लागिएको हो।

प्राधिकरणका कार्यकारी निर्देशक सुशीलदेव सुवेदीले यो निर्जीवन बिमालाई लक्षित गरेर ल्याएको नीति भएको बताए। 'जीवन बिमा अहिले पनि जोखिमअनुसार बिमाशुल्क लिन सक्ने ठाउँ छ। तर, निर्जीवन बिमामा यस्तो प्रणालीको विकास नै भएको छैन,' उनले भने, 'आगामी आवमा यसबारे अध्ययन गरेर उचित निष्कर्षमा पुग्नेछौं।'

बिमा गरिने एउटै प्रकृतिका वस्तु तथा सम्पत्तिमा पनि भूगोल, हावापानी, वस्तु परिस्थितिका कारण सम्भावित जोखिम फरक-फरक हुन्छन्। नेपालमा हिमाली, पहाडी र समथर (तराई) भूभाग छ। भौगोलिक विविधता भएको हाम्रो देशमा स्थानपिच्छे फरक-फरक जोखिम छन्। तर, अहिले नेपालमा एउटै प्रकृतिको वस्तु तथा सम्पत्तिको बिमा गर्दा देशैभर एउटै दरको शुल्क तोकिएको छ।

सवारीसाधनतर्फ चालकको सिपले गर्दा जोखिम फरक-फरक हुन्छ। कतिपय सवारीचालकले सवारीसाधनलाई पटक-पटक दुर्घटना पारेका हुन्छन्। कतिपय चालकले सवारीसाधन दुर्घटनामा कम पारेका हुन्छन्। यस्तै, पहाडी क्षेत्रमा चल्ने सवारीसाधन र तराई क्षेत्रमा चल्ने सवारीसाधनमा फरक-फरक जोखिम हुन्छ। पक्की र कच्ची सडकमा कुद्ने सवारीसाधनबिच पनि फरक-फरक जोखिम हुन्छ।

■ १८ निर्जीवन बिमा कम्पनी, ४० अर्बभन्दा बढीको कारोबार

हाल नेपालमा १४ निर्जीवन बिमा कम्पनी र चार लघु निर्जीवन बिमा कम्पनी सञ्चालनमा छन्। उनीहरूले वर्षमा ४० अर्ब रुपैयाँमाथिको बिमा कारोबार गर्दै आएका छन्। वर्षमा ३० लाख हाराहारीमा बिमा पोलिसी बिक्री गर्ने गर्छन्। नेपाल बिमा प्राधिकरणको तथ्यांकअनुसार निर्जीवन बिमा कम्पनीहरूले आव ०८०/८१ मा २९ लाख ७७ हजार एक सय १६ वटा पोलिसी बिक्री गरेर ४१ अर्ब ४६ करोड ६१ लाख रुपैयाँ बिमाशुल्क आर्जन गरेका थिए। गत आव ०८१/८२ को ११ महिनामा ३९ लाख २६ हजार पाँच सय २९ वटा पोलिसी बिक्री गरेर ३९ अर्ब ८८ करोड ४० लाख रुपैयाँ बिमाशुल्क संकलन गरेका छन्।

यसरी सम्भावित जोखिम नै फरक-फरक भएपछि बिमाशुल्क पनि सोहीअनुसार फरक-फरक लाग्नुपर्ने हो। तर, नेपालमा अझै पनि सबै ठाउँमा एउटै दरमा बिमा गरिन्छ। अब भने जोखिमके आधारमा मात्रै शुल्क निर्धारण गर्ने नीति ल्याउन खोजेको प्राधिकरणका कार्यकारी निर्देशक सुवेदीले बताए।

'अहिले नेपालको बिमाशुल्क प्रणाली असली जोखिममा आधारित छैन। विगतमा परेको दाबीका आधारमा बिमाशुल्क निर्धारण गरिन्छ। जोखिममा आधारित निर्धारणको हिस्सा कम छ,' उनले भने, 'बिमितले आफ्नो सम्पत्तिमा जोखिम जति हो, त्यहीअनुपातमा शुल्क तिर्ने गरी नयाँ प्रणालीको विकास गर्न यसबारे अध्ययन गर्न खोजेका हौं।'

यो नीति लागू भएमा एउटै प्रकृतिको सम्पत्तिको बिमा गर्दा भूगोल, जिल्ला, प्रदेशअनुसार फरक-फरक शुल्क लाग्न सक्नेछ। नदी-खोलाका किनारमा हुने घरको बिमा गर्दा शुल्क धेरै लाग्न सक्छ। अन्य सुरक्षित ठाउँमा भएका घरहरूको बिमा गर्दा शुल्क कम लाग्न सक्नेछ। काठमाडौं र पोखरा सहरमा हुने घरको बिमाशुल्क पनि फरक-फरक हुन सक्नेछ। कोशी प्रदेशमा भएका घर र कर्णाली प्रदेशमा भएका घरको बिमा गर्दा पनि फरक-फरक शुल्क लाग्न सक्नेछ। तराईमा गरिने माछापालन र पहाडमा गरिने माछापालनको बिमा गर्दा फरक-फरक शुल्क लाग्नेछ। मधेशमा गरिने कृषि खेती र कर्णालीमा गरिने कृषि खेतीको बिमा गर्दा पनि फरक-फरक शुल्क लाग्नेछ।

नेपाल बिमक संघका निवर्तमान अध्यक्ष चंकी क्षेत्री यो नीति स्वागयोग्य भए पनि उत्तिकै चुनौतीपूर्ण हुने बताउँछन्। 'नेपालजस्तो मुलुकमा यो लागू गर्न धेरै नै चुनौती छ। तसर्थ, यसमा सबैले मिलेर काम गर्नुपर्छ,' उनले भने, 'यसलाई कार्यान्वयन गर्न सकियो भने बिमितले जोखिमका आधारमा शुल्क तिर्छन्। उनीहरूलाई न्याय हुन्छ।'

संघीय सरकारको सञ्चित कोष अझै दुई खर्ब पाँच अर्बले घाटामा

सरकारी वित्तीय सन्तुलनमा आंशिक सुधार, गत आवको तुलनामा २० अर्बले घट्यो सञ्चित कोष नोक्सानी

कृष्ण रिजाल/नयाँ पत्रिका

संघीय सरकारको सञ्चित कोष दुई खर्ब पाँच अर्बले घाटामा देखिएको छ। सरकारले प्राप्ति र भुक्तानीको सन्तुलन मिलाउन नसक्दा कोष घाटामा गएको हो।

गएको आर्थिक वर्ष ०८१/८२ मा सञ्चित कोषमा आंशिक सुधार भएको देखिन्छ। वार्षिक हिसाबकिताबमा गएको आवमा सञ्चित कोष २० अर्बले बचतमा रहन पुगेको सरकारी तथ्यांक छ। तर, विगत वर्षदेखिका हिसाब समायोजन गर्दा समग्र सञ्चित कोष घाटामै देखिन्छ।

सरकारको ट्रेजरी पोजिसन गत वर्षको तुलनामा करिब २० अर्बले घटेको अर्थ मन्त्रालयले जनाएको छ। '०८१ सालको सुरुमा दुई खर्ब २४ अर्ब ९९ करोड सञ्चित कोष घाटामा रहेकोमा एक वर्षमा २० अर्ब रुपैयाँ कम भएको छ,' मन्त्रालयले उल्लेख गरेको छ, 'चालू आर्थिक वर्षमा दुई खर्ब चार अर्ब ९५ करोड रुपैयाँ घाटामा रहेको छ।'

नगद प्रवाहमा आधारित सञ्चित कोष घाटामा जान नहुने मान्यता रहेको छ। तर, पछिल्ला दुई आर्थिक वर्षमा सरकारी कोष घाटामा गए। अघिल्लो आवको वार्षिक हिसाब भने कोष बचतमा रहन पुग्यो। अन्य प्राप्ति र ऋण बढेको, राजस्वमा समेत सामान्य सुधार आएको, तर पुँजीगत खर्च बढ्न नसकेका कारण सरकारी खाता सन्तुलित हुन पुगेको हो।

गत आवमा सरकारले १८ खर्ब ६० अर्ब ३० करोडको बजेट ल्याएको थियो। तर, सरकारले बजेटको लक्ष्यभन्दा कम अर्थात् १५ खर्ब ४३ अर्ब १८ करोड प्राप्ति भएको छ। त्यस्तै, लक्ष्यअनुसार खर्च नहुँदा भुक्तानी भने कम हुन पुग्यो। उक्त आवमा सरकारले समग्रमा १५ खर्ब २३ अर्ब १४ करोड भुक्तानी गर्न सक्यो। यसरी सरकारको अघिल्ला आवको सञ्चित कोष बचतमा रहन पुग्यो।





■ ऋणात्मक मौज्दात समायोजन गरी राफसाफ तिर्नुपर्छ : महालेखा



महालेखा परीक्षकको कार्यालयले आफ्ना वार्षिक प्रतिवेदनहरूमा संघीय सञ्चित कोषमाथि प्रश्न गर्दै आएको छ। महालेखाको ६२औं वार्षिक प्रतिवेदनले सार्वजनिक वित्त व्यवस्थापनमा प्रश्न गरेको छ। प्रतिवेदनले सञ्चित कोषमा ऋणको समेत समायोजन गर्न भनेको छ। त्यसअघि महालेखाको पछिल्लो ६१औं प्रतिवेदनले 'नगदमा आधारित लेखाप्रणालीमा नगद तथा बैंकिङ मौज्दात ऋणात्मक हुनुको कारण यकिन नगरिएको भन्दै' कैफियत औंल्याएको हो। महालेखाको ६०औं प्रतिवेदनले 'नेपाल सरकारको लेखा नगद आधारमा लेखांकन गर्दा कोषको मौज्दात ऋणात्मक हुन नसक्ने अवस्थामा विगत वर्षदेखि नै ऋणात्मक मौज्दात देखिएको छ' भन्दै कैफियत औंल्याइएको छ। त्यसअघि महालेखाको ५९औं प्रतिवेदनले सञ्चित कोषको ऋणात्मक मौज्दात समायोजन गरी राफसाफ गरिनुपर्ने औंल्याएको छ।

सञ्चित कोष घाटाले सरकारको वित्तीय अनुशासनलाई चित्रण गर्छ



● **डा. डिल्लीराज खनाल**, अर्थशास्त्री

नेपाल सरकारको सञ्चित कोष कुनै वर्ष ऋणात्मक र कुनै वर्ष बचतमा गएको देखिन्छ। वित्तीय अनुशासन वा सुझबुझले भन्दा पनि खर्च गर्न नसक्दा बचत हुने र खर्च गरे पनि राजस्व उठाउन वा अनुदान प्राप्ति गर्न नसक्दा ऋणात्मक हुने स्थिति देखिन्छ। संघीयतापछि खर्च बढेको छ, राजस्व अपेक्षाकृत बढ्न नसकेको तथा वैदेशिक अनुदान घट्दै गएको छ। यसले सञ्चित कोष घाटामा जाने गरेको छ। सञ्चित कोष घाटाले सरकारको वित्तीय अनुशासनलाई चित्रण गर्छ। यसले वित्तीय स्वास्थ्य कस्तो छ भनेरसमेत देखाउँछ।

■ के हो सञ्चित कोष घाटा ?

प्राप्ति र भुक्तानीको तालमेल नमिल्दा सञ्चित कोष बचत वा घाटामा जाने गर्छ। खर्चको तुलनामा प्राप्ति बढी हुँदा सञ्चित कोष बचतमा जान्छ भने प्राप्तिको तुलनामा खर्च बढी हुँदा सञ्चित कोष ऋणात्मक हुने गर्छ। नेपालको संविधान २०७२ को धारा ११६ ले संघीय सञ्चित कोषको व्यवस्था गरेको छ। 'गुठी रकमबाहेक सरकारलाई प्राप्त हुने सबै प्रकारका राजस्व, राजस्वको धितोमा लिइएका सबै कर्जा, ऐनको अधिकारअन्तर्गत दिइएका जुनसुकै ऋण असुल हुँदा प्राप्त भएको सबै धन र नेपाल सरकारलाई प्राप्त हुने अन्य जुनसुकै रकम संघीय ऐनद्वारा अर्को कुनै व्यवस्था नगरिएमा एक सरकारी कोषमा आम्दानी बाँधिनेछ, जसलाई संघीय सञ्चित कोष भनिनेछ,' संविधानमा व्याख्या गरिएको छ। सरकारले राजस्व, अनुदान, ऋण र अन्य आम्दानीलाई समग्र प्राप्तिमा गणना गर्छ। त्यस्तै, सञ्चित कोषमा हुने सबै व्ययभारलाई खर्चमा गणना गर्छ। सरकारले खर्चको तुलनामा राजस्व तथा अन्य आम्दानी बढाउन नसक्दा सरकारी कोष ऋणात्मक हुने गरेको छ।

■ **पाँच आवमा कोषको अवस्था (वार्षिक हिसाबमा)**

आर्थिक वर्ष	कोषको अवस्था (करोडमा)
०७७/७८	१०४७३
०७८/७९	५९४३
०८९/८०	-१२७३५
०८०/८१	-६२८०
०८१/८२	२००३
०८१/८२ सम्मको	-२०४९५

स्रोत : महालेखा नियन्त्रक कार्यालय

माथिल्लो तमोर आयोजना निर्माण रोक्न माग गर्दै प्रदर्शन

ताप्लेजुङमा **केशवप्रसाद भट्टराई**

ताप्लेजुङस्थित दुई सय ८५ मेगावाटको माथिल्लो तमोर जलविद्युत् आयोजना निर्माणकार्य रोक्नुपर्ने माग राख्दै आयोजना प्रभावित क्षेत्रका बासिन्दाले शुक्रबार प्रदर्शन गरेका छन्। आयोजना निर्माण गर्न सुरु गरिएको ठाउँ याक्थुङ (लिम्बू) समुदायको मुन्धुमस्थल रहेको भन्दै निर्माण रोक्न प्रभावित क्षेत्रका बासिन्दाले विरोध प्रदर्शन गरेका हुन्। आयोजना प्रभावित क्षेत्रका बासिन्दाले अपर तमोर हाइड्रोपावर प्रभावित संघर्ष समिति नै गठन गरेर विरोध गर्दै आएका छन्। संघीय सरकारसहित विभिन्न निकायमा ज्ञापनपत्र र ध्यानाकर्षण पत्रमार्फत जलविद्युत् आयोजनाको काम रोक्नुपर्ने माग गर्दै संघर्ष समितिले जनाउँदै आएको छ।

मुन्धुमस्थलको अस्तित्वमाथि क्षति हुने भएकाले विभिन्न ज्ञापनपत्र, ध्यानाकर्षण पत्रलगायतका माध्यममार्फत आयोजनाको काम रोक्न अनुरोधसहित माग गर्दा पनि काम नरोकिएकाले आन्दोलनमै उत्रन बाध्य भएको संघर्ष समितिका सदस्य श्री लिखिमले बताए। विरोध प्रदर्शनपछि कोणसभालाई सम्बोधन गर्दै लिखिमले शुक्रबारसमेत पाँचपटकसम्म निर्माणस्थलमै आयोजनाको विरोधमा प्रदर्शन गरिएको बताए। अब पनि निर्माणको कामलाई निरन्तरता दिएमा हालसम्म भइरहेको शान्तिपूर्ण आन्दोलनको स्वरूप परिवर्तन हुने चेतावनीसमेत दिए। स्वरूप परिवर्तनपछि हुने आन्दोलनबाट कुनै क्षति हुन पुगेमा सरकार र सम्बन्धित पक्षले व्यहोर्नुपर्ने उनको भनाइ छ। यस्तै संघर्ष समितिका संयोजक वीरबल लिखिमले पनि आयोजनाको काम नरोकिएसम्म आन्दोलन जारी रहने बताए।

याक्थुङ समुदायको मुन्धुम क्षेत्र तथा स्थल भएकाले आयोजना निर्माण गर्न नहुने अडानसहित प्रभावित क्षेत्रका बासिन्दा आन्दोलित हुँदै आएको संयोजक लिखिमको भनाइ छ। मुन्धुमस्थलको अतिक्रमण गरी जलविद्युत् आयोजना निर्माण गर्दा मौलिक सभ्यता र संस्कृति मासिने भएकाले मुन्धुमस्थलको संरक्षण गर्न आफूहरू लागिपरेको उनले बताए। जिल्लाको फक्ताङलुङ गाउँपालिका भई बग्ने तमोर नदीबाट तमोर इनर्जी प्रालिले विद्युत् उत्पादन गर्ने गरी निर्माणको काम धमाधम गरिरहेको छ।

युवा उद्यमी मञ्चमा नयाँ नेतृत्व



काठमाडौं/ नेपाल युवा उद्यमी मञ्च (एनवाइइएफ) को राष्ट्रिय अध्यक्षमा सुदीप घिमिरे निर्वाचित भएका छन्। मञ्चको २१औं वार्षिक साधारणभाले युवा उद्यमी सुदीप घिमिरेको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो।

मञ्चको प्रथम उपाध्यक्षमा आभूषण ज्योति कंसाकार, द्वितीय उपाध्यक्षमा नविता प्रधान र महिला उपाध्यक्षमा ऋचा श्रेष्ठ चयन भएका हुन्। साधारणसभाले कार्यसमिति सदस्यहरूमा पवित्रबहादुर गौतम, कृष्ण सापकोटा, युनेशराज श्रेष्ठ, विलासा श्रेष्ठ, सुबिन श्रेष्ठ र अभिमन्यु गोल्छालाई चयन गरेको हो। यसअघि मञ्चको नेतृत्वमा कुशलसुन्दर श्रेष्ठ रहेका थिए।

मञ्चको नवनिर्वाचित अध्यक्ष घिमिरे एसजी ग्रुपमा एक दशकभन्दा बढी समयदेखि कार्यकारी निर्देशकका रूपमा नेतृत्वदायी भूमिकामा छन्। घिमिरेले सन् २०१९ मा नेपाल युवा उद्यमी मञ्च सुनसरीका संस्थापक अध्यक्षका रूपमा मञ्चको यात्रा सुरु गरेका थिए। सन् २०२० देखि राष्ट्रिय कार्यकारिणी परिषद्को कार्यसमिति सदस्यमा निर्वाचित भएका थिए। अध्यक्ष घिमिरेले नवप्रवर्तन, समावेशिता र प्रभावमा केन्द्रित आफ्नो रणनीतिक दृष्टिकोण प्रस्तुत गर्दै मञ्चको उद्देश्य र मूल्यलाई अझ प्रभावकारी रूपमा कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरे।

मञ्चले यो वर्ष नेपाली युवा उद्यमीलाई अन्तर्राष्ट्रियस्तरमा जोड्ने उद्देश्यसहित छिमेकी मुलुकका युवा उद्यमीसँग रणनीतिक साझेदारी विस्तार गर्ने लक्ष्य राखेको छ। देशभित्रका कलेज, विद्यालय र युवा समुदायसँग सहकार्य गर्दै प्रारम्भिक चरणमै नेतृत्व, उद्यमशीलता र परामर्शको प्रवर्द्धन गर्ने योजना पनि सार्वजनिक गरिएको छ। त्यसैगरी, युवाद्वारा सञ्चालित व्यवसायहरूले भोगिरहेका चुनौतीको पहिचान गर्दै सम्बन्धित निकायसँग सहकार्य गरेर नीतिगत वकालत गर्ने मात्र नभई व्यवसायमैत्री वातावरण सिर्जना गर्ने पनि मञ्चको प्रतिबद्धता रहेको छ।

'दिगो विकास लक्ष्यलाई स्थानीय आवश्यकताका आधारमा कार्यान्वयन गरौं'



स्थानीय सरकार नै नागरिकसँग सबैभन्दा नजिक हुने भएकाले उनीहरूले समुदायको आवश्यकता बुझ्न सक्छन्

काठमाडौं/ राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्राडा शिवराज अधिकारीले दिगो विकास लक्ष्यलाई स्थानीय आवश्यकता, ज्ञान र प्राथमिकताका आधारमा कार्यान्वयन गर्नुपर्ने आवश्यकता औंल्याएका छन्। न्युयोर्कमा सम्पन्न 'दिगो विकास लक्ष्य स्थानीयकरण साझेदारी मञ्च २०२५'को वार्षिक बैठकमा प्रमुख वक्ताका रूपमा बोल्दै उनले यस्तो बताएका हुन्।

उपाध्यक्ष अधिकारीले शिक्षा, स्वास्थ्य, रोजगारी र गरिबी निवारणजस्ता विषय एक-आपसमा जोडिने हुँदा एकीकृत र समन्वित स्थानीय प्रयासबाट मात्रै दिगो र दीर्घकालीन परिवर्तन सम्भव हुने बताए। नेपालमा संघीय संरचनाअन्तर्गत तीन तहको सरकार रहेको जानकारी गराउँदै, स्थानीय सरकारहरू नै नागरिकसँग सबैभन्दा नजिक हुने भएकाले उनीहरूले आफ्ना समुदायको आवश्यकता बुझन, चाँडो प्रतिक्रिया दिन र प्रत्यक्ष रूपमा विश्वास निर्माण गर्न सक्ने बताए। दिगो विकास लक्ष्य कार्यान्वयनका लागि राष्ट्रिय योजना आयोगले रणनीति तयार गर्ने, मार्गदर्शन गर्ने, अनुगमन गर्ने र सबै तहमा क्षमता अभिवृद्धि गर्ने काम गरिरहेको समेत उपाध्यक्ष अधिकारीले जानकारी दिए।

रिलायन्स फाइनान्स लिमिटेडका
ऋण नतिर्ने ऋणीलाई कर्जा चुक्ता गर्ने १५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मितिः २०८२/०४/०४)

तपाई तपसिलका ऋणी/ऋणीहरुले यस फाइनान्सबाट लिनु भएको ऋण रकम, यस फाइनान्ससँग गर्नु भएको ऋण सम्झौताको शर्त बमोजिम तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समयमा भुक्तान नगरी, नबुझाई ऋण लिँदा गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र फाइनान्सबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तानी गर्न नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित मिति भित्रमा यस वित्तिय संस्थालाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण कर्जा, ब्याज तथा हर्जाना ब्याज समेत भुक्तान नगर्नु भएमा यस फाइनान्सलाई कर्जा सुरक्षण वापत लेखि दिनुभएको तपसिल बमोजिमको चल अचल सम्पत्ति प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी अथवा सो बाट आफ्नो लेना असूल उपर नभएमा तपाई ऋणी तथा व्यक्तिगत जमानी दिने समेतको अन्य चल/अचल सम्पत्तिबाट वा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी वा अन्य प्रचलित कानून बमोजिम कारबाही गरी फाइनान्सले आफ्नो लेना रकम असूल उपर गरिनुका साथै तपाई ऋणी तथा व्यक्तिगत जमानी दिने समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा सूचीकृत गर्न सिफारिश गरी पठाईने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ।

तपशिल

केन्द्रिय कार्यालयः कमलादी काठमाडौं

ऋणीको विवरण	धितोको विवरण	व्यक्तिगत घन जमानी दिनेको विवरण	
१ **नाम : विशाल राज पोखरेल** ठेगाना : ललितपुर जिल्ला, लामाटार वडा नं. ०३ हालको ठेगाना : ललितपुर जिल्ला, सानेपा वडा नं. ०२ बुवा : विष्णु कुमार पोखरेल बाजे : बाल कृष्ण पोखरेल **कर्जा शिर्षक : व्यक्तिगत अधिविकर्ष कर्जा**	**निशा पोखरेल**को नाममा दर्ता रहेको ललितपुर जिल्ला, लामाटार वडा नं. ०३, स्थित कित्ता नं. १३७ को क्षेत्रफल २-११-३-० को जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।	**नाम : निशा पोखरेल** ठेगाना : काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं.२१ हालको ठेगानाः ललितपुर जिल्ला, सानेपा वडा नं. ०२ ससुरा : बाल कृष्ण पोखरेल श्रीमान : विष्णु कुमार पोखरेल	**नाम : सन्तोष पोखरेल** ठेगाना : ललितपुर जिल्ला, लामाटार वडा नं. ०३ हालको ठेगानाः ललितपुर जिल्ला, सानेपा वडा नं. ०२ बुवा : विष्णु कुमार पोखरेल बाजे : बाल कृष्ण पोखरेल

RELIANCE FINANCE LIMITED
रिलायन्स फाइनान्स लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)

Head Office: Reliance Bhawan,Kamaladi, Kathmandu
Tel: +977-1-5361104, 5323117, 5361041, 5361167
Email: info@reliancenepal.com.np
Web: www.reliancenepal.com.np

वित्तीय सेवाको अर्को परिभाषा

नर्सरी व्यवसायबाट एकै सिजनमा ८० लाखसम्म आम्दानी

डाँगी दाजुभाइ आफ्नो नर्सरीबाट टिमुर, कागती, सुन्तला, चिउरी र बुद्धचित्तका बिरुवा गर्छन् बिक्री

सल्यानमा **दीपक शर्मा**

परिश्रम र लगनशील भएर काम गर्ने हो भने राम्रो आम्दानीसहित अरूलाई रोजगारी पनि दिन सकिने उदाहरण सल्यानका नर्सरी व्यवसायीले दिएका छन्। जीविकोपार्जनका लागि विदेश नै जानुपर्छ भन्ने मान्यताविपरीत सल्यान बागचौर नगरपालिका- ९, डाँगीगाउँका युवाले नर्सरी सञ्चालन गरी व्यावसायिक उत्पादन गर्दै आएका छन्। गोलज्यान्ड कृषि तथा पशुपक्षी फार्म दर्ता गरी व्यावसायिक नर्सरी सञ्चालन गर्दै आएका २६ वर्षीय नीरज डाँगीले एक सिजनमा मात्रै ३५ लाखबराबरको कारोबार गरेको बताए। उनले भने, 'यो सिजनमा मात्रै ३५ लाखबराबरको कारोबार भयो। १० लाखजति खर्च भयो होला, बाँकी २५ लाख चोखो आम्दानी भयो।'

टिमुर, कागती र सुन्तलाको नर्सरी सञ्चालन गर्दै आएका डाँगी कृषिलाई सम्मानित र मर्यादित पेसाका रूपमा लिन सके आर्थिक रूपमा सम्पन्न बन्न सकिने बताउँछन्। नेपाल आर्मीको जागिर छाडेर कृषि जेटिए पढी व्यावसायिक नर्सरी खेतीमा लागेर कृषि गर्न सहज भएको डाँगीले बताए। सरदर प्रतिबिरुवा ३० रुपैयाँका दरले ४३ हजार टिमुरका बिरुवा, २० रुपैयाँका दरले पाँच हजार बिजु कागती, ३० रुपैयाँका दरले १३ हजार बिजु सुन्तला, ७५ रुपैयाँका दरले पाँच हजार दुई सय कलमी कागती र ७० रुपैयाँका दरले २० हजार कलमी सुन्तला बिक्री गरेको उनले जानकारी दिए।



सुन्तलाका बिरुवा तयार गर्दै कृषक प्रदीपकुमार डाँगी

यस्तै, डाँगीगाउँकै २८ वर्षीय प्रदीपकुमार डाँगीले पनि एकै सिजनमा ४५ लाखबराबरको बिरुवा बिक्री गरेका छन्। सबै खर्च कटाएर २२ लाख चोखो आम्दानी भएको प्रदीपको भनाइ छ। उनले भने, 'गत वर्ष सबै खर्च कटाएर १३ लाख आम्दानी भएको थियो। यस वर्ष लागत बढ्दा झन्डै १८ लाखबराबरको खर्च लाग्यो होला। तैपनि, २२ लाख आम्दानी भयो।'

यो वर्ष बिरुवाले राम्रो मूल्य पाएको बताउँदै उनले स्थिर मूल्य नहुँदा किसानले समस्या भोग्नुपरेको बताए। 'गत वर्ष १५ रुपैयाँका दरले पनि बिरुवा बिक्री गर्न गाह्रो भएको थियो,' उनले भने, 'तर, यस वर्ष ७० देखि ७५ रुपैयाँ प्रतिबिरुवा बिक्री भयो। बिरुवाको निश्चित मूल्य नहुँदा कहिले घाटा सहनुपर्छ, कहिले नाफा हुन्छ।'

यस सिजनमा ५५ रुपैयाँका दरले प्रतिबिरुवा पोलिब्याग टिमुर २५ हजार, २० रुपैयाँका दरले बिजु कागती पाँच हजार, पोलिब्याग बिजु कागती तीन हजार, कागती कलमी दुई हजार बिक्री भएको डाँगीको भनाइ छ।

सिटिजन्स बैंकद्वारा उपत्यकाका दुई ठाउँमा इभी चार्जिङ स्टेसन सञ्चालन

काठमाडौं/ सिटिजन्स बैंक इन्टरनेसनलले उपत्यकाका दुई प्रमुख स्थानमा इभी चार्जिङ स्टेसन सञ्चालनमा ल्याएको छ। बैंकले वातावरणमैत्री अभियानलाई सशक्त बनाउन नारायणहिटीपथ र कमलादीस्थित आफ्नै भवनपरिसरमा इभी चार्जिङ स्टेसन सञ्चालनमा ल्याएको हो। बैंकका अनुसार यी चार्जिङ स्टेसन गाडी चार्ज प्रालिसँगको सहकार्यमा स्थापना गरिएका हुन्।

बैंकका प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेलले चार्जिङ स्टेसन उद्घाटन गर्दै वातावरणीय संरक्षणमा योगदान पुऱ्याउने उद्देश्यले चार्जिङ स्टेसन स्थापना गरिएको र आगामी दिनमा सातै प्रदेशमा स्थापना गरिने बताए। चार्जिङ स्टेसन सर्वसाधारण, ग्राहक तथा इभी प्रयोगकर्ताका लागि उपलब्ध हुनेछ। यसबाट ग्राहकलाई सहज सेवा उपलब्ध गराउने लक्ष्य लिएको बैंकको भनाइ छ।

एनआइसीका सञ्चालक संघईलाई सिआइपी सम्मान

काठमाडौं/ एनआइसी एसिया बैंकका सञ्चालक रामचन्द्र संघई सरकारले प्रदान गर्ने महत्त्वपूर्ण व्यावसायिक व्यक्ति (सिआइपी)बाट सम्मानित भएका छन्। देशको वाणिज्य क्षेत्र, निर्यात तथा समग्र अर्थतन्त्रमा विशेष योगदान पुऱ्याएको भन्दै सरकारले उनलाई सम्मान गरेको हो। सरकारले अर्थतन्त्र तथा वाणिज्य क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउने विशेष व्यक्तिहरूलाई उक्त सम्मान प्रदान गर्दै आएको छ।

नेपाल इन्स्योरेन्सलाई गोल्ड अवार्ड

काठमाडौं/ नेपाल इन्स्योरेन्स कम्पनीले गोल्ड अवार्ड प्राप्त गरेको छ। कम्पनीले उत्कृष्ट वार्षिक प्रतिवेदन तयार गरेबापत 'नेसनल बेस्ट प्रिजेन्टेड एनुअल रिपोर्ट-२०२४ का लागि उक्त अवार्ड पाएको हो। इन्स्टिच्युट अफ चार्टर्ड एकाउन्टेट अफ नेपाल (आइक्यान)द्वारा शुक्रबार होटेल र्‍याडिसनमा आयोजित समारोहमा कम्पनीलाई गोल्ड अवार्डले सम्मान गरिएको हो। समारोहमा प्रमुख अतिथि महालेखा परीक्षक तोयम रायले कम्पनीका प्रमुख कार्यकारी अधिकृत वीरकृष्ण महर्जनलाई उक्त सम्मानपत्र प्रदान गरेका थिए।

राष्ट्रिय वाणिज्य बैंकको अध्यक्षमा ढकाल



काठमाडौं/ राष्ट्रिय वाणिज्य बैंकको अध्यक्षमा देवकुमार ढकाल चयन भएका छन्। शुक्रबार बसेको सञ्चालक समिति बैठकले ढकाललाई सर्वसम्मत अध्यक्ष चयन गरेको हो। अध्यक्ष चयन भएसँगै उनले पदभारसमेत ग्रहण गरेका छन्।

ढकालसँग नेपाल राष्ट्र बैंकमा ३० वर्षभन्दा बढी समय विभिन्न जिम्मेवारीमा रहेर सेवा गरेको अनुभव छ। पछिल्लो समय राष्ट्र बैंकको कार्यकारी निर्देशकको जिम्मेवारीमा रहेर कार्य गरेका ढकाल वित्तीय प्रणाली, बैंकिङ प्रशासन तथा नियमन प्रणाली विषयको जानकार छन्। बैंकले अहिले तीन सय नौवटा शाखा कार्यालयमार्फत सेवा प्रवाह गर्दै आएको छ।

एन आई सी एशिया बैंक लिमिटेड
NIC ASIA
एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकका तपसिलका ऋणीले लिनुभएको ऋण कर्जा सुविधाको साँवा, व्याज लगायतका अन्य रकम बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त उल्लंघन गर्नुभएकोले कर्जा चुक्ता भुक्तानी गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत कर्जा चुक्ता नगर्नुभएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी ऋण कर्जाको सम्पूर्ण साँवा, व्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गारिनुका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी लगायत सम्वद्ध सबैलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा नाम समावेश गर्न सिफारिस गारिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितो सुरक्षणबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम जमानीकर्तालाई कर्जा चुक्ता गर्न समय प्रदान गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगरेमा जमानतकर्तालाई समेत कालोसूचीमा समावेश गर्न सिफारिस गरि बाँकी रहेको कर्जा असूल उपर गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	**ऋणी फर्म: राम कली कृषि तथा पशु फार्म,** प्रोप्राईटर तथा जमानीकर्ता: रामकली देवी दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय रौतहट, गौरमा उद्योग दर्ता नं. १०८२६/१४२६/४१०/२१७ (गरुडा), दर्ता मिति २०७८/११/०९, ठेगाना: जिल्ला रौतहट, गरुडा न.पा वडा नं. ५
२)	**ऋणी फर्म: राज ट्रेडर्स,** प्रोप्राईटर तथा जमानीकर्ता: राम नरेश प्रसाद यादव दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, बारामा प्रा.फ.र.नं. ४१५८/०७२/७३, , दर्ता मिति २०७२/१२/१६, ठेगाना: जिल्ला बारा, मझरिया गा.वि.स. वडा नं. ८
३)	**ऋणी फर्म: युनियन पशुपालन फार्म,** प्रोप्राईटर तथा जमानीकर्ता: देवन्ती देवी दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, कलैया, बारामा प्रा.फ.नं.घ.उ.वि. ७३४६/६१३/०७५/७६, दर्ता मिति २०७५/१२/०१, ठेगाना: जिल्ला बारा, परवानीपुर गा.पा. वडा नं. ५
४)	**ऋणी फर्म: जय मा काली ट्रेडर्स,** प्रोप्राईटर तथा जमानीकर्ता: धर्मानन्द रजक दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, राजविराज सप्तरीमा प्रा.फ.र.नं. १२६५/०६८/६९ दर्ता मिति २०६८/१०/१५, ठेगाना: जिल्ला सप्तरी, हनुमाननगर गा.वि.स. वडा नं. २
५)	**ऋणी फर्म: वैजनाथ हार्डवेयर स्टोर,** प्रोप्राईटर तथा जमानीकर्ता: कृष्ण कुमार दास दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, सप्तरी, राजविराजमा प्रा.फ.र.नं. २६०४/०७१/०७२, दर्ता मिति २०७१/०८/१८, ठेगाना: जिल्ला सप्तरी, हनुमाननगर गा.वि.स. वडा नं. २
६)	**ऋणी: प्रधुम्न भारी** स्थायी ठेगाना: बागलुङ जिल्ला, कालिका गा.पं. वडा नं. ५, हालको ठेगाना: बागलुङ जिल्ला, बागलुङ्ग न.पा. वडा नं. २, बाबु: हरि कृष्ण भारी, बाजे: बौहत प्रसाद भारी
७)	**ऋणी: ओम वहादुर वि.क.** स्थायी ठेगाना: नवलपरासी जिल्ला, देउराली गा.वि.स. वडा नं. ४, हालको ठेगाना: नवलपरासी जिल्ला, हुप्सेकोट न.पा. वडा नं. ३, बाबु: ऋषीराम कामी, बाजे: जुद्ध कामी
८)	**१) ऋणी फर्म: पि आर इन्टरप्राईजेज,** प्रोप्राईटर तथा जमानीकर्ता: राजेश गुरुङ्ग दर्ता नं.: उद्योग, वाणिज्य तथा उपभोक्ता संरक्षण कार्यालय, नवलपरासीमा प्रा.फ.र.नं. ५२५०६/०७८/७९, दर्ता मिति: २०६६/०४/१४, ठेगाना: जिल्ला नवलपरासी, कावासोती न.पा वडा नं. ५
	२) ऋणी फर्म: इन्टेरियर हाउस, प्रोप्राईटर तथा जमानीकर्ता: मनिषा थापा दर्ता नं.: पर्यटन तथा उद्योग कार्यालय, नवलपुरमा प्रा.फ.र.नं. ३३९८/०७९/०८०, दर्ता मिति: २०७९/१०/०४, ठेगाना: जिल्ला नवलपरासी, (व.सु.पु.) कावासोती न.पा वडा नं. ८
	३) ऋणी: राजेश गुरुङ्ग स्थायी ठेगाना: नवलपरासी जिल्ला, कावासोती गा.वि.स. वडा नं. ५, हालको ठेगाना: नवलपरासी जिल्ला, कावासोती न.पा वडा नं. ८, बाबु: एक बहादुर गुरुङ, बाजे: हर्ष बहादुर गुरुङ
९)	**१) ऋणी फर्म: न्यु पि.आर सप्लायर्स,** प्रोप्राईटर तथा जमानीकर्ता: जीवलाल चापागाई दर्ता नं.: वाणिज्य कार्यालय भैरहवा, रुपन्देहीमा, प्रा.फ.र.नं. ३५७६५/०७२/०७३, दर्ता मिति: २०७२/०५/१०, ठेगाना: जिल्ला रुपन्देही, देवदह न.पा. वडा नं. ७
	२) ऋणी: जीव लाल चापागाई, स्थायी ठेगाना: रुपन्देही जिल्ला, देवदह गा.वि.स वडा नं. १, हालको ठेगाना: रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ५, बाबु: लोक नाथ चापागाई, बाजे: देव भक्त चापागाई
	३) ऋणी फर्म: पि.आर. एग्रो फर्म, प्रोप्राईटर तथा जमानीकर्ता: भुमादेवी पाण्डे चापागाई दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय सिद्धार्थनगर, रुपन्देहीमा प्रा.फ. दर्ता नं. २४०४५.०७९.८०, मिति २०७९/०७/२८, ठेगाना: जिल्ला रुपन्देही, देवदह न.पा. वडा नं. ३
१०)	**ऋणी फर्म: जय भैरव ट्रेडर्स एण्ड सप्लायर्स,** प्रोप्राइटर तथा जमानीकर्ता: नरेन्द्र शर्मा दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, बर्दियामा प्रा.फ.र.नं./बर्दिया ८१६/८१९३/०७५/०७६, मिति २०७५/१२/१५, ठेगाना: जिल्ला बर्दिया, गुलरिया न.पा. वडा नं. ६
११)	**ऋणी: वसन्त पाण्डे** स्थायी ठेगाना: रुपन्देही जिल्ला, सैनामैना न.पा. वडा नं. ६, हालको ठेगाना: रुपन्देही जिल्ला, तिलोत्तमा न.पा. वडा नं. १ बाबु: पारास्वर पाण्डे, बाजे: लक्ष्मी नारायण पाण्डे
१२)	**ऋणी: शान्ता भट्टराई** स्थायी ठेगाना: रुपन्देही जिल्ला, करहिया गा.वि.स. वडा नं. ८, हालको ठेगाना: रुपन्देही जिल्ला, तिलोत्तमा न.पा. वडा नं. ११ बाबु: राम बहादुर गौतम, ससुरा: लाल प्रसाद भट्टराई, पति: सागर भट्टराई
१३)	**ऋणी फर्म: नेपालगंज हार्डवेयर सप्लायर्स,** प्रोप्राइटर तथा जमानीकर्ता: मन्नी थारु दर्ता नं.: वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय नेपालगञ्ज, बाँकेमा प्रा.फ.र.नं. ३५६३२/०७८/०७९, मिति २०७८/०८/१०, ठेगाना: जिल्ला बाँके, नेपालगंज उ.म.न.पा. वडा नं. १८
१४)	**१) ऋणी: रबिन्द्र चौधरी** स्थायी ठेगाना: सुनसरी जिल्ला, सिंगीया गा.वि.स. वडा नं.७, हालको ठेगाना: सुनसरी जिल्ला, रामधुनी न.पा. वडा नं.५, बाबु: असनलाल चौधरी, बाजे: नक्छेदी चौधरी
	कर्जाको किसिम: व्यक्तिगत कर्जा **२) ऋणी: दिनेश कुमार चौधरी** स्थायी ठेगाना: सुनसरी जिल्ला, सिंगिया गा.वि.स. वडा नं.७, हालको ठेगाना: मोरङ जिल्ला, ग्रामथान गा.पा. वडा नं.७, बाबु: असनलाल चौधरी, बाजे: नकछेदी चौधरी
	जमानीकर्ताहरु: १) असनालाल चौधरी, स्थायी ठेगाना: सुनसरी जिल्ला, सिंगिया गा.प. वडा नं.७, हालको ठेगाना: मोरङ जिल्ला, ग्रामथान गा.पा. वडा नं.७, बाबु: नकछेदी चौधरी, बाजे: सुनर चौधरी, **२) हिरा कुमारी चौधरी,** स्थायी ठेगाना: सुनसरी जिल्ला, सिंगीया गा.वि.स. वडा नं.७, हालको ठेगाना: मोरङ जिल्ला, ग्रामथान गा.पा. वडा नं.७, बाबु: दैतु चौधरी, ससुरा: असनलाल चौधरी, पति: दिनेश कुमार चौधरी, **३) सुनिता चौधरी,** स्थायी ठेगाना: सुनसरी जिल्ला, भा.सी. गा.वि.स. वडा नं.८, हालको ठेगाना: सुनसरी जिल्ला, रामधुनी न.पा. वडा नं.५, बाबु: फागुलाल चौधरी, ससुरा: असनलाल चौधरी, पति: रबिन्द्र चौधरी, **४) रबिन्द्र चौधरी,** स्थायी ठेगाना: सुनसरी जिल्ला, सिंगीया गा.वि.स. वडा नं.७, हालको ठेगाना: सुनसरी जिल्ला, रामधुनी न.पा. वडा नं.५, बाबु: असनलाल चौधरी, बाजे: नक्छेदी चौधरी
१५)	**१) ऋणी फर्म: माता लक्ष्मी पूजा भंडार,** प्रोप्राईटर तथा जमानतकर्ता: रोजन पराजुली दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, इटहरी, सुनसरीमा प्रा.फ.र.नं. ११६२५/०७९/०८०, दर्ता मिति: २०७९/११/२९, ठेगाना: जिल्ला सुनसरी, ईटहरी उ.म.न.पा. वडा.नं. ६
	कर्जाको किसिम: व्यक्तिगत कर्जा **२) ऋणी: रोजन पराजुली** स्थायी ठेगाना: संखुवासभा जिल्ला, नुम गा.वि.स. वडा नं. ६, हालको ठेगाना: सुनसरी जिल्ला, इटहरी उ.म.न.पा.वडा नं. ६, बाबु: छविलाल पराजुली, बाजे: चन्द्र बहादुर पराजुली
	जमानीकर्ता: अस्मिता श्रेष्ठ, स्थायी ठेगाना: सप्तरी जिल्ला, सप्तकोशी न.पा. वडा नं. ८, हालको ठेगाना: सुनसरी जिल्ला, इटहरी उ.म.न.पा.वडा नं. ६, बाबु: तिलक बहादुर श्रेष्ठ, ससुरा: छविलाल पराजुली, पति: रोजन पराजुली
१६)	**ऋणी: जागृत दाहाल** स्थायी ठेगाना: मोरङ जिल्ला, ग्रामथान गा.पा. वडा नं. २, हालको ठेगाना: काठमाडौं जिल्ला, कपन न.पा.वडा नं. ६ बाबु: इश्वरी प्रसाद दाहाल, बाजे: भवानी प्रसाद दाहाल
१७)	**ऋणी फर्म: निमु क्लोसेट,** प्रोप्राइटर तथा जमानीकर्ता: मीराकुमारी राई दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, बागमती प्रदेश, ललितपुरमा प्रा.फ.र.नं.३-३४-३७६-१५२/२०७८/७९, दर्ता मिति: २०७९/०९/१८, ठेगाना: जिल्ला ललितपुर, ललितपुर म.न.पा. वडा नं. १४
१८)	**१) ऋणी कम्पनी: भवानी ब्याग उद्ययोग प्रा.लि.** संचालक तथा जमानीकर्ता: अमृत ढकाल दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं.: २०५०४८/०७५/०७६, दर्ता मिति २०७५/०९/०८, ठेगाना: जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. २०
	२) ऋणी: अमृत ढकाल स्थायी ठेगाना: काभ्रेपलान्चोक जिल्ला, पाँचखाल गा.वि.स. वडा नं. ४, हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ७, चावहिल, बाबु: राधाकृष्ण ढकाल, बाजे: नीलकण्ठ ढकाल
१९)	**१) ऋणी: राम चन्द्र गजुरेल** स्थायी ठेगाना: काठमाडौं जिल्ला, जितपुरफेदी गा.पं. वडा नं. ६, हालको ठेगाना: काठमाडौं जिल्ला, तारकेश्वर न.पा. वडा नं. ३, बाबु: खडानन्द गजुरेल, बाजे: चन्द्रमणी गजुरेल
	कर्जाको किसिम: व्यक्तिगत कर्जा **२) ऋणी: सबिन गजुरेल** ठेगाना: काठमाडौं जिल्ला, तारकेश्वर न.पा. वडा नं. ३, बाबु: राम चन्द्र गजुरेल, बाजे: खडानन्द गजुरेल
	जमानीकर्ताहरु: १) राम चन्द्र गजुरेल, स्थायी ठेगाना: काठमाडौं जिल्ला, जितपुरफेदी गा.पं. वडा नं. ६, हालको ठेगाना: काठमाडौं जिल्ला, तारकेश्वर न.पा. वडा नं. ३, तिनपिपलचोक, बाबु: खडानन्द गजुरेल, बाजे: चन्द्रमणी गजुरेल, **२) गायत्री गजुरेल, स्थायी** ठेगाना: काठमाडौं जिल्ला, जितपुरफेदी गा.वि.स. वडा नं. ६, हालको ठेगाना: काठमाडौं जिल्ला, तारकेश्वर न.पा. वडा नं. ३, तिनपिपलचोक, बाबु: गोपाल प्रसाद नेपाल, ससुरा: खडानन्द गजुरेल, पति: राम चन्द्र गजुरेल
२०)	**१) ऋणी फर्म: श्रेष्ठ बहुउधेश्यीय एकिकृत कृषि फर्म,** प्रोपाईटर तथा जमानतकर्ता: रिता श्रेष्ठ दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर, चितवनमा प्रा.फ.द.नं. १३३९/२०७८/०७९, दर्ता मिति: २०७८/१२/१७, ठेगाना: जिल्ला चितवन, खैरहनी न.पा. वडा नं. २
	२) ऋणी: रिता श्रेष्ठ स्थायी ठेगाना: चितवन जिल्ला, पिठुवा गा.वि.स./उ.म.न.पा. वडा नं. २, हालको ठेगाना: चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. २ बाबु: प्रेम कुमार श्रेष्ठ, ससुरा: हर्क नारायण श्रेष्ठ, पति: सुरज श्रेष्ठ
२१)	**ऋणी कम्पनी: के. यु. पोल्ट्री फर्म प्रा.लि.,** संचालक तथा जमानीकर्ता: केशव उप्रेती दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. ३३१५८९/०८०/०८१, दर्ता मिति: २०८०/११/२७, ठेगाना: जिल्ला चितवन, खैरहनी न.पा. वडा नं. १
२२)	**ऋणी फर्म: आर आर खाजा घर,** प्रोपाईटर तथा जमानीकर्ता: जीतराम दरै दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, बागमती प्रदेश, भरतपुर, चितवनमा प्रा.फ.द.नं. १०२५/०७७/०७८, दर्ता मिति: २०७७/०९/२९, ठेगाना: जिल्ला चितवन, रत्ननगर न.पा. वडा नं. १३
२३)	**१) ऋणी फर्म: सेडाई कृषि तथा पशुपालन फर्म,** प्रोपाईटर तथा जमानतकर्ता: देव कुमारी अधिकारी सेडाई दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर, चितवनमा प्रा.फ.द.नं. ७४२/०७७/०७८, दर्ता मिति: २०७७/०९/०८, ठेगाना: जिल्ला चितवन, खैरहनी न.पा. वडा नं. १
	२) ऋणी: देव कुमारी अधिकारी सेडाई स्थायी ठेगाना: चितवन जिल्ला, खैरहनी गा.वि.स. वडा नं. ८, हालको ठेगाना: चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. १ बाबु: जित बहादुर अधिकारी, ससुरा: विर बहादुर सेडाई, पति: रुद्र बहादुर सेडाई
२४)	**१) ऋणी फर्म: अमृत कृषि औजार वर्कसप,** प्रोपाईटर तथा जमानतकर्ता - राम कुमार महतो दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर, चितवनमा प्रा.फ.द.नं. ५२०/०७३/०७४, दर्ता मिति: २०७३/१०/०३, ठेगाना: जिल्ला चितवन, भरतपुर म.न.पा. वडा नं. २७
	२) ऋणी: राम कुमार महतो स्थायी ठेगाना: चितवन जिल्ला, रत्ननगर गा.वि.स. वडा नं. १, हालको ठेगाना: चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. ९ बाबु: शनिचरा महतो, बाजे: भिखारी महतो
२५)	**ऋणी: महेन्द्र बहादुर धमला** स्थायी ठेगाना: चितवन जिल्ला, मंगलपुर गा.वि.स. वडा नं. ५, हालको ठेगाना: चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. १६ बाबु: कमल बहादुर धमला, बाजे: कुल बहादुर धमला

नोट: ऋणी तथा प्रोप्राइटर/संचालक बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानीकर्ता/संचालकको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ
फोन नं.: ०१-४५२३४३२/३४/३६

शाखा कार्यालय: धुम्बाराही, काठमाण्डौ
फोन नं. ०१-४५११४८१

को

शाखा कार्यालय धुम्बाराही, काठमाण्डौको तपसिलमा उल्लेखित ऋणीको धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी ७ (सात) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२/०४/०४ गते)

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको शाखा कार्यालय धुम्बाराही, काठमाण्डौबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणी र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धि १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचनाहरु विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

ऋणीको विवरण

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौमा कम्पनी ऐन २०६३ बमोजिम मिति २०६४/०६/२७ मा दर्ता नं. ४८७२०/०६४-०६५ कायम भई दर्ता भएको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ६, स्थित **मुगु एक्सपोर्ट एण्ड इम्पोर्ट प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. टण्डुल तामाङको नाति, छोमेल तामाङको छोरा, मुगु जिल्ला, मुगु गा.वि.स./न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको **राजा तामाङ्ग (ना.प्र.प.नं. ५८१७७४, मुगु)**
२. छोमेल तामाङको बुहारी, राजा तामाङ्गको पत्नी, मुगु जिल्ला, मुगु गा.वि.स./न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको **झिमु तामाङ (ना.प्र.प.नं. ००१/४७५४, मुगु)**
३. छोमेल तामाङको नाति, राजा तामाङ्गको छोरा, मुगु जिल्ला, मुगुमकार्मारोग गा.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **सोनाम छिरिङ तामाङ (ना.प्र.प.नं. ५८-०१-७८-०१२६७, मुगु)**
४. छोमेल तामाङको नाति, राजा तामाङ्गको छोरा, मुगु जिल्ला, मुगु गा.वि.स./न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको **उर्जेन छिरिङ तामाङ (ना.प्र.प.नं. ५८/६९७२, मुगु)**
५. छोमेल तामाङको नाति, राजा तामाङ्गको छोरा, मुगु जिल्ला, मुगु गा.वि.स./न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको सोनाम **किन्जोम तामाङ (ना.प्र.प.नं. ५८३००१/५७, मुगु)**
६. छोमेल तामाङको नातिनी, राजा तामाङ्गको छोरी, मुगु जिल्ला, मुगुमकार्मारोग गा.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **छेवाङ डोल्मा तामाङ (ना.प्र.प.नं. ५८-०१-७८-०१२६८, मुगु)**
७. छोमेल तामाङको नाति, राजा तामाङ्गको छोरा, मुगु जिल्ला, मुगुमकार्मारोग गा.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **पेमा नुर्बु तामाङ (ना.प्र.प.नं. ५८-०१-७८-०१२७०, मुगु)**
८. छोमेल तामाङको नातिनी, राजा तामाङ्गको छोरी, मुगु जिल्ला, मुगुमकार्मारोग गा.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **याङ्चेन ल्हामु तामाङ (ना.प्र.प.नं. ५८-०१-८०-००२५६, मुगु)**

धितोमा रहेको सम्पतिको विवरण

१. **सोनाम किन्जोम तामाङको** नाममा मालपोत कार्यालय चावाहिल,काठमाण्डौको लगत दर्ता श्रेस्ता कायम रहेको काठमाडौं जिल्ला, का.म.न.पा वडा नं. ६ स्थित कित्ता नं. ५४८, ४९९, ३४९ र ३५० को क्रमश: क्षेत्रफल ०-२-०-०, ०-२-०-२, ०-६-२-२ र ०-०-१-२ (रोपनी) को घर/जग्गा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. **झिमु तामाङको** नाममा मालपोत कार्यालय चावाहिल, काठमाण्डौको लगतमा दर्ता श्रेस्ता कायम रहेको काठमाडौं जिल्ला, का.म.न.पा वडा नं. ६ स्थित कित्ता नं. ४३९ को क्षेत्रफल ०-५-२-० (रोपनी) को घर/जग्गा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम मिति २०८२/०४/०४ गते आइतबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय धुम्बाराही, काठमाण्डौबाट प्राप्त गर्न सकिनेछ ।
२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।
३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।
४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।
५. शिलबन्दी बोलपत्र मिति २०८२/०४/१० गते शनिबार सार्वजनिक बिदा परेकोले मिति २०८२/०४/११ गते आइतबार कार्यालय समय भित्र यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभागमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।
६. शिलबन्दी बोलपत्र मिति २०८२/०४/१२ गते सोमबार दिउँसो ४:०० बजे यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभागमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च र लाग्ने भए लाभकर समेत सकार गारिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।
८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
९. धितो सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।
१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय धुम्बाराही, काठमाण्डौमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

■ साफ यू-२० महिला च्याम्पियनसिप

मीना र पूर्णिमाको दोस्रो ह्याट्रिक

रमेश सुवेदी/नयाँ पत्रिका

स्ट्राइकरद्वय मीना देउवा र पूर्णिमा राईले साफ यू-२० महिला च्याम्पियनसिपमा दोस्रो ह्याट्रिक पूरा गरेका छन् । शनिबार बंगलादेशको ढाकामा भएको आफ्नो पाँचौं खेलमा नेपालले भुटानलाई ८-० ले हराउँदा दुवै खेलाडीले ह्याट्रिक गरेका हुन् । पूर्णिमाले पाँच खेलमा १० गोल गरेकी छिन् । भुटानविरुद्ध पहिलो खेलमा विश्राम पाएकी मीनाले त्यसपछिका चार खेलमा सात गोल गरिसकिन् । नेपालले गरेको ३० मध्ये १७ गोल यिनै खेलाडीको नाममा रहेको छ । समीक्षा मगर र कुसुम खतिवडाको नाममा समान तीन गोल रह्यो ।

यसअघि भुटानविरुद्ध ह्याट्रिक गरेकी पुर्णिमाले दोस्रो भेटमा पनि ह्याट्रिक पूरा गरेकी हुन् । पहिलो खेलमा पूर्णिमाले खेलको १८, ६३, ८४ र ८८औं मिनेट गरी चार गोल गरेकी थिइन् । भुटानसँग दोस्रो भेटमा पूर्णिमाले खेलको २४, पहिलो हाफको इन्जुरी समयमा दुई गोल गरेकी हुन् । त्यसबाहेक उनले श्रीलंकाविरुद्ध पहिलो भेटमा दुई तथा दोस्रो भेटमा एक गोल गरेकी हुन् ।

मीना देउवा र पूर्णिमा राईले दोस्रो ह्याट्रिक गरेपछि नेपालले शनिबार भुटानमाथि ८-० को जित निकाल्यो, दुई खेलाडीको नाममा १७ गोल



यता, मीनाले पहिलो खेलमा भुटानविरुद्ध विश्राम पाएकी थिइन् । दोस्रो भेटमा भने खेल सुरु भएको ४४ सेकेन्डमै गोल गर्न सफल भइन् । १२औं मिनेटमा दोस्रो गोल गरेकी मीनाले ६५औं मिनेटमा ह्याट्रिक पूरा गरेकी हुन् । नेपाल पुलिसबाट घरेलु प्रतियोगिता खेलिरहेकी धनगढीकी मीनाले श्रीलंकाविरुद्धको खेलको आठौं, ४२ र ७०औं मिनेटमा गरी ह्याट्रिक पूरा गरेकी थिइन् । मीनाले दोस्रो ह्याट्रिकपछि निकै खुसी रहेको बताइन् । उनले अन्तिम खेलमा बंगलादेशलाई हराउने वाचा गरेकी छिन् । 'भुटानसँग पहिलो खेल खेल्दा गोल निस्कियो । पहिलो खेलमा भुटानविरुद्ध खेलेकी थिइन्,' मीनाले भनिन्, 'जस्तोसुकै टिम होस् आगामी दिनमा हामी जित्नकै लागि खेल्छौं । बंगलादेशविरुद्ध खेल्न उत्साहित छौं । सबैले मिहिनेत गरेर नै हामीले जित्ने हो ।'

अब, नेपालले बंगलादेशसँग निर्णायक खेल मंगलबार खेल्नेछ । यो खेल जिते नेपाल प्रतियोगिताको च्याम्पियन बन्नेछ । बराबरीले पनि बंगलादेश च्याम्पियन बन्नेछ ।

पाँच खेलमा नेपालको ३० गोल

प्रतियोगितामा भारत र पाकिस्तान तथा माल्दिभ्स सहभागी नहुँदा नेपालसँगै भुटान, बंगलादेश र श्रीलंका सहभागी छन् । डबल राउन्ड रोबिन आधारमा आयोजना भइरहेको लिगमा नेपालले अब बंगलादेशसँग मात्रै खेल्न बाँकी छ । पाँच खेल खेल्दा नेपाल बंगलादेशसँगै पहिलो भेटमा ३-२ ले पराजित भएको थियो । नेपालले चार खेल जित्दा ३० गोल गरिसकेको छ । नेपालले मात्र चार गोल व्यहोरेको हो । नेपालको पक्षमा अझै २६ गोल रहेको छ ।

अंक तालिका

राष्ट्र	खेल	जित	ड्र	हार	गोल	अंक
बंगलादेश	५	५	०	०	२४	१५
नेपाल	५	४	०	१	३०	१२
भुटान	५	१	०	४	७	३
श्रीलंका	५	०	०	५	१	०

बंगलादेशविरुद्ध जित्न नै खेल्छौं

● **मीना देउवा**, खेलाडी, नेपाल

भुटानसँग पहिलो खेल खेल्दा गोल निस्कियो । पहिलो खेलमा भुटानविरुद्ध खेलेको थिए । निकै खुसी लागेको छ । प्रतिस्पर्धामा सबै टोली उस्तै हुन् । त्यसैले भुटानविरुद्ध पनि गाह्रो भयो । जस्तोसुकै टिम होस् आगामी दिनमा हामी जित्नकै लागि खेल्छौं । बंगलादेशविरुद्ध खेल्न उत्साहित छौं । सबैले मिहिनेत गरेर नै हामी हासिल गर्न सक्छौं ।

भुटानविरुद्ध सहज जित

स्ट्राइकरद्वय पूर्णिमा र मीना देउवा चम्किएपछि नेपालले भुटानविरुद्ध पाँचौं खेलमा ८-० को जित निकाल्यो । ढाकास्थित 'वसुन्धरा स्पोर्टस् ग्राउन्ड'मा दुई खेलाडीले ह्याट्रिक गर्दा समीक्षा मगर र कुसुम खतिवडाले समान एक गोल गरेका थिए । फराकिलो जितको लक्ष्यसहित मैदान उत्रिएको नेपालले उपाधि समीकरणबाट बाहिरिसकेको भुटानविरुद्ध ४४ सेकेन्डमै गोल गऱ्यो । डिफेन्डर सरिता नाथले पासलाई भुटानी डिफेन्डरले रोक्न सक्दैनन् । सोही बललाई मीनाले जाली चुमाएकी हुन् । यो नै प्रतियोगिताको सबैभन्दा कम समयमा गोल हुने कीर्तिमान बनेको छ ।

समीक्षाले नवौं मिनेटमा अग्रतालाई दोब्बर बनाइएकी हुन् । १२ औं मिनेटमा मीनाले ३-० को अग्रता बनाएकी थिइन् । त्यसपछि २३औं मिनेटमा पूर्णिमाले व्यक्तिगत पहिलो गोल गरिन् । पहिलो हाफको इन्जुरी समयमा लगातार दुई गोल गरेपछि पूर्णिमाले ह्याट्रिक पूरा गरेकी हुन् । ६३औं मिनेटमा कुसुमले नेपाललाई ७-० को अग्रता दिलाएकी थिइन् । मीनाले दुई मिनेटपछि नै गोल गर्दै ह्याट्रिक पूरा गरेकी हुन् ।

तेस्रो खेलमा हेल्प नेपाल पराजित

लगातार दुई खेल जितेको हेल्प नेपालको तेस्रो खेलमा किर्गिस्तानको बिस्केकसँग ३-२ सेटको हार



नयाँ पत्रिका

नेपालको प्रतिनिधित्व गरेको हेल्प नेपालले सेन्ट्रल एसियन भलिबल एसोसिएसन (काभा) च्याम्पियन्स लिग २०२५ को तेस्रो खेलमा हार व्यहोरेको छ । शनिबार नेपाली लिग च्याम्पियन हेल्प नेपाल कीर्गिस्तानको क्लब बिस्केक कीर्गिस्तानसँग ३-२ ले पराजित भयो । लगातार दुई खेल जितेको हेल्प नेपाल तेस्रो खेलमा पराजित भएको हो । यद्यपि, पाँचौं सेटमा पराजित हुँदा हेल्प नेपालले एक अंक भने प्राप्त गरेको छ । यो हारपछि तीन खेलबाट टोलीले पाँच अंक जोडेको छ । तालिकाको शीर्ष दुईमा हुनेले उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन् ।

आफ्नो दोस्रो खेलमा शुक्रबार हेल्प नेपालले माल्दिभ्सको क्लब एर्चाडसीलाई ३-१ को सेटमा हराएको हो । यस्तै, प्रतियोगिताको पहिलो खेलमा हेल्प नेपालले माल्दिभ्सकै धिवेसी सिफाइंगेलाई ३-२ कै सेटमा हराएर दुई अंक जोडेको थियो ।

हेल्प नेपाल गत संस्करणको उपविजेता टोली हो । काठमाडौंमा भएको फाइनलमा हेल्प नेपालले भारतीय प्राइम भलिबल लिग क्याम्पियन क्यालिकट हिरोजसँग पराजय व्यहोरेको थियो ।

उत्सव खड्काको प्रशिक्षणमा रहेको हेल्प नेपालले पाकिस्तानबाट उस्मान फर्याद अली, मुराव जेहान र मोहम्मद कासिफ नभिदलाई भित्र्याएको छ । त्यस्तै, नेपाल पुलिस क्लबबाट सफल विश्वकर्मा, रविन नगरकोटी, रविन्द चन्द र एपिएफबाट लिबेरो विनोद चन्दलाई अनुबन्ध गरेको हो । यता, सन्तोष राई, चिरञ्जीवी खड्का, सुवास कुँवर, मनीष मानन्धर, यमबहादुर भण्डारी र विष्णुबहादुर क्षेत्री हेल्प नेपालको प्रतिनिधित्व गरिरहेका छन् ।

सेन्ट्रल एसियन भलिबल एसोसियन (काभा)को आयोजनामा भइरहेको प्रतियोगिता सिंगल राउन्ड रोबिनका आधारमा हुनेछ । च्याम्पियन्स लिगको विजेताले सन् २०२६ को एसियन क्लब च्याम्पियनसिप खेल्न पाउनेछ । जुलाई १७ देखि २३ सम्म चल्ने प्रतियोगितामा सेन्ट्रल एसियाका पाँच राष्ट्रको सहभागिता रहनेछ । प्रतियोगिता सिंगल राउन्ड रोबिन पद्धतिमा हुनेछ । त्यसपछि शीर्ष स्थानमा रहने दुई टोलीले उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन् । त्यस्तै, तेस्रो र चौथो स्थानमा रहने टोलीले तेस्रो स्थानका लागि खेल्नेछन् ।

रोमाञ्चक बन्यो खेल

पहिलो खेलमा जस्तै तेस्रो खेलमा पनि हेल्प नेपालले निकै संघर्ष गर्नुपरेको थियो । यद्यपि, किर्गिस्तानको टोलीविरुद्धको खेल निकै रोमाञ्चक बन्यो । शनिबार पनि हेल्प नेपाल दुईपटक खेलमा पछि पर्दै खेल निर्णायक सेटमा पुग्याउन पुग्यो । पहिलो सेटको बिस्केकले २५-२० ले जित्यो । दोस्रो सेटमा उत्कृष्ट कमब्याक गर्दै नेपाल २८-२६ ले जित निकाल्न सफल भयो । तर, तेस्रो सेटमा पुनः २५-२० ले पराजित हुँदा सेटमा २-१ ले पछि पऱ्यो । तर, चौथो सेटमा सानदार २५-१७ को पुनरागमन गर्न सफल भएको हो । तर, निर्णायक सेटमा भने टोली डिफेन्स र रिसिभ र ब्लकमा कमजोर देखियो । १५-११ ले खेल गुमाउन मात्रै पुगेन, महत्त्वपूर्ण दुई अंक पनि गुमाएको छ ।

खेल संक्षेप

काष्ठमण्डप र लुम्बिनी डेनमार्क जाँदै

काठमाडौं/ युवा फुटबल प्रतियोगिता डाना कपमा सहभागिता जनाउने काष्ठमण्डप विद्यालय र लुम्बिनी फुटबल एकेडेमीको टोली शनिबार डेनमार्क प्रस्थान गरेको छ । काष्ठमण्डले यू-१४ तथा लुम्बिनीले यू-१६ समूहमा प्रतिस्पर्धा गर्नेछन् । टोली २० खेलाडी र तीन अफिसियल गरी २३ सदस्यीय छ । काष्ठमण्डपको प्रशिक्षकमा सन्तोष न्यौपाने छन् । यसैगरी लुम्बिनीको प्रशिक्षण जिम्मेवारी विजय महर्जनले सम्हाल्नेछन् । युरोपियन फुटबल महासंघको मान्यता प्राप्त डाना कपमा यसमा ७० भन्दा बढी देशका हजारभन्दा बढी युवा टोलीले सहभागिता जनाउने बताइएको छ । डाना कप सन् १९८२ देखि सुरु भएको हो ।

याक्सलाई हिल्टनको साथ

काठमाडौं/ कर्णाली याक्स स्पोर्टस् प्रालि र हिल्टन होटेल काठमाडौंबिच सहकार्य भएको छ । यो सम्झौतासँगै आगामी नेपाल प्रिमियर लिग (एनपिएल)को दोस्रो संस्करणमा कर्णालीको हस्पिटालिटी पार्टनर हिल्टन काठमाडौं भएको छ । प्रतियोगिताका दौरान कर्णाली याक्सका खेलाडी तथा अफिसियल नक्सालस्थित हिल्टन होटेलमै बस्नेछन् । सम्झौतापत्रका कर्णाली याक्स स्पोर्टस् प्रालिका प्रतिनिधि र हिल्टन होटेलका प्रतिनिधिबिच हस्ताक्षर गरे । ०८१ मंसिर १५ गतेदेखि पुस ६ गतेसम्म भएको प्रतियोगितामा कर्णाली याक्सले दोस्रो क्वालिफायरसम्मको यात्रा तय गरेको थियो । दोस्रो संस्करणमा पनि कर्णालीले उत्साहजनक सहभागिताका लागि प्रशिक्षकमा ज्ञानेन्द्र मल्ललाई नियुक्त गरेको छ । यस्तै, कर्णाली याक्सले प्रतियोगिताको दोस्रो संस्करणका निम्ति मार्कीसहित सात खेलाडीलाई रिटेन गरिसकेको छ । कर्णाली याक्सले मार्की सोमपाल कामीसँगै गुल्सन झा, नन्दन यादव, विपिनप्रसाद शर्मा, दीपेन्द्र रावत, अर्जुन घर्ती र युनिससिंह ठकुरीले रिटेन गरेको थियो ।

जिम्न्यास्टिकमा प्रधानलाई निरन्तरता

काठमाडौं/ नेपाल जिम्न्यास्टिक संघको केन्द्रीय साधारणसभाले ध्रुवबहादुर प्रधानलाई अध्यक्षमा निरन्तरता दिएको छ । शनिबार धोबीघाटस्थित सिद्धार्थ कटेजमा २२ सदस्यीय केन्द्रीय कार्यसमिति निर्विरोध चयन भयो । उपाध्यक्षमा बाबुराम थापा, दीपकृष्ण प्रजापति, सुशीलप्रकाश प्रधान, वचन देउजा, प्रमिला सिंह श्रेष्ठ र राजकुमार कार्की रहेका छन् । मुकुन्दराज शर्माले महासचिव, रामप्रसाद बस्याल र डा. कुस्मिला आचार्यले सचिव, सुनीलमान सिंहले कोषाध्यक्ष र संगीता खड्काले सहकोषाध्यक्षको जिम्मेवारी पाए । सूर्यबहादुर अधिकारी, श्रीप्रसाद कोजू, विष्णुनारायण ग्वाछा, नीरज थापा, शिवप्रसाद गौतम, राजु केसी, राजु कायस्थ, परमेश्वर जोशी, राजेशमान श्रेष्ठ र विवेकानन्द चौधरी सदस्यमा चयन भए । नवनिर्वाचित पदाधिकारीलाई राष्ट्रिय खेलकुद परिषद् कार्यकारी समितिका सदस्य कमलबहादुर भट्टराईले एक कार्यक्रमबिच प्रमाणपत्र प्रदान गरे । त्यसअघि साधारणसभाको युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले उद्घाटन गरेका थिए ।

डाना कपको निर्णायकमा लक्ष्मी

काठमाडौं/ डेनमार्कमा आयोजना हुने डाना कप २०२५ मा नेपाली रेफ्री लक्ष्मी श्रेष्ठ निर्णायक भूमिकामा रहने भएकी छिन् । प्रतियोगिताका लागि एन्फा राष्ट्रिय रेफ्री रहेकी लक्ष्मी शनिबार नै त्यसतर्फ प्रस्थान गरेकी हुन् । उनी लगातार चौथोपटक डाना कप खेलाउँदै छिन् । अन्य वर्षजस्तै यसपटक पनि नेपालबाट ठुलो सहभागिता रहने पक्का भएको छ । औरियम एकेडेमीको नेतृत्वमा नेपालका तीन टोलीले सहभागिता जनाउने पक्का भइसकेको छ । डाना कपमा यसपटक रातो बंगला स्कुलका यू-१२ पुरुष र यू-१४ महिला तथा संस्कृति इन्टरनेसनल स्कुलको यू-१४ पुरुष टिम सहभागी हुनेछन् । अन्तर्राष्ट्रिय युवा फुटबल प्रतियोगितामा ९० प्रतिशतभन्दा बढी टोली विदेशी रहने आयोजकले जनाएको छ । डाना कपमा ४५ राष्ट्रका ११ सय टोली सहभागी हुने दाबी गरिएको छ ।

हर्जाना तिराएपछि त्रिविको काम रफ्तारमा







तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

नयाँ पत्रिका

नेपाल प्रिमियर लिग एनपिएलको नयाँ संस्करण नजिकिँदै गर्दा कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय (त्रिवि) क्रिकेट ग्राउन्डको नवीकरण कार्य तीव्र गतिमा अघि बढेको छ । नेपाल सरकारले दिएको ९० दिन र त्यसपछि थपिएको दुई महिनाको ठेक्काको म्याद सकिएपछि दैनिक दुई लाख हर्जाना तिराएर अहिले काम भइरहेको छ । हर्जाना तिर्न परेपछि ठेकेदारहरूले जनशक्ति थपेर कामलाई तीव्रता दिएका छन् । हाल १०,००० सिट क्षमताको प्यारापिटको ७७ प्रतिशत र फ्लडलाइट जडानको ४५ प्रतिशत काम सम्पन्न भएको छ । जसमा चार हजारवटा सिट जडान भएका छन् । हालसम्म तीन फ्लडलाइट पोल रंगशालामा आइपुगेका छन् ।

२०० दिनभित्र काम नसकिए ठेक्का रद्द हुने जोखिम छ । प्रधानमन्त्री केपी ओलीको अगस्ट १५ सम्मको निर्देशनले निर्माणले गति लिएको छ । यसअघि पूर्वप्रधानमन्त्री तथा प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड)ले रंगशालाको निर्माण समयमै नबनेपछि प्रश्न उठाएका थिए । सरकारले त्रिवि मैदानको फ्लडलाइट जडानका लागि ललितपुरको विसन-ईश्वरी जोइन्ट भेन्चरले ४२ करोड १९ लाख ९१ हजार ६५३ रुपैयाँमा ठेक्का पाएको छ । प्यारापिटका लागि बिकेओआई-केसिडिसी-बिजी जेभी, टंगालले ४३ करोड ७७ लाख ३० हजार १३ रुपैयाँको बोलपत्र लगाएको थियो ।

आठ खेलाडी बाहिरिए



काठमाडौं/ एएफसी यू-२३ एसियन कप छनोटको तयारीमा रहेको नेपाली टोलीको बन्द प्रशिक्षणबाट आठजना खेलाडी बाहिरिएका छन् । मुख्य प्रशिक्षक नवीन न्यौपानेले आठजना खेलाडीलाई बाहिर राख्दै दोस्रो चरणको बन्द प्रशिक्षणमा ३२ खेलाडी समावेश गरेका छन् । पहिलो चरणमा ४० खेलाडी थिए । यू-२३ एएफसी एसियन कप छनोटमा समूह 'के' अन्तर्गतको खेल सेप्टेम्बर ३ देखि ९ सम्म ताजकिस्तानमा हुनेछ । यो समूहमा यी दुईसहित सिरिया र फिलिपिन्स पनि छन् ।

प्रशिक्षणमा रहेका खेलाडीमा अभिषेक स्याङ्तान, आयुष घलान, अमित तामाङ, अनिल बम्जन, आयुष तिम्सिना, अनिष क्षेत्री, एलन थापा, विवेक गुरुङ, अभिषेक वाइबा, विशाल केसी, दीपेश गुरुङ, विशाल नेपाली, दीपेश राई, जन्मेजय धामी, जियारथ सेख, क्रिशल मोक्तान, कृतिशरत्न छुन्जू, लाहन सुब्बा, निङ्मा लामा, निराज कार्की, नीराजन धामी, पेम्बा लामा, पूजन थापा, राम थापा, रोहन खड्गी, सविन घिमिरे, सजञ्जेव लामा, शंकर थारू, सन्तोष खत्री, सीमान्त थापा, सुजन मगर र सुमित श्रेष्ठ छन् ।

उद्योग, व्यवसाय गरौं र आत्मानिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


ड्रग्स एडिक्सन र शरीरका बिषालु केमिकलहरूबाट मुक्त हुन सम्पर्क गर्नुहोस् ।

नार्कोनन् नेपाल
दक्षिण एसियाको एक मात्र अमेरीकी शाखा

बसन्त राज कुँवर
रिह्याब स्पेसलिष्ट

पुजा कुँवर
प्युरीफीकेसन स्पेसलिष्ट





यदी तपाईको शरीरमा ड्रग्स, एन्टीबायोटिक्स, रेडिएसन, केमो लगाएत तरकारी र प्रदूषणबाट आएका बिषालु केमिकलहरू छन् भने "New Life Detoxification" कार्यक्रम अन्तर्गतको "Purification" गर्नुहोस् ।

विस्तृत जानकारीको लागि, सम्पर्क गर्नुहोस्

९८५१० ३७५२९, ९८५१० ४८४३२, ०१ ४६५००५४, ०१ ३७७१२४

बुढानिलकण्ठ, काठमाडौं, नेपाल, narcononnepal@gmail.com

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com